CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. २५०६ ।।।✓

दर्ता नं. १६३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ने. २५०६

पहाडमाल विषय

द.नं. १६३२

प्रकाशक—

ने. भा. प्र. समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ने. २५०६
द. नं. १६३२

पहाड माल

लेखक— ना.सु हिरालाल

श्री क० ज० पुष्कर शमशेर ज० ब० रा को
अध्यक्षतामा

प्रकाशक—

नेपाली भाषा प्रकाशिनी समिति,
नेपाल ।

पहिला संस्करण] २००८ [मूल्य ४/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाकिम मास्टर सागरमणिको

प्रबन्धबाट-

पहिलो पटक १०००

346
H12

मुद्रक-

मु. ऋद्धिबहादुर मल्ल,
जोरगणेश छापाखाना,
नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

मैले कुनै मालअड्डामा बसी काम न गरेको भए पनि नेपाली भाषा प्रकाशिनी समितिबाट यो पुस्तक खिलेबसमा मीलाई लेख्न स्विकृती दिनु भयो र लेखेको हुँ। यस्मा नेपाल पाहाड मालहरूमा काम गर्दा थाहा पाउनु पर्ने कुरा गरी ३ भाग लेखेको छु। यसबाट नेपाल पाहाड मालको उच्च कक्षाको शिक्षा प्राप्त गर्नेहरूले शिक्षा हासिल गर्न सक्नु हुनेछ। यसबाट शिक्षा प्राप्त गर्नेलाई मात्र उपयोगिता न भै नेपाल पाहाडका रैकर जग्गा कमाउने रैति जीम्मावाल तालुकदार मुखिया र पल्लोकिरात माझकिरातका राई सुब्बाहरूलाई समेत माल अड्डामा काम लीनु पर्नेमा धेरै कुराको बोध हुन गै कामलिन सजीलो हुन जाने छ।

यो पुस्तक लेख्नदिनु भएकोमा ने. भा. प्र. स लाई र जांच गरिदिनु भएकोमा ना. सुब्बा लिलानीधीलाई धन्यबाद नदिई सकिन। यस्मा लेख्दा कुनै भूल र फरक पर्न गएको भए क्षमा राखि सुधारलाई सूचनादिनु भए अर्को संस्करणमा सुधार्न सहायता हुने छ।

लेखक

हरिलाल

ना. सुब्बा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूचि

थाहा पाउनु पर्ने कुरा

माल ... १
तालुक दार ... ३
मोठ् ... ४
थाहाजाँचको मोठ् ... ५
जगेरा मोठ् ... ८
लस्करी ... ९
गामिपको मोठ् ... ९
१० वर्षे घरदुरको मोठ् ... १३
रकम जाँचको मोठ् ... १४
खालीआनाको मोठ् ... १७
खानि बाँचको मोठ् ... १७
खाप्रकरको मोठ् ... १८
बीज जाँचको मोठ् ... १८
खाँगी ढड्डा ... १९
जग्गा ... २१
तीरो ... २५
इलाका ... २८
निकासा लीने अड्डा ... ३१
जग्गाको नाप रुपैयाँ पैसाको चलन
जग्गाको नाप ... ३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घरको नाप ३५
रुपैया पैसाको चलन ३६

आड्डावाट गर्नु पर्ने कुरा

तिरो नबुझायमा गर्ने ३८
बाली बेमाफ गर्ने ४८
तालुकदार भर्नागर्ने ५५
खेती गराउने ५९
मालवाट खर्च गर्न हुने र मीहा लेखे हुने ६१
रैति तालुकदारको झगडामा गर्ने ६८
अह्रौटे कामगर्ने ७१
मौज्दात दाखिलगर्ने ७६
धर्म भकारि विषयमा गर्ने ८०
रजीस्टेसन् पास गर्ने ८१
बही बुझाउने ८४
हालसाबीक अपक्षा गर्ने
नआ भर्ना हुँदा गर्ने ९८
बाली अपमा गर्ने १०३
घुस बुझारथ गर्ने ११३

रीपोट्गर्ने कुरा

रीपोट्गर्दा विचार पुऱ्याउनु पर्ने कुरा ११६
जग्गाखोलो पैह्रो अपमा गर्ने ११९
बालीसुखापरेमा गर्ने १२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	१३३
पाळो अखीनापरेमा गर्नें	१३६
दोहोरा मीहा गर्ने	१४१
तेरीज वेकायम मीहागर्ने	१४६
जगावेपत्ता भपमागर्ने	१५२
जग्गावाँझो भप्मा र घटीकुत्मा सकार भपमा गर्नें	१५५
तालुकदारले मखोद गरी उपर नभपमा	१५८
मोहीमरी भागी उपर नभपमा	१६०
रसीद् दोहरा	१६३
फाजिल फिर्वा	१६५
खोद भर्ना मीळाउने	१६६
तोडा चलान गर्दा खाजाखर्च दीने	१६९
सुवाँगी राई पगरी दीने	
स्रेस्तागर्ने	
नंवरी खडागर्ने	१८०
मीहानंवरी खडागर्ने	१९८
रैतान दर्ता	२०२
लगतखडागर्ने	२०७
स्याहाखडागर्ने	२११
आवर्ज्ये खडागन	२२४
ढपोट खडागर्ने	२२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाहाडमाल विषय

थाहा पाउनुपर्ने कुरा

माल

रैकर जग्गाको पोत लिने अड्डालाई पहिले वक्यौता तहसील भनिन्थ्यो। ५९ सालमा जगेरा मोठ खडा भएपछि सो वक्यौता तहसील भन्ने नाम खारेज भई माल भन्ने नाम रह्यो ।

ती नेपाल पहाडका माल अड्डा २ थीतिमा बँडिएका छन्। त्यस्मा एउटालाई ठेक्का थीति र अर्कोलाई अमानती माल भन्दछन्। त्यस्ता रैकर माल नेपालमा ४, पुर्वतर्फ ८, पश्चिम तर्फ १४ र राजाले हाकिम भर्नागर्न नपाउने सरकारतर्फबाट भर्ना भैजाने राज्य माल २ स्मेत जम्मा २८ छन् ।

ठेक्का थीति मालको तालुकदार रैतीले सुखा, असिना, खोलोपैह्रो, र बाँझो भएका जग्गाको सरकारमा बुझाउनु पर्ने तिरो बीचबीच सालमा मिह्रा पाउँदैन । खेत पाखा सर्पट् माहा जाँचमा मात्र त्यस्ता खोलो पैह्रो बाँझो भएका जग्गाको लगतै-कट्टा हुन्छ। माहाजाँच नभएसम्म नयाँ अवाद गर्ने जग्गा पनि दर्तागर्न कर लाग्दैन । दर्ता नगराए दबोट्मा उजुर पनि लाग्दैन । दर्ता गर्छु भने दर्ता हुन सक्तछ । ती माल पश्चिमतर्फको दैलेख, जुमला, डोटी, बैतडी, डडेलधुरा, पूर्वतर्फको पल्लोकिरात, ६ थुम, पल्लोकिरात, १३ थुम, इलाम र बझाङ् राज्य पश्चिमको माल हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अमानती मालको तालुकदार रैतीले सुखा, असिना, खोलो पैह्रो भएका. खेतको बुझाउनुपर्ने तिरो सो परेका सालसालमा दर्खास्त गरे जाँची मिह्रा पाउँछ। नयाँ अवाद गर्ने जग्गा दर्ता गर्नैपर्छ। नगरे दबोट्को उजुर लागी ऐनबमोजिम सजाय पनि हुन्छ। पाखा जग्गामा भने १० वर्षमा हुने घरदरमा मात्र त्यस्तो खोलोपैह्रो लागेको मिन्हा पाउँछन्। बीचमा मिन्हा पाउँदैन। ती माल सदर नेपालको काठमाडौं, भक्तपुर, ललीतपुर, कीर्तिपुर, पश्चिमतर्फको नुवाकोट्, धादिङ्, गोर्खा, बन्दीपुर, स्याङ्जा, गुल्मी, पाल्पा, प्यूठान, सल्ल्यान, पूर्वतर्फको काभ्रेपलाञ्चोक, सिन्धु, दोलखा, वखलदुंगा, माझकिरात, र जाजरकोट् राज्य पश्चिमको माल हो।

बझाङ् राज्यमाल र जाजरकोट् राज्यामलबाहेक अरू सल्ल्यान (फालावाङ्ग) राज्य, थलारा राज्य, गलकोट् राज्य, गुल्मी राज्य, मुस्ताङ राज्य, डुल्लु राज्य समेतले आफ्नैतर्फबाट तहसील गर्ने अड्डा राखेका छन्। ती सबै राज्यभित्र रैकर जग्गा पनि परेको छ। सो रैकर जग्गाको तिरो राज्य माल तहसीलहरूले नै तालुकदारबाट तहसीलगरी नजीक माल अड्डामा जेष्ट महीनाभित्र दाखिल गर्नुपर्छ। म्यादमा नबुझाउने तालुकदारलाई माललाई भएका सवालबमोजिम् राज्यबाट नै कारवाई गरी पजनीगर्नसमेत पाउँछ। सरकारबाट हाकिम भर्ना भैजाने मालबाहेक अरू राज्यले बाँकीमा कारवाइगर्दा उपर नभएको फाँट र उपर भएको रुपैयाँ म्यादभित्र मालमा दाखिल नगरे सैकडा १० का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दरले सुदखत लगाई अषाढसम्ममा राज्यबाट असूलगरी लिनु पर्छ। सो म्यादमा पनि नबुझाए १५ दिनको एकपटक म्याद पाउँछ। सो म्यादमा पनि दाखिल नगरे राज्य तोडन जाहेर गर्नु पर्छ।

तालुकदार

(मौजाभरको तहसीलगर्ने र परिआएको कामगर्ने)

मालपोत रैतीबाट असूलगरी माल दाखिल गर्नेलाई गोस्वारा बोलीमा तालुकदार भन्दछन्। खेततर्फको मात्र तहसीलगर्नेलाई जिम्मावाल, पाखातर्फको तहसीलगर्नेलाई मुखिया, किराती (लिम्बु जाति) किपटियासंग तहसीलगर्नेलाई किराती सुब्बा र भोटे किपटियासंग तहसीलगर्नेलाई मोशरगौरूङ भन्ने दर्जा पाउँछ। मोठ् नंबरी ढपोट्समेत सबै लेखापढीमा सोहीबमोजिमको दर्जा लेखिन्छ।

कुनै ठेका थीतिमा खेतपाखाको नै तहसीलगर्नेलाई मुखिया पनि भनिन्छ। पउरैले खेत पाखाकै तालुकी गरेकामए खेततर्फको काममा जिम्मावाल पाखातर्फको काममा मुखिया भनी लेखिन्छ।

तालुकदार भर्ना नभएको ठाउँमा मालबाटै रैतान तहसील गर्न पठाउने मानिसलाई तहसील्दार भन्ने दर्जा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाउँ छ। त्यस्ले दर्जाको व्याज पनि लगाउन पाउँ छ। सदरमा रैतान तहसील गर्नलाई तहसीलदार भर्नागर्न पाउँदैन। मोही चिनाइदिने मोही नाइके भन्ने तलबी जागिरदार भर्ना छ।

ती तालुकदारले नै मिह्ना पाउने कुराको मालमा दर्खास्त गर्नुपर्छ। मालपोत रैतीबाट तहसील गरी दाखिल गर्नुपर्छ। नगरे नीजलाई नै पक्राउ हुन्छ। मौजामा उर्दीपुर्जि हुँदा तालुकदारकै नाउँमा हुन्छ। वुझ्नु सोध्नुपर्ने कुरामा पनि त्यही तालुकदारलाई सोधिन्छ। गाउँमा जाँचसरजमीनसमेत हुँदा पनि त्यो तालुकदार बस्नुपर्छ। जग्गा तीरो दवाट् गरी राखेमा पनि त्यही तालुकदारसमेतका नाउँमा नालिस पर्छ। ठहरेमा तालुकी दर्खास्तसम्म पनि हुन्छ। आफ्ना मौजा गाउँमा खून ज्यान मरेको समेत उपद्रव भएमा त्यही तालुकदारले नै जाहेर गर्नु पर्छ नगरे सजाय पाउँछ। जग्गा पजनी गरेमा ठेकी (सलामी) समेत लिन पाउँछ।

ठेका थीति जिल्लामा माहाजाँच नभएसम्म रैती नभई मालपोत तहसील नभई नोक्सान परेको तालुकदार आफैले वुझाउनु-पर्छ। नया अवाद भएमा पनि आफैले लिनपाउँछ। पाखातर्फको अमानती मालमा पनि १० वर्ष नभएसम्म परेको नाफा नोक्सान पाखाकै तालुकदारले बेहोर्नुपर्छ।

तालुकदार नभएकाले तालुकदार हुँ भनेमा नपाएको पगरी पाएँ भन्ने पेनलागी सजाय हुनेहुँदा तालुकदारले जागिरदार सहकै इज्जत पाएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोठ्

माहाजाँचको मोठ्

सर्पट् माहाजाँचमा नेपाल पाहाडको एक जिल्लामा भएका जम्मैजगा घर धुरी नापजाँच दरदर गरी जग्गाको संख्या घरको संख्या झिकी त्यसलाई समसह (किसिम अनुसार एकै मिलान) तिरो लगाई मोठ् खडा हुन्छ।

त्यो माहाजाँच कम्पासबाट सर्भेगरी हुनेलाई सर्भे माहाजाँच जंजीरबाट नापो भएकोलाई सर्पट महाँजँच तालुकदार मोहीले भने बमोजिम लेखिएकोलाई देखा माहाजाँच भन्दछन्।

कंपासबाट नेपाल, भक्तपुर, काठमाडौंमा नापी भएको छ। जंजीरबाट नेपाल पाहाड्का माल इलाका जम्मै ठाउँको खेत नापी र पाखा घरधुरी दरदर भएको छ।

पाखा जग्गा नेपालबाहेक पाहाड् जिल्लामा जंजीरबाट नापी भएको छैन। मोही तालुकदारले देखाए भनेबमोजिमको जग्गा-लाई हल, पाटे, कोदाले, कुटे भन्ने जग्गा अनुसार लेखो त्यसलाई तिरो सेर्मा भन्ने रकम लगाइराख्ने गरेकोछ। धेरै जिल्लामा पाखा जगाको नाम लेखिएको छैन। मोहीको नामसम्म लेखिएको हुन्छ। त्यसैमा घरलाई लाग्ने रकमसाउने फागु सबचन्द्रायण जा-तलाई लाग्ने रकम मेगज़िन् छहाँ, ताल, अरु रकम, झारा, बेठो, थलक इत्यादि लगाएको हुन्छ। आफ्नु घर बारीबाहेक अंत छुटै पाखाजग्गा कमाएको भए त्यसलाई फट्के जग्गा भनी फट्के सेर्मा लगाएको हुन्छ। १९२५ साल पछि माहाजाँच भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँमा भने पाखा जग्गालाई बीजका हिसावबाट तिरो लगाए बीजवाट तिरोलगाउँदा जग्गाको नाम मोहीको नाम लेखी यो जग्गामा यति बीजजाने संख्या देखाई सो बीजको हिसावमा हलेवीज (गोरु जोत्नु हुने जग्गा) १ किसिम कोदालेबीज (गोरु जोत्न नहुने कोदालोले खन्नुपर्ने) १ किसिम गरी त्यसलाई सेर्मो-तिरो लगाएको छ।

हल, पाटे, कोदाले भनेको यति जग्गा यस्तो जग्गालाई भनेको भन्ने केही नियम छैन । भनाइमा १ हलगोरू पाली जग्गा कमाएकोलाई हल , एउटामात्र गोरु पालीराखनेलाई पाटे, खालि कोदालोले खनी कमाएकोलाई कोदाले भन्ने गरेको हो भन्ने पनि छन् । कसैको भनाइमा १ हल गोरुले दिनभर-मा जति जोत्नसक्छ त्यस्तोलाई हल, त्यही संख्याको ३/४ लाई पाटे, १/२ लाई कोदाले भन्ने गरेको हो भन्ने पनि छन् । तिरोमाहललाई रु.१।, पाटेलाई रु ।७५, कोदालेलाई रु.।५०, लागेको धेरै छ । ह-लमा रु १। भन्दा वढी तिरोलागेको पनि छ । त्यो वढीलागेको १ हलको मेलो (१ हलको जग्गा) भन्दा धेरै जग्गा हुनुपर्छ । यही-पाखा जग्गालाई नै देखा जाँच भनिन्छ। नेपालमा भने पाखाजग्गा पनि नापजाँच भै जग्गाको संख्या लेखी त्यसमा औल, दोयमबाट कुनैमा जिन्सी कुनैमा नगद तिरो लागेको छ।

माहाजाँच भएकोमा किरातीको किपट् बाहेक अंतको किपट् विर्ता इत्यादि पनि नापी भै मोठ् खडा भएको छ ।

जग्गाको तिरो घटीवढी दोभरा वेपत्ता समेत सबै कुरालाई यही माहाजाँचकै मोठ्को प्रमाण लाग्छ। यो माहाजाँचको अंक तिरोमा बीचमा घटीबढी हुनसक्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अघि माहाजाँच भैसकेकोमा फेरि माहाजाँच भएमा साविक गोडा (अघिल्लो माहाजाँचको माटोतारो) लेखी त्यसमा खोलापैह्रो बेकायम् भए मिह्रा महलमा लेखी पछिका माहाजाँचको कायमी ठहर लेखेको हुन्छ।

पल्लो किरातका किराती (लिम्बु) जातले खाइराखेको किपट्को जाँच भएको छैन। तिनीहरूले राइ सुब्बा हुन चढाएका किपट् रैकर भए बाहेक अरू खेत जग्गाको तोरो गर्नु पर्दैन। पाखातर्फमा भने सेर्मा रु. ४।५०+'१। का दरले लागेको छ।

पाखातर्फका तालुकदार मुखियाहरूलाई सेर्मा लगाएको छैन। ठकुरी जातलाई सेर्मा, उपाध्या बाहुनलाई झारा रकम पनि लगाएको छैन।

अघि धेरै जग्गा खानगीमा नै भर्ना भैरहेको हुँदा माहाजाँचले एउटै मोठ् गरी खलाको बायाँपट्टि यो यो पल्टनको यो नम्बर पट्टिको यो दर्जालाई यति जग्गा भर्ना भएको भनी बायाँपट्टि लेख्ने गरेका थिए। पछिपछिका जाँचमा भने माल जगेराको छुट्टै र खांगी भर्नाको छुट्टै मोठ खडागर्ने गरेको छ।

ठेक्का थीति जिल्लाहरूमा भने धेरै जसो खेतमा ठेक तिरो नै लागेको छ। अमानती जिल्लाहरूमा भने धानतिरो लागेको धेरै छ। ठेकतिरो लागेको कम छ। धानतिरो र ठेकतिरो लगाउने कारण असल जग्गा भएमा धानतिरो र जग्गा कमसल भएकोमा र हिउँदे बालीको तिरोमा समेत ठेक लगाएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ। पछि माहाजाँच हुँदैआएका जिल्लाका खेतमा पनि अवल,दोयम, सीम, चाहारका दरले नगद तिरो लागेको छ।

माहाजाँचले पउटा तालुकदारले तहसील गर्ने खेत पाखाको तेरीज (तहसील गर्ने लगत) गरिदिएको हुन्छ। पछि पछि भएका माहाजाँचले रैतीलाई पनि यो यति जग्गाको यति तिरो-गर्नु पर्छ भन्ने रैतानपुर्जा पनि दिएको छ।

त्यस्ता माहाजाँचमा खोलो पैह्रो वाझो भनी मिह्रा कटाएको जग्गा जग्गामिचनेका नम्बरका ऐनबमोजिम मालबाट बराबर जाँचबुझगरी अबाद हुन आए दर्ता गर्नु पर्छ।

जगेरा मोठ्

अघि नेपाल पाहाडका जग्गाहरू जागिरदारका खांगीमा भर्ना भैरहेको धेरै थियो । जिल्लैले तहसीलगर्नेलाई जगेरा खला भनिन्थ्यो। खांगीमा भर्ना नभै बाँकीरहेको जग्गाजतिको तिरो तहसील गर्न साल साल जगेराछापे भन्ने लगत जानेग-रेको थियो। त्यसकारणले जिल्लामा तहसीलगर्ने अड्डाको नाम बक्योता तहसील भन्ने रहेको थियो।

'५८ सालसम्म खांगीमा भर्ना नभै जगेरा रहेकोसमेत सबै खलाको मोठ् खडागरी त्यसबाट लगतकसी तहसीलगर्ने भयो। सालसालमा जगेराछापे नपठाउने खांगीबाट खारेज भएमा त्यसको छापेसम्म पठाउने भयो। ताहाँदेखि त्यो तहसील गर्न अड्डाको नाम पनि माल भन्ने राखी '५९ सालमा जगेरा मोठ खडा भएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नंबरी

६० सालदेखि माल अड्डामा छापे आएका खला धुरीको र नयाँ हाल अवादो पर्न आएका खला घर धुरी दर्तागरी पठाउने खेतपाखाको छुट्टाछुट्टै नंबरी खडा भई आउने गरेको थियो।

त्यो नंबरी जुन मौजा जिम्मामा खला दर्ता हुन आएको छ, सो मौजाको सो सालको आउने भएकोबाट सालसालको छुट्टा मौजाको लगत हेर्न धेरै सालको नंबरीको जम्मागरी रहनुपर्ने भएको थियो। ८७ सालमा एक मौजाको ५९ सालको जगेरा मोठदेखि लिई ८७ सालसम्मका नंबरीको जम्मा जम्मा राखी कुल जम्मा गाभी त्यसमा मिह्वा भै लगत कट्टा भएको भए सो कटाइ खुद कायमी राखी नंम्बरी आउने गरेको थियो।

८८ सालदेखि ९८ साल तकको नंबरीमा आफ्ना जिल्ला-भरको जिम्मा मौजामा खला दर्ताहुन आएको भए सो लेखि नभए साविक अघिल्लो सालसम्मको जम्मा लेखी त्यसमा मिह्वा खला भए सो लेखी कटाई बाँकी कायमी अंकलाई दरदामबाट नगद जम्मा देखाई आउने गरेको थियो।

९९ सालदेखि जुन मौजा जिम्मामा नयाँ दर्ता खला छ, सो जिम्मा मौजाको दर्ता नंबरी र जुन जिम्मा मौजामा मिह्वा खला छ, सो खला लेखी मिह्वा नंबरी छुट्टाछुट्टै आउने गरेको छ।

गाभिएको मोठ्

५९ सालमा जगेरा मोठ् खडा भएपछि सालसालमा छुट्टाछुट्टै नंबरी आउने भएकोबाट कुनै खला हेर्नुपर्ने भएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घेरै मोठ नंबरी हेरी पत्तालगाउनु पर्ने भएकोले ५९ सालको मोठ्को र ८२ सालसम्मका नंबरीको खलागरा खोली ८३ सालमा गाभिएको मोठ खडा भयो ।

फेरि ८३ साल देखि पनि सालसालको नंबरी छुट्टाछुट्टै आउनेगरेको र घेरै चल्ती फिर्ती भैसकेकोबाट ९८ सालसम्मको नंवरीको खला गाभी कुनै जिल्लाको ३ महले (पहिला महल नंब-रीका खला, बीच महलमा बेकायम खला, तेस्रा महलमा कायमी खला लेखिएको) मोठ् र कुनै जिल्लाको १ हर्फि (सालसालका नंवरीको खलामात्र लेखिएको) मोठ् खडा भएको छ ।

माहाजाँचले एउटा तालुकदारले तहसील गर्ने खेत पाखाको तेरीज र तहसील गर्ने लगत गरिदिएको हुन्छ । पछि पछि भएका माहाजाँचले रैतीलाई पनि यो यति जग्गाको यति तिरो गर्नु पर्छ भन्ने रैतान पुर्जा पनि दिएको छ । खोलो पैन्हो बाँझो कति यस्ता माहाजाँचमा मिह्वागराएको जग्गा जग्गा मिच्नेका नम्बरका ऐन बमोजिम मालबाट बराबर जाँचबुझगरी अवादहुनआए हाल अवादीसह नापी गरी दर्ता गर्नु पर्छ ।

५९ सालमा जगेरामोठ् खडा भएपछि साल सालमा छुट्टा-छुट्टै ३ महले नम्बरी खडा भई आउने भएकोले कुनै खला हेर्नु पर्ने भएमा घेरै मोठ् नम्बरी हेरी पत्ता लगाउनु पर्ने भएकोले ५९सालको र ८२ सालसम्मका नम्बरीका खलागह्रा जम्मै गाभी लगत १ महल बीचमा बेकायम मिह्वा १ महल कायमी १ महल-समेतगरी ९८ सालमा ३ महले मोठ् खडाभई ढपोट स्रेस्तामा समेत सोही मोठबमोजिम लगत कसिएको असुल तहसील भएको मिडाउने गरिआएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१ साले लगतलाई नम्बरी भन्दछन्। साल सालको गाभी
खडा भपकोलाई मोठ् भन्दछन्। ६४ साल अघिको
नम्बरी ९८ सालमा गाभिएको मोठमेतको ढाँचा॰

जिल्लै धादिङ्

मौजेखिंचेत्

साबिक ९९ साल सम्मको लगत		त्यसमध्ये बेकायम		बांकी कायमी	
असामी	खेत धान ठेक कं.रु.	असामी	खेत धान ठेक कं रु.	असामी	खेत धान ठेक कंरु
८२ सालसम्म गाभिएको मोठ् बमोजिम जि. माहाबीर बोगटी जिम्मा ५९ सालको मोठ् छापे बमोजिं दलबीरले चिन्हाएको कौरा खोला पिपले खोल्सी २ ठाउँ गरी मोही जवरे हाल मोही आखरे सार्की		।१- ।१९	बेकायम दलबीर आलेले बि॰	हाल जिम्मावाल नर बहादुर थापा जिम्मा	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधिकले बुझाएको जग्गा बाँ-
की माहाल अवादी भनी लेखि-
एको –

करामु वादी इच्छाराम उपाध्याय
को विन्हाटा हाल मोही नीज १५-/१६ १६९/१८८ पे.

करामु वादी इच्छाराम
उपाध्यायको विन्होटो

ल्हाएको कौरा खोला
पिपले खोल्सा २ ठाउँ
गरी मोही जवरे हाल
मोही आखरे साकीं
हालमोही बलेसाकीं ।१-।१९-।५

हालमोही नीज इच्छा·
राम १५—१६९—१५/१६ १८८ ११०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१० वर्षे घरदूरको मोठ्

पाखातर्फ ६४ साललस्म माल जगेरा भएका मौजा जतिको घरदर गरी हाल कायमी मोही लेखी त्यसलाई लाग्ने सेर्मा इत्यादि रकम लेखी मोठ् खडा भयो । त्यसपछि घरदरजाँच १०।१० वर्षमा गर्ने नियम बाँधियो । सो १० वर्षे घरदर नहुञ्ज्याल बीचमा रैती मरी भागी घरधुरी जग्गा उकास हुन आयो भने त्यस्ता जग्गा सुकुँवासी (पाखाजग्गा नभएका मानिस) लाई पजनी गरिदिनु पर्छ । सुकुँवासी नभए तालुकदार आफैले खापी खाई सुकुँवासी आयस्ता दिनुपर्छ । त्यस्ता जग्गाको तिरो मिह्रा पाउँदैन । सो बमोजिम जग्गा दिनेखाने जग्गा पजनीको नं को ऐन भएको छ ।

१० बर्षे हुँदा जग्गावढाई खाइआएको देखिएमा जग्गालाई लाग्ने सेर्मा रकम पनि लागेको छ । जग्गा नबढी साविक जग्गानै बण्डा गरी खाई घरधुरी बढ्न आएमा भने घरधुरीमा लाग्ने रकम र जातमा लाग्ने रकमसम्म लगाई दर्ता गरेको छ ।

१० वर्षे हुँदा अघि एउटा जातको मानिस रहेकोमा पछि त्यसको धुरीमा अर्को जातको मानिस बस्नआई जातलाई लाग्ने-रकम मिह्रागर्नुपर्नेभए बीच मिह्रा महलमा र नयाँ रकम लाग्ने-मानिस बस्न आई रकम लगाउनु पर्ने भए कायमी महलमा लेखिएको छ । अरू रकममा पनि घटीबढी गर्नुपर्नेमा मिह्रागर्नुपर्ने जति बीच मिन्हा महलमा र बढाउनु पर्ने रकम कायमी महलमा राख्नेगरेको छ ।

सो १० बर्षे ठेक्का थीति जिल्लामा भएको छैन । अमानती मालमा ६४ सालपछि ७४।८४।९४ सालमा भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रकम जाँचको मोठ्

नेपालका जग्गा धेरैजसो पउटा न पउटा रकममा दर्ता भएको छ। सो जग्गा खानेले सो रकम गर्नु पर्छ। त्यस्तो रकममा दर्ता भएको जग्गा अघिका माहाजाँचको मोठ्वाट छुट्टिने भए पनि फेरि ५० सालमा रकम जाँचभै मोठ् खडा भएको छ।

सो रकम जाँचहुँदा कुन कुन जग्गा खाई के के रकम गर्नु पर्ने हो भनी रकमीका मुचुल्कालिई सोबमोजिम रकम जाँचको किताव तयार भएको छ।

सो रकममा दरिएका जग्गा खाने रकमी हुन्छ। त्यसले जुन रकम जाहा गइ काम गर्नु पर्नेहो गई काम गर्नु पर्छ। कामगर्नु नपर्ने रकमीले रकम बावतको ठेकिएको रुपैयाँ तिर्नु पर्छ सो काम गर्नु पर्नेले कामगर्न नगए रकमी नाइकेको दर्खास्त परेमा कामगराउन अड्डावाट पजनी हुन्छ।

सो रकम लागेको जग्गाको धान तिरो लागेको भए पनि जागिरदार भर्नाभई रहेको भए जागिरदारलाई र मालदर्ता भएको भए मालमा समेत धान वोकी बुझाउनु पर्दैन।

ती रकमीहरू जङ् (पल्टनको जङ्गीकाम) कामगर्दा उर्दि भएका वखतमा सामेलभई तोकिएको काम गर्नु पर्छ। तिनीहरूले कमाएको रकमको जग्गा तिरोभरो र गर्नु पर्नेकाम गरूञ्ज्यालसम्म खोसमोस हुन सक्तैन।

सो रकममा रैकर जग्गामात्र दर्ता भएको छैन। गुठी विर्ता इत्यादि जग्गा पनि दर्ता भएको छ। सो गुठी विर्ताको तिरो भने जाँहाँ जाँहाँ गर्नु पर्छ उहीं गर्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रकमको नाम	रकम लागेको कारण गर्नुपर्ने काम	काम गर्ने र तहसील गर्नेठाउँ
सीलौटे	अघि अघि बारूद बनाउँदा बारुद पिधने	माल मालमा नगदी बुझाउनुपर्छ
सालीजाना	कागतेहुलाक बोको चलान गर्नलाई जग्गा खाई राखेकोमा तलबी मानिस भर्ना भएकोले सो कामगर्नु नपर्ने भए बाबत लागेको	ऐ ऐ ऐ
धलुवा पाथी	राजकुलोको पानीबाट खेतीगर्नलाई लागेको	ऐ ऐ ऐ
ब्याड	सरकारी बगैंचामा खन्ने समेत कामगर्ने	सरकारी बगैंचाबाट कामगराउने
बाला	सरकारलाई चाहिने काठ् लाममा नै कटानी गर्ने	लामपहाड् काठ कटानी बन्दोबस्त अड्डामार्फत कामगर्ने
घोसी	ऐ ऐ कटानी तास्ने	ऐ ऐ ऐ
घासी	हात्तीलाई खुवाउन घाँसल्याउने	हात्त अड्डा मार्फत कामगर्ने
कोठावोसी	सरकारमा काण पौका ल्याउने	छेमडेल अड्डामा कामगर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डकर्मी	सरकारी घर बनाउन परेमा आउने	घरकाज गोस्वारामा कामगर्ने
सिकर्मी	सरकारी सिकर्मीई कामगर्नु परेमा गर्ने	ऐ ऐ
नकर्मी	ऐ फलामको काम ऐ	ऐ ऐ
लोहकर्मी	ऐ ढुंगाको काम ऐ	ऐ ऐ
गोलदारुवा	सरकारी कामलाई गोल दाउरा बुझाउने	गोल दाउरा अड्डामा नगद र गोल बुझाउने
आतसवाजो	सरकारमा आतसवाजी बनाउने	उर्दीभएको ठाउँमा गई कामगर्ने
कुमाले	सरकारी कामलाई माटोको भाँडादिने	सरकारी ठाउँ ठाउँमा दिने
थापले हुलाकी	सरकारी तोडा असवाफ अड्डासारा आएको बोकीलाने	गाउँ गाउँमा रही काम गरिरहेका
लामापाथी	असीना वालीमा पर्न लागेको हटाइ दिए वावत् तिर्ने	असीना हटाउने लामाले उठाइखाने
कट्टुवाले पाथी	पाहाड्मा गाउँ गाउँमा रहेका गाउँमा परी आएको कामगर्ने कट्टुवालेलाई दिने	कट्टुवालेले उठाइखाने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सालिआनाको मोठ्

अघि हुलाकबाट चलान हुने चिट्ठीको डाँक बोक्नेले जग्गा खाई चौकीमा रही डाँक बोक्ने गरेका थिए। ७१ सालमा सो जग्गा खानेहरूलाई तिमीहरूले डाँक बोक्नु नपर्ने भएमा जग्गा खाएबावत कति बुझाउन मंजुर छौ भन्ने बुझियो। जुमलाका रैतीबाहेक अंतका रैतीले यति तिर्न मंजुर छ भनी लेखिदिए। सो बमोजिमको रुपिया सालिआना भन्ने रकम लगाई लिने भयो। नीजहरूले डाँक बोक्नु नपर्ने गरो तलबदारी हुलाकी रह्यो।

सो सालिआना तिर्नेलाई सो हुलाकी रकमको जग्गा यो सरबाला (हुलाकमा दर्ता भएको मानिस) यो पाखरे (हुलाकमा दर्ता भएको जग्गा फुटाइ लिई दामासाहीबाट रकम तिर्ने) यो भन्ने खोली सालिआना यति तिर्ने भन्ने मोठ् खडा भएको छ।

सो सालिआना रकम माल मालबाट लगत कसो असुल तहसील हुन्छ।

खानिजाँचको मोठ्

गुल्मीदेखि सल्यान प्यूठानसम्म २२ खानि भन्ने तामाखानि थियो। खानि अड्डा नै रही खानिवालासंग तहसीलगर्ने भएको थियो।

७४ सालमा खानिअड्डा खारेज भो। सो खानिको कामगर्नेहरूलाई खानिबावतको रकमलागी खानिको जग्गासमेत लेखी मोठ् खडा भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खानि भइकन पनि खानिचलाउन मंजुर नगर्नेसंग घर मोही रु १ खानि वन्द भै खानि छाडेमा घरही मो. रु. ।५० का दरले तिरो लाग्यो। तिनीहरू जङ्को कामपरेका बखत हाजिर हुनेगरी लगत खडागरी दाखिल गर्ने नियम बाँधियो।

सो खानिवालाले वुझाउने गरी ठेकिएको तामोको माललाई दरवन्दी ठेकिएको छ। सो दरवंदीवमोजिम नगद तहसील गरी लिन्छ।

गुल्मी जिल्लामा रैकरलाई मौला र खानि भएकोलाई खानिवाला भनी छुट्टाछुट्टै दर्ता भइरहेको छ।

खाईकरको मोठ्

जुमला जिल्लामा माहाजाँचमा एउटाका नाउँमा दर्ता भएको जग्गा एउटाले खाइराखेकालाई खाईकर भन्दछन्।

त्यस्तो खाइरहेकोमा झगडा पर्नमा अड्डाले यसको हकको जग्गा हो भनी छुट्याउनै मुस्कीलपरी झगडा बढेको थियो। त्यो झगडा नहुने गर्नालाइ पहिले तालुकदारमार्फत खाई-कर वालाहरूलाई रसीद दिलाउने काम भयो। त्यसपछि सो रसीद-बमोजिम् जग्गा खाइरहेका नाउँमा दर्तागर्ने गरी ९८ सालमा खाई-करको मोठ खडा भएको छ।

बीज जाँचको मोठ्

हाल माहाजच भइनसकेका जिल्लामा पाखातर्फ १० वर्ष घरदर भै हल, पाटे, कोदालेबाट तिरोलाग्ने भैरहेको थियो। त्यसबाट जग्गाको नाम समेत नखुलेकोबाट बीज जाँच गरी तिरो लगाउने नियम भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्योबमोजिम पुर्व ३१४ नम्बरदेखि शुरू भै आएको छ। सो बीज जाँच गर्दा हलेबोज (गोरुले जोत्न हुने असल पाखो जग्गा) र कोदाले बीज (हल नलाग्ने कमसल जग्गा) भन्ने दुई किसिम कायमगरी दुई किसिमको तिरो लाग्ने भएको छ। त्यसमा आफ्नै घर बारी र फट्के जग्गाको नाम र बीजसमेत लेखिएको छ। पाखातर्फ लागिरहेको धेरै रकम पनि खारेज भयो। पाखा जग्गामा बीजका हिसाबले सेर्मा र घरधुरीलाई साउनेफागु रकम लागेको छ।

खांगी ढडा

पहिले यो जागिरदारलाई यतियति खेतजग्गा र खुवा(पाखा-जग्गा मोजा) भर्ना गर्ने भन्ने रैवन्दी (दरबन्दी) खडा भयो।

सो रैवन्दीबमोजिम पीपा खलासोदेखि लिएर सबै जागिर-दारका खांगीमा खेतजग्गा र खुवा लेखिएको लाल ढडा खडा भयो।

सोही लालढडाबमोजिम नै खान्गी ढडा बनी सो खांगीमा जग्गा थप्ने झिक्ने काम पाहाड् बन्दोवस्त जागीरफाँटबाट हुन्थ्यो। धेरै खांगी खारेज भैसकेकोले सो अड्डा पनि खारेज भै सक्यो।

पछि कालका प्रभावले गर्दा खांगीको जग्गा झिकिदै मालमा-दर्ता हुँदैगयो। त्यही खांगीको जग्गाको बाली उठाइखाने जागिदारलाई गरिदिने कागजलाई नै तीर्जा भन्दछन्।

सो खांगीबाट खारेज भई मालमा जाने भएपछि कंपुतिर्जा अड्डाले पाहाडबंदोवस्त लगतफाँटलाई सो खांगी ढडाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खानि भइकन पनि खानिचलाउन मंजुर नगर्नेसंग घर मोही रु १ खानि वन्द भै खानि छाडेमा घरही मो. रु. ।५० का दरले तिरो लाग्यो। तिनीहरू जङ्को कामपरेका बखत हाजिर हुनेगरी लगत खडागरी दाखिल गर्ने नियम बाँधियो।

सो खानिवालाले बुझाउने गरी ठेकिएको तामोको माललाई दरबन्दी ठेकिएको छ। सो दरबंदीबमोजिम नगद तहसील गरी लिन्छ।

गुल्मी जिल्लामा रैकरलाई मौला र खानि भएकोलाई खानिवाला भनी छुट्टाछुट्टै दर्ता भइरहेको छ।

खाईकरको मोठ्

जुमला जिल्लामा माहाजाँचमा एउटाका नाउँमा दर्ता भएको जग्गा एउटाले खाइराखेकालाई खाईकर भन्दछन्।

त्यस्तो खाइरहेकोमा झगडा परेमा अड्डाले यसको हकको जग्गा हो भनी छुट्याउनै मुस्कीलपरी झगडा बढेको थियो। त्यो झगडा नहुने गर्नालाइ पहिले तालुकदारमार्फत खाई-कर वालाहरूलाई रसीद दिलाउने काम भयो। त्यसपछि सो रसीद-बमोजिम् जग्गा खाइरहेका नाउँमा दर्तागर्ने गरी ९८ सालमा खाई-करको मोठ खडा भएको छ।

बीज जाँचको मोठ्

हाल माहाजच भइनसकेका जिल्लामा पाखातर्फ १० वर्ष घरदर भै हल, पाटे, कोदालेबाट तिरोलाग्ने भैरहेको थियो। त्यसबाट जग्गाको नाम समेत नखुलेकोबाट बीज जाँच गरी तिरो लगाउने नियम भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्योबमोजिम पुर्व ३१४ नम्बरदेखि शुरू भै आएको छ। सो बीज जाँच गर्दा हलेबीज (गोरुले जोत्न हुने असल पाखो जग्गा) र कोदाले बीज (हल नलाग्ने कमसल जग्गा) भन्ने दुई किसिम कायमगरी दुई किसिमको तिरो लाग्ने भएको छ। त्यसमा आफ्नै घर बारी र फट्के जग्गाको नाम र बीजसमेत लेखिएको छ। पाखातर्फ लागिरहेका धेरै रकम पनि खारेज भयो। पाखा जग्गामा बीजका हिसाबले सेर्मा र घरधुरीलाई साउनेफागु रकम लागेको छ।

खांगी ढडा

पहिले यो जागिरदारलाई यतियति खेतजग्गा र खुवा(पाखा-जग्गा मोजा) भर्ना गर्ने भन्ने रैबन्दी (दरबन्दी) खडा भयो।

सो रैबन्दीबमोजिम पोथा खलासोदेखि लिएर सबै जागिर-दारका खांगीमा खेतजग्गा र खुवा लेखिएको लाल ढडा खडा भयो।

सोही लालढडाबमोजिम नै खान्गी ढडा बनी सो खांगीमा जग्गा थप्ने झिक्ने काम पाहाड् बन्दोवस्त जागीरफाँटबाट हुन्थ्यो। धेरै खांगी खारेज भैसकेकोले सो अड्डा पनि खारेज भै सक्यो।

पछि कालका प्रभावले गर्दा खांगोको जग्गा झिकिदै मालमा-दर्ता हुँदैगयो। त्यही खांगीको जग्गाको बाली उठाइखाने जागिदारलाई गरिदिने कागजलाई नै तीर्जा भन्दछन्।

सो खांगोबाट खारेज भई मालमा जाने भएपछि कंपुतिर्जा अड्डाले पाहाडबंदोबस्त लगतफाँटलाई सो खांगी ढडाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खला उतारगरी लगतदिन्छ । सो लगतबमोजिम तहसील गर्न पठाउने पुर्जिलाई नै छापेपुर्जि भन्दछन् । मालमा पठाउने यकिन भइ नसवेको जागिरदार खालि भएको जग्गा तहसील गर्नेलाई नै खालि खण्डे भन्दछन् ।

सो खांगीबाट जग्गा झिकिपएछि खांगीढडामा झिकिएको वेहोरा जनिएको हुन्छ ।

जागिरदारको र मोहीको झगडा पर्‍यो भने कंपुतिर्जा अड्डावाट नै कारवाई हुन्छ ।

खांगी भर्ना जनिएका खलाहरूको खांगीढड्डा हुन्छ । सो खांगीढड्डावमोजिम जग्गाको वाली उठाई खाने कागजलाई नै तिर्जा भन्दछन् । त्यो तिर्जा धानवालीको मार्गमा र गहुँ वालीको जेष्ठ लागेपछि कम्पूतिर्जा अड्डावाट जागिरदारलाई बाँडिन्छ । कुनै सालमा जागिरदारले सो तिर्जाको वाली खान नपाउने भएमा यसलाई खालीखण्डे भन्दछन् । त्यो खाली खण्डे भएको तिर्जाको वाली उठाउन कुनै साल कम्पूतिर्जावाट नै ठेक्का बन्दोबस्त हुन्छ । कुनै सालसाल तिर्जा पठाई सोवमोजिम लगतकसाई तहसील गराउने पनि हुन्छ । पाखाको तिर्जा भने ठेक्का बन्दोवस्त हुँदैन । मालमा नै कम्पूतिर्जावाट लगत जान्छ । त्यसको घरदर गरी मालले तहसील गर्नु पर्छ ।

७१ साल अघिको तिर्जाको ढाँचा

स्वस्ति श्री श्रीनाथ कम्पू वर्दवहादुर पल्टनका सु. मानवहादुर पट्टि सि. कृष्णवहादुर गुरुङ्के १९६२ सालको वाली खाने तिर्जा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१ तपसील २५२

धादीङ गैह्रीवेसी खेत कृष्णवीर राणाको ।५- १।- x -।८॥

इतिसंवत् १९६२ साल मार्ग १० गते रोज ५ शुभम्

७१ साल पट्टिको तिर्जाको ढाँचा

तिर्जा

पल्टन पट्टि नम्बर

जागिरदार

साल को बाली खाने

नुवाकोट पिडा लिस्तीखेत हर्षबहादुर गुरुङ।१०- २।• x - ।१६

जग्गा

नेपालपाहाड्का जग्गाहरू ३ किसिममा रहेको छ। त्यसमा-एउटा रैकर, दोस्रो किपट्, तेस्रो विर्ता हो। रैकर भनेको सरकारमा तिरोभरो गर्नुपर्ने अड्डामा स्रेस्ता लगत भएको जग्गालाई भन्दछन्। त्यसमा पनि खेत (धानबाली लाग्ने जग्गा) र पाखो (मकै, कोदो लाग्ने पाखो जग्गा) दुई किसिको छ। किपट भनेको तिरो भरो गर्नु नपर्ने कुनै काम या त्यसै खान दिएको जग्गालाई भन्दछ। तर त्यो पनि रैकरसङ्ग नै हो। विर्ता भनेको सरकार-बाट कसैलाई कुनै किसिमबाट बक्सेको पोताविर्ने वा नतिर्ने जग्गा हुन्। त्यसमा पनि धेरै किसिमबाट बक्सेको हुन्छ। बेक्! मत्था, पेटीया, छाप, ज्यूनी भनी ज्यूताभएलाई बक्सेको, जग्गा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाउने मरेपछि रैकर नै हुन्छ। सन्तान दरसन्तान बक्सेकोमा भने पाउने मरे पनि रैकर हुन सक्तैन । जागिरदारका खांगीको जग्गा र विर्ता किपट्मा नपरेको बाँझो जग्गासमेत रैकरै हुन्छ।

जग्गाको नाम	त्यसको परिभाषा
रैकर	
खेतजग्गा	धान, चाँवल, गहुँ र ठेक नगद तिरो लागेको माल या जागिरदारलाई तीर्ने
पाखो जग्गा	नगद, सेर्मा, कोदो, मकै इत्यादि तिरो लागेको ऐ ऐ ऐ
खर्क	वस्तु भाउ पाल्ने जग्गा घ्यू खर्चरी नगदसमेत तिरो लागेको ऐ ऐ
घर धुरी	साउने फागु झारा इत्यादि तिरो लागेको ऐ ऐ
राजगुठी जग्गा	आयस्ताबाट देव देवताको पूजा आजा पर्व गर्नेगरी रहेको जग्गा
कोत मामुली जग्गा	मौजा मौजामा रहेको कोतमा पुजा दशैंपर्व गर्न निमित्त रहेको जग्गा
रजवंधक जग्गा	बाइसे चौबीसे राजाले कर्जाली जग्गा बंधक दिएको पछि सरकारबाट पनि थामिबक्सेको थैलीतिरी निखनी नसकेको जग्गा
माना चाँवल	गाउँमा सरकारी जागिरदार आउँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	खुवाउन या तालुकदारले खानेगरी रहेको जग्गा
भत्ता	कसैलाई जागिर नरहेको बक्सेसम्म खानपाउने जग्गा
पेटीया	खानदानका सन्तानलाई खानबक्सेको ज्यूँ ताभर खाने जाने
छाप	यतिसम्म तिरो ज्यूँ ताभर खान बक्से-को जग्गा
ज्यूनी	पाउने हुञ्ज्यालसम्म उसको निमित्त बक्सेको जग्गा

किपट्

भोटेको किपट्	कुनै काम गरी तिरोभरोगर्नु नपर्ने जग्गा
किरातीको किपट्	पल्लो किरातका किरातीले. कुन्यो कोदाले अवाद गरेको जग्गा दर्ता र तिरो भरोसमेत गर्नु नपर्ने

बिर्ता

पोता सुना बिर्ता	पोता तिर्नु पर्ने, अघिदेखि खाईपाई रहेको जग्गा
कुश बिर्ता	सरकारबाट दान गरिबक्सेको पोता तिर्नु नपर्ने जग्गा
करमकार सर्वाङ्ग माफि	सरकारमा पोता इत्यादि केही तिर्नु नपर्ने गरी बक्सेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	जग्गा बिर्ता
	सरकारबाट थुकिबक्सेको
फीकदार बिर्ता	यति तिरी खानु भनी बक्सेको
तिरूवा बिर्ता	जग्गा
मरौट बिर्ता	लडाइँमा मर्नेका सन्तानला संतान दरसंतान खान बक्सेको जग्गा।
तिरुवा छाप	यति तिरी खानु भनी ऐं पै
माफी छाप	केही तिर्नु नपर्ने गरी बक्सेको ऐं ऐं
नानकार बिर्ता	यो काम गरी खानु भनी बक्सेको जग्गा
बेख	खानदानका सन्तानलाई स-न्तान दरसन्तान खान बक्से जग्गा
गुलफूल	फलफुल लगाई देवतालाई चढाई खानु भनी बक्सेको जग्गा
मयाउ	सरकारबाट मायागरी बक्सेको जग्गा
मानाचाँवल	एक जनालाई खानपुग्नेगरी बक्सेको जग्गा
बास	घरबास नभएकालाई घर बना बस्नु भनी बक्सेको जग्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खुपा शाक विर्ता	खनाल ब्राह्मणले आफैले प्रति जग्गा आवाद गरेको सो जातिका ब्राह्मणले खाए-सम्म तिरोभरोगर्नु नपर्न अरूले लिएमा तिरो गर्नु पर्ने जग्गा (गोर्खामा छ)

तिरो

मोल दर्ता भएको जग्गा धुरीको तिरो एकै रकममा लागेको छन। धेरै रकमको तिरो लागेको छ। विशेषगरी पाखामै धेरै रकम लागेको छ। सो बमोजिम तिरो लागेको पाखातर्फमा दर्ता भएका पाखाजग्गा घर पाखाबाट खेत बनाएको महसुले खेत घर खर्क समेत अग्नि धेरै जागिरदारका खाँगीमा नै रहेको थियो । जागिरदारले तहसील गर्ने द्वारे (तहसीलगर्ने ठेक्का लिई जाने) वा अमाली (जागिरदारबाटै अमानत तहसील गर्ने) पठाई नीजले तहसील त्यो खांगि खारेजभै गएपछि नंबरीहुँदा जागीरदारलाई के के बुझाइ आएको भनि रैतीलाई सोधीश्र रैतीले तिरि बुझाई आएको सो सबै लेखिदिएपछि जुन जुन कुरामा जुन जुन रकम तिरी आएको छ भनेको छ सो रकम लागी नंबरी हुँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाखामा धेरै रकम लागेको हो। सो लागेको जिन्सी रकमको दर भाउ बुझी जाहेर गरी दरबन्दी भइआएबमोजिम नगद तहसील हुन्छ।

त्यो बाहेक पछि अरू कामबाट पनि रकम लागेको छ। जस्तै कागजे हुलाक बक्नु नपर्ने भएपछि "सालिआना रकम" खानी काम चलाउनु नपर्ने भएपछि "फलाम तामा रकम" चर्सा सि रकम ठेका टुटी आफुखसी गर्न पाएपछि "चर्सा सि रकम" सिलौटे कामगर्नु नपरेपछि "सिलौटे रकम" समेत लागेको छ

तिरोको फाँट्

तिरोको रकम	खेतमा	पाखा जग्गामा	घरधुरीमा	जातलाई	तालुकदारलाई	घट्टमा	ख म
धान	६						
गहुँ	६						
स्यूँ खानी मोहरु	६						
पराल कर्ली मुठा	६						
ठेक मोहरु	६	६				६	
चारदाम मोहरु	६						
कोदो		६				६	
मकै		६				६	
सेर्मा मोहरु		६					
साउनेफागु मोहरु			६				
सर्वचन्द्रायण मोहरु			६				
झारा मोहरु			६				
मेगजीन				६			
टीप	६	६					
ताल				६			

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिरोको रकम	खेत मा	पाखा जगामा	घरधुरीमा	जात लाई	तालुक दारलाई	घट्ट मा	खर्क मा
सुजरो			६				
छही				६			
दशैबोका					६		
चैतेदशै बोका					६		
कालीज			६				
कपास		६					
तेल		६					
मास		६					
कुखुरी			६				
घुम			६				
वलक			६				
बेठी			६				
तामा			६				
मकै घोगा		६			६		
दुंगेकोदो		६			६		
चौधरी							
सामा चावल							
फलुवा चावल	६						
सरुवा ऐ	६						
केरा कोसा					६		
माछा परुङ्गा					६		
मृग सपेटा					६		
डोको							
थीती							
झुवानो	६			६			
हासील				६			
मलामी					६		
टीका भेट्							
फलाम	६						

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इलाका

माल इलाका कुनै नदी वा पाहाड्को साँध लगाई यस ठाउँ बाट यस ठाउँसम्मलाई यो माल इलाका भनी माहाजाँच दिएव छ। सो माल इलाकाभित्रका गाउँ हरू भाग भाग गरी छुट्या एको छ। सो छुट्याएको भागलाई। सदरका मालहरूमा अञ्ज्याङ्भित्र र वाहिर भन्नेसम्म छ। पाहाड्तिर भने इला पल्लोकिरात,छथुम, पल्लोकिरात, १३ थुम, माझकिरात, सिन्धु ल्चोक, वन्दीपुर,प्यूठान र सल्यान "थुम" भन्दछन्। नुवाको धादीङ्, गुल्मी, स्याङ्जा समेतमा "जिल्ला" भन्दछन्। दैलेख जुमला मा "दरा" भन्दछन्। डोटी, बैतडी, डडेलधुरा "गर्खा" भन्दछन्। काभ्रे पलांचोक, दोलखा, वखलदुंग गोर्खा, पालपामा "मौजा" भन्दछन्।

सो गाउँ लेखिंदा जुनजुन भागभित्रको हो उसउसमा लेखि गर्छ। मा इलाकामा एउटा गौंडा गोस्वारा अड्डा रहेको कुनै कुरामा सोही गौंडा गोस्वरा वाटै पनि निकासा हुन्छ पल्टन कम्पनी पनि सोही गौंडा गोस्वाराकै मातहता रहेको छ। माललाई आवश्यक परेको मदत सोही अड्डा मार्फत पल्टन कम्पनीका जवानहरू पाइन्छ। सदरमा गौंडा गोस्वारा छैन। मदत चाहिएमा भकपुर मालले भक्त भृगेडवाट, ललीतपुर मालले ललीतपुर भृगेड्वाट र काठमाडौं कीर्तिपुर मालले सदर पल्टनवाट पाउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माल अड्डा			माल इलाकाको गौंडा गोश्वारा	
नाम	बसेको ठाउँ	नेपालबाट पर्ने कोस	नाम	मालबाट पर्ने कोस
सदरको				
काठमाडौं	काठमाडौं सहर	×	×	×
कीर्तिपर	ऐ	×	×	×
ललीतपर	ललीतपुर सहर	॥	×	×
भक्तपुर	भक्तपुर सहर	३	×	×
पश्चिम				
नुवाकोट	नुवाकोट	१०	पश्चिम १ नं. गोश्वारा	सँगै
धादीङ्	धादीङ्	१८	ऐ ऐ	८
गोरखा	गोरखा	२५॥	पश्चिम २ नं. गोस्वारा	सँगै
बंदीपुर	बंदीपुर	४३॥	पश्चिम ३ नं. गोस्वारा	
स्याङ्जा	पल्लो नुवा कोट	५४॥	पश्चिम ४ नं. गोस्वारा	सँगै
गुल्मी	घाग्लुङ्	६१॥	पाल्पा गौंडा	
पाल्पा	तानसेन	७०॥	ऐ ऐ	सँगै
प्यूठान	प्यूठान खलंगा	९७	प्यूठान गौंडा	ऐ
सल्यान	सल्यान			

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माल अड्डा

माल इलाकाको गौंडा गोस्वारा

नाम	बसेको ठाउँ	नेपालबाट पर्ने कोस	नाम		मालबाट पर्ने कोस
	बजार	१२२॥	सल्यान	ऐ	ऐ
दैलेख	दैलेख खलंगा	१५९	दैलेख	ऐ	ऐ
जुमला	जुमला खलंगा	१८८	जुमला	ऐ	ऐ
डोटी	सिलगडी बजार	१८४	डोटी	ऐ	ऐ
बैतडी	बैतडी	२०९	बैतडी	ऐ	ऐ
डडेलधुरा	डडेलधुरा	१९६॥	डडेलधुरा	ऐ	ऐ
पुर्व					
काभ्रे पलां-चोक	काभ्रे	७॥	पुर्व १ नं. गोस्वारा		८
सिन्धुपाल-चोक	चौतरा		ऐ नं. ऐ		संगै
दोलखा	रामेछाप	४१।	ऐ २ नं. ऐ		ऐ
बखलढुंगा	वखलढुंगा	४४	ऐ ३ नं. ऐ		सँगै
आझकिरात	भोजपुर	६६	ऐ ४ नं. ऐ		ऐ
प. की ६ थुं	धनकुटा बजार	८०।	धनकुटा गौंडा		ऐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माल अड्डा			माल इलाकाको गौंडा गोस्वोरा	
नाम	बसेको ठाउँ	पर्ने नेपालबाट कोस	नाम मालबाट पर्ने काम	
प. की.१३ थुं	म्यागलुङ्	९०	धनकुटागौंडा	१२
इलाम	इलाम	१०१।	इलाम गौंडा	संगै
राज्य				
बझाङ्	बझाङ्कोट	१९६	डोटी गौंडा	१२
जाजरकोट	जाजरकोट	१३६	सल्यान गौंडा	१४

निकासालिने अड्डा

सदर मालबाट रैकर जग्गाकोमात्र तहसील गर्छ। अरू काम गर्ने अड्डा छुट्टाछुट्टै छ। पाहाड् मालबाट भन रैकर जग्गाको असुलतहसील गर्ने मात्र काम गर्दैन। अरू श्री ५।३ सरकार गुठी जगाको पनि तहसील गर्नु पर्छ। यो तहसीलको काम-बाहेक बनाउने काम इत्यादि तल लेखिएका फाँट्को काम पनि गर्नु पर्छ।

यो कामहरू गर्दा जुन जुन अड्डाबाट निकासा काम भएको हो सोही अड्डामार्फत निकासालाई र मिह्नालाई जाहेर गर्नु पर्छ। जरीवाना मिह्नालाई भने जुन अड्डाबाट जरीवाना भएको हो, सोही अड्डमा नै रीपोर्ट गर्नु पर्छ। त्यस्ता मुख्य मालको तालुक बन्दोवस्त अड्डा पाहाड् बन्दोवस्त रिपोर्ट्फाँट् नै हो। तहींबाट धेरै निकासाको काम हुन्छ।

निकासा दिने अड्डा	निकासा लिने काम
पाहाड् बन्दोवस्त रिपोर्ट्फाँट्	रैकरजगाको मिह्नामोजरा अरू बाधा विरोध परेको नया थीति बन्दोबस्त गर्नु पर्ने अनाज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	रहेको धर्म भकारी तालुको विषय कामदार भना सदर र सनदको सवाल गर्ने इत्यादि
आफ्ना जिल्लाको गौंडा या गोस्वारा	खोलोपैन्हो, दोभरा, बेपत्ता, बाँझो कुत घटीमा बन्दोवस्त भएका जगा विषयको र गौंडा गोस्वारावाट निकासा लान्नु भने सवाल भै रहेका
श्री५ सरकार गुठी बन्दोवस्त	श्री ५ सरकारतर्फका गुठीमा दरिएका जग्गाको मिन्हा मो· जरा गर्ने त्यसमा बाधा अड्काउ परेको
श्री३ सरकार गुठी बन्दोवस्त	श्री ३ सरकारतर्फका ऐ ऐ
पुर्व या पश्चिम मिलसिया गोस्वारा	पटल्न कम्पनीका जवानको त भत्ता खान्गी जग्गा विषयक
पब्लिक वर्क डीपार्टमेन्ट मध्ये-स पहार रिपोर्ट निक्सारी	सरकारी घर कचहरी बाटो पु सजनवनाउने र मिह्रा गर्ने वि यको
कृषिपरिषद	नयाकुलो बनाउने सजने बारे कृषि उन्नती बारेको
घरेलु इलमप्रचारक अड्डा	घरेलु काम उन्नतीको
मुन्सीखाना	२ सरकार सन्वन्धवाट परेके बृटिस सरकारमा जागीर खा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	का जवान को पेन्सन इत्यादी को
रकम वन्दोवस्त	ठेक्का बन्दोवस्त गर्नु पर्ने रकम इत्यादि विषयको
पाठशाला वन्दोबस्त	जिल्लामा रहेका पाठशाला विषयमा परेका
आयुर्वेदी औषधालय	जिल्लामा रहेका औषधालय विषयमा परेका
रजिष्ट्रेसन अडा	रजिष्ट्रेसन विषयमा परेका
अपील न्यायालय अड्डा	रैकर भएका जगा मुड्डावाट बीर्ता इत्यादि ठहरिएको सो लगत कट्टा गर्न मुल्कीसवालको वही बुझ्ने वारेको ६० दफा बमोजिम जाहेर गर्ने।
चीठ्ठी जाहेर निक्सारी	जिल्लाको हाल खबर र जरूरी जाहेरीबाट निकासा लिनुपर्ने कुराको जाहेरी जाहेर गर्ने।
श्रेस्ता अपील	आफूले गरेका रिपोटमा-फैसला गरिपठाएकोमा र मंजुर नामा गराएकोमा चित्त नबुझेमा अपील गर्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जग्गाको नाप-रुपियाँ पैसाको चलन

जग्गाको नाप

जग्गानापी अघि टाँगा (नापने काठ) बाट हुन्थ्यो । पछि फलामे ६ हात ३ ईंञ्चीको फलामे जन्जिर बन्यो । त्यो जंजिरबाट नापी माटोको संख्या निकालेको ६४ साल अगि र पछिको भिन्दा भिन्दै छ । ६४ साल अघि नापी हुँदा अवल, दोयम, सिम, चाहार जग्गाको किसिमबाट नापी भइ जग्गाको संख्या रहन्थ्यो । ६४ सालपछि नापीहुँदा सबै किसिममा यकैकिसिमबाट नापी भइ जग्गाको संख्या रही तिरो लगाउँदा मात्र किसिम अनुसार लाग्ने भयो । सो नापीमा सदरमा रोपनीका हिसाबले र पाहाडतिर १०० मुरी १ खेत र मुरी पाथी मान मुठीका हिसाबले लेखिने चलन चलेको छ ।

अर्द (चौडा) जंजिरको संख्यालाई तुल (लम्बा) जंजिरको संख्याले गुणन गर्दा आएको संख्यालाई मंडी भन्दछन् । त्यसलाई १६ ले भाग लिदा आएको लब्धि मुरी पाथी माना मुठी हुन्छ । ६४ ले भाग लिदा आएको लब्धि रोपनी जवा आना पैसा दाम हुन्छ ।

६४ साल अघि नापी भएको जग्गा पैले नापी हुन गएमा किसिम भर्ना दिनुपर्छ । सो किसीम भर्ना दिदा अघिको अवलको नाप र हालको नाप बराबर भएकोले त्यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किसिप भर्ना दिरहनु पर्दैन। अरू दोयममा १/६ सीममा १/८ चाहारमा १/३ सम्म बढ्न आएको किसिम भर्ना मिन्हा पाउँछ। सो वढन आएको मिह्रा दिनु परेको अघि सो जग्गामा वढी नापी रहेको हुन्थ्यो। किसिम भर्ना दिंदा वढो हुनआए सो आतवढ (अंत चापी नवढी उसैमा वढेको) ठहर्छ। सो वमोजिम किसिम भर्ना मिह्रा पाउने जग्गा जमीन गोस्वाराको ७ नम्वरको ऐन छ।

जगानापको हिसाब

अर्द जंजीर	तुल जंजीर	मंडी	६४ साल अघिको हिसाब किसिम	माटो खेत	माटो रोपनी	६४ साल पछिको हिसाब माटो मुरी	माटो रोपनी
८	८	६४	अवल	।४	१	।४	१
९	८	७२	दोयम	।४	१	।४।१०	१॥
१०	८	८०	सीम	।४	१	।५	१।
१२	८	९६	चाहार	।४	१	।६	१॥

घरको नाप

घरको पाताल जग्गा नाप्ने नाप भिन्नै छ। त्यो नाप्ने श्री ५ सरकारको चिह्न कठी (नेवारे वोलीहा) भन्नेछ। त्यसबाट नाप्दा २२॥ हात लम्बा १ हात गज भएपछि १ जवा ३ जवाको १ खा हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा जग्गा नाप्ने डंगोल भन्ने दर्ता पाएको जागि रदार पाहाड् बन्दोबस्त बिर्ताफाँट्मा रहेकोछ । त्यसैबा जाँची गराउनुपर्छ । बिर्ता इत्यादि बवसेका जग्गाको मेठ्वन् तयार गर्ने थरघर भन्ने दर्जाका मानिस पनि सोही बि फाटमा नै रहेका छन् । उनीहरूबाटै मेठ्वन्दी तयार हुन्छ ।

रुपियाँपैसाको

अघि वखत वखतमा मोहरु १।को १६ गंडी (६४ पैसा २० गंडी (८० पैसा) २२ गंडी (८४ पैसा) को चल चलेको थियो ।उसवखतका मोठ श्रेस्ताहरूमा जुन वखत जु चलन चलेको थियो सोही हिसाववाट अंक लेखिएकोछ । त्यस पनि पै.रु. र मोहरु भनी भिन्दाभिन्दै हिसाव देखाएकोछ । पै. भनी लेखेकोमा रुपैयाँको अंक पनि लेखेको हुन्छ । लेखेको पैसाको जम्माबाट ६४ पैसा पुग्न आए पछि रुपैं लेखे पनि पैसाबाट रुपैयाँ हुन आएकोले पै.रु. लेखेको त्यस किसिम न भइ रुपैयाँ कै भागवाट सुका आना पैसा लेरि पनि त्यसलाई मोहरु भनेको हो ।

सो अघि लेखिएको रुपैयाँ पैसालाई अहिलेको रुपैयाँ पैसा हिसावमा ल्याउँदा पै.रु. लेखेकोलाई अघि जति पैसा लेखेको उत्ति पैसा हुन्छ । (जस्तै पैरु १।-। को ८५ हुनेहुँदा मोहरु। लेख्नु पर्छ) । मोहरु या १६ गंडी रु. लेखेकोलाई मोहरु १ खण्डे भागवाट सुकाआनाको आउनेपैसा लेखनुपर्छ । (ज मोरु १॥≡। लेखिएको छ भने १ रुपैयाँको रु.१, रु.॥ को रु. रु ≡ को ।१८।३ रु. ऽ। को मोहरु ।[illegible]२ भै जम्मा मोहरु १।७ हुन्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वतर्फको माझकिरात, ६ थुं, १३ थुं, इलाममा र पश्चिम तर्फको दैलेख जुमला डोटी वैतडी डडेलधुरा इलाकामा मोहरु भंदा कंपनीको धेरै चल्ती भएकोले तिरो बापतमा कंपनी लिएहुने भएकोछ । सो कंपनीको दरलाई भने निकासा भै आएको दरबाट लिनुपर्छ । सोबाहेक अंत जिल्लामा तिरोबावत कंपनी लिन हुँदैन। कंपनी खर्च कलम परेमा निकासाभइ आएका दरबाट दिनुपर्छ ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अड्डाबाट गर्नुपर्ने कुरा

तिरो नबुझाएमा गर्ने

रैतीसँग

रैतीले आफूले कमाएका खेत पाखाको तिरो चैत्रमसान्त सम्ममा मालमा बुझाउनु पर्नेले मालमा तालुकदारलाई बुझाउनु पर्नेले तालुकदारलाई बुझाइसक्नुपर्छ।

चैत्रमसान्तसम्म बुझाएन भने वैशाख १ गतेदेखि ७ गते सम्ममा "तिमीसंग लिनुपर्ने यो जग्गाको यति तिरो साविक मोहीले वा उसबाट हक छुटाई लिनेले ७ दिनभित्र बुझाउन ल्याऊ नल्याए सो जग्गा, पजनि हुनेछ" भन्ने तालुकदारले ७ दिने म्याद टाँसिदिन्छ। सो म्यादमा बाली बुझाउन ल्याए तालुकदारले बुझिलिई मालमा दाखिल गर्नुपर्छ।

सो म्याद टाँस गर्दा बुझाउन नल्याएमा यो रैतीसङ्ग यति बाली बाँकीमा टाँस गर्दा पनि बाली बुझाउन नल्याएको सवाल्‌बमोजिम हओस् भन्ने तालुकदारले दर्खास्तसाथ म्याद टाँस गरेको मुचुल्कासमेत मालमा दाखिल गर्नुपर्छ सो बमोजिम मालबाट पनि "फलानाले कमाएको यो जग्गाको बोबारको यति तिरो बाँकीछ सो तिरो बुझाई जग्गा कबो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने हकवाला (मोहीको दाज्यूभाइ समेत हकखान पाउने) चकला वाला (सो जग्गा नजीकमा जग्गा भएका) समेतले ७ दिन भित्र आउनू पाउनेछौ" भन्ने गाउँमौजामा तारीख मुकरको म्याद टास गरी सो म्यादमा कबोल गर्न आए बाकी बाली लिई जग्गाको चलन पुर्जी गरी दिनुपर्छ।

सदर मालले रैतान तहसील गर्नेमा भने चैत्र मसान्त-सम्ममा तिरो नबुझाएमा वैशाख लागेपछि यो खलाको यो सालको यति तिरो ३ दिन भित्र मोहीले नै सो म्याद नाघेको २ दिन भित्र हकवालाले सोम्याद नाघेको २ दिन भित्र चकलावालाले बाकी बुझाई कबोल गर्न आउनू" भन्ने एउटै ७ दिन म्याद सो मोहीका घरमा १, गाउँमौजामा १, माल अड्डामा १, बजारमा १ समेत ४ ठाउँमा म्याद टाँसी दिनुपर्छ। सो म्यादमा साबिकवालाले बुझाए त्यसैलाई जग्गा थामिन्छ। नबुझाए अरूले सो टाँसिएका म्यादमा बाकी बुझाई कबोल गरेमा सोजग्गा पाउँछ। त्यसको कबुलियत गरी बहाली गरि-दिनुपर्छ।

सदरमा त्यो टाँसिएका म्यादमा मोही र अरूले समेत बाँकी बुझाउन नल्याए साबिक मोहीको सो बाली बाकीमा जायजात गर्न जानुपर्छ सो जायजात गर्न जाँदा सो बाली बाँकी र लाग्ने जरीवाना र त्यसमाथि थप जरीवानासमेत बुझाई जग्गा थाम्छु मनेमा सो बमोजिम लिई जग्गा थामि दिए हुन्छ सदरका साबिक मोहीले पनि बाँकी बुझाएन अरूले पनि सकार गरेन भने सो बाली बाँकीमा सो मोहीबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर गर्नेगरी जग्गामा नयाँ मोही बन्दोवस्त गर्नु पर्छ। सो नयाँ मोही बन्दोवस्त गर्दा गाउँ मौजा मालबजारमा समेत तारीख मुकरको म्याद टाँसी दिनुपर्छ। सो तारीख मुकरको दिन पाहाड् | बन्दोवस्त ४ फाँट्मा १ फाटको ना. रा. सम्मका दर्जाका मानिस साछी राखी नयाँ मोहीमा कवोलगर्न आउनेलाई सो जग्गाको कवोल गराउनु पर्छ। सो कवोल गर्दा बाली बाँकी समेत तिर्ने गरी कवोल गरेमा सो बाली लिई साविक मोहीसंगको बाँकीमा भर्नागर्नु पर्छ। सो कवोलगर्ने मोहीको कवुलियत. गरी वाहाली समेत दिनुपर्छ।

नयाँ हुने मोहीले कवोल गरेको बाली साविक मोहीसंगको बाकीभन्दा बढी हुनआयो भने सो वढी भएजति साविक मोहीले नै फिर्ता पाउँछ।

तालुकदारसंग

तालुकदारले रैतीवाट उठाई वुझाउनुपर्ने तिरो वैशाख महीना भरमा मालमा दाखिल गरिसक्नु पर्छ। रैतीले नवुझाई टाँस गर्दा पनि उपर नभएको भए सो फाँट् पनि दाखिल गर्नु पर्छ।

तालुकदारले आफूले उठाई दाखिला गर्नुपर्न तिरो वैशाख महीनाभरमा चुक्ति वेमाख गरेन भने "तिमीसंगको यो सालको यति बाँको १५ दिन भित्र वुझाउन ल्याए तालुकी थामिनेछ नल्याए पजनी भई जानेछ। सो १५ दिन वुझाउन नल्याए सो म्याद नाघेका ७ दिन भित्र सो बाकी तिरी तालुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिन मनसुवा हुनेले बाँकी दाखिल गरी सकार गर्न आउनू तालुकी पाउनेछौं" भन्ने पाहाड् बन्दोवस्त रिपोट फाँट मार्फत छापी आएको २२ दिने एउटै म्याद सो तालुकदारका घरमा गाउँमा मालमा गौडा वा गोस्वारामा टाँसी दिनुपर्छ। सो म्याद टाँस्दा ज्येष्ठ १ गतेदेखि १० गते सम्ममा टाँसी सक्नुपर्छ।

त्यो म्याद टाँसिएको १५ दिन भित्र सो तालुकदारले बाकी जम्मै बेमाख गरी बुझाएमा तालुकी थामिन्छ सजाय समेत केही हुदैन। त्यो म्यादमा निजले बुझाउन ल्याएन र सो ७ दिनभित्र अरूले बाकी रुपियाँ दाखिल गरी तालुकी सकार गर्‍यो भने त्यो तालुकी त्यसले पाउछ। बाकी रुपियाँ बुझी आम्दानि बाधी निजको कवोलियत गराई धनजमानी समेत लिई तालुकीको वाहाली पुर्जी गरिदिनुपर्छ। सोतालुकी पाएमा निजलाई सलामी मो.रु. ४। लाग्छ सो पनि असूल गरी लिनुपर्छ।

त्यस्तो तालुकी पाउनेको धनजमानी पनि लिने गरिआएको छ। कसैले रैती रोजाई त्यही रैती नै धनजमानी लिने गरेको पनि छ।

टाँसपुर्जीको ढाँचाः—

काभ्रे पलाञ्चोक मालबाट

उप्रान्त जिल्लै काभ्रे मौजे भुमलुंका जिम्मावाल पहल्मान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के र सो गाउंका अरू तालुकदार भलादमी रैतीहरूकै पुर्जी उप्रान्त मौजे भुमलुंका जि. पहलमान जिम्माको यस मालका मोठ नम्बरीमा लगत कसिएको तपसीलका सालको तपसील बमोजिमको बाली बुझाउन आउनू भनी पुर्जी ताकिता गर्दा पनि बुझाउन नआई अटेर गरी बसेकोले यस मालका नाउँमा भएका सवाल सनदबमोजिम तिमी तालुकदारका घरमा १५ दिने र भलादमीका नाउँमा ७ दिने समेत दिन २२ को म्याद लेखी तिमी तालुकदारका घरमा १ सो मौजामा १ यस मालका ढोकामा १ गोस्वारा अड्डामा १ समेत जम्मा ४ ठाउँमा म्याद टाँसिदिएको छ तसर्थ सो म्यादभित्र तालुकदारले सो लेखिएको बाली यस मालमा बुझाउनु आउनू नआए म्याद गुज्र्योभने तिमी भलादमीहरूले १५ दिन गुज्रेका ७ दिन भित्र सो लेखिएको बाली समेत ली आउनू र सो तालुकी समेत पाउनेछौ सो म्यादभित्र तालुकदारले र भलादमी समेतले दाखिल नगरी म्यादगुज्र्यो भने सवाल सनदबमोजिम हुनेछ पछि तिमीहरूको उजुर लाग्ने छैन—

तपसील

२००१ खेतको मालपोत मो.रु.	१५६।
चर्सासिं रकम	१।५६
इति संबत २००२ साल गते रोज शुभम्--	१५७।५६।

कबुलियतको ढाँचाः—

लिखितम धनसुरको नाति बलाटेको छोरा बर्ष २७ को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भुमलुं बस्ने सेरवहादुर तामांङ् आगे भुमलुको तालुकदार पहलमानले मोठ् नंबरीबमोजिम बुझाउनु पर्ने २००१ सालको मालपोत मो.रु. १५७।५६ बाँकी राखेकोले सो बाँकी वुझाउन ल्याउनू भनी निजका नाउँमा म्याद टांस हुँदा पनि नवुझाएको बाट तालुकी वर्खास भएकोले निजको म्याद नाघेको ७ दिन भित्र सो बाँकी दाखिल गर्छु सो तालुकीको बाहाली पाउँ भनी तिमीले २००२।२।१७ मा दर्खास्त दिएबाट मोहीहरूलाई झिकाइ सोधनी गरेमा निज सेरबहादुरलाई हामीहरूको तालुकी दिएमा टोका चलाउन सक्ने र माथवर मानिस भएकोले निजको धनजनानीसमेत हामीहरू हुन मंजुरछ निजले तालुकी नपाउने वात कसुरसमेत केही गरेको छैन भनी मवाहादुर समेत ७ जनाले मंजुरीको मुचुलका गरी दिएकोले सोधिन्छ कि निज साविकवाला तालुकदार पहलमानले चलाई आएको तालुकी दामकाम् गर्न सक्छौ सक्तैनौ भनी सो धनीगरेमा मेरो चित्तबुझ्यो यस्मा निज साविक तालुकदारले बाकिराखेको खेततर्फको मोरु १५७। ५६ दाखिलगरेको छ २००२ साल देखिलाई लगतबमोजिको बाली टायम टायमै नै रैतीसँग तहसील गरी चुक्ती बेमाख गरी बुझाउन ल्याउने छु मोही रैतीहरूलाई दुख पीर टंटा नलगाई रैती राजीखुसी राखी भै परिआएको कामकाजमा तलमाथि नपारी सो मौजाको जिम्मावाली काम गर्न सक्तछु मोही रैतोलाई दुःख पीर टंटा लगाइ सरकारबाट भै परिआएको काममा भै आएको उर्दी पुर्जी बमोजिको काम नगरी अटेर गरेमा र मालपोत रैतीसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उठाई मालमा नतिरी ह्रासी खाएको ठहरेमा समेत ऐनसवाल बमोजिम जो परेको बुझाउनामा मंजुर छ भनी मेरा मनोमान खुसीराजी संग कबुलियतनामा लेखी का. प. माल मार्फत श्री ५ सरकारमा चढायौं इति संवत् २००२ साल मिति रोज

रैतान बुझ्ने कागजको ढाँचा

लिखितम काभ्रे इलाका भुमलुं मौजामा बस्ने हामी तपसीलका मानिसहरू आगे मौजे भुमलुको जिम्मावाल पहलमानले बुझाउनु पर्ने २००१ सालको मालपोत मो.रु. १५७।५६ बाँकी राखी म्याद टाँस हुँदा समेत बुझाउन नल्याई बर्खास भएको र सो बाँकी बुझाउँछु सो तालुकी म पाउँ भनी भुमलुं बस्ने सेरबहादुरको दर्खास्त परेकोले तिमीहरूलाई झिकी सोधिन्छकि सो तालुकी निजले पाएमा तिमीहरूको मंजुर छ छैन भए सो तालुकी दामकाम निजले गर्न सक्ने नसक्ने केहो निजले तालुकी नपाउने वात कसुर लागेको छ छैन निजले मालपोत ह्रासी खाएमा तिमीहरूले बुझाउने गरी जमानी हुनमा मंजुर छ छैन भनी आज यस अड्डावाट हामीहरूलाई सोधनी गर्दा हामीहरूको चित्त बुझ्यो सो हामीहरूका मौजाको तालुकी निज सेरबहादुरले पाएमा हामीहरूको मंजुर छ सो तालुकीदार काम गर्न सक्ने माथवरबाट कसुर केही नलागेको मानिस हो हामीहरूले बुझाउनु पर्ने मालपोत टायम टायमै निजलाई बुझाई मालमा बुझाउन पठाउनेछौं निजले धनजमानी हामीहरू भयौं निजले ह्रासी खाए हामीहरूबाट सो ह्रासी खाएको मालपोत उपर गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिनु भनी हामीहरूका खुसीराजीसंग तालुकीमा सेरवहादुरलाई मान्न राजी भई धनजमानी समेतभै कागज लेखिदियूं झुटाकुरा लेखीदिएको ठहरे ऐन सवालबमोजिम वुझाउँला भनी काभ्रे पलांचोकमा अड्डामार्फत श्री ५ सरकारमा चढाऱ्यू ।

तपसील

काभ्रे	इलाका	भुमलु वस्ने	प्रेमवहादुर खडका १
ऐ	ए	ऐ	जितपति लामा १
ऐ	ऐ	ए	जगतबाहादु तामाङ् १
ऐ	ऐ	ऐ	भीमवहादुर तामाङ् १
ऐ	ऐ	ऐ	दण्डपाणि उपाध्याय १

सम्वत् २००३ साल गते रोज शुभम्

वाहाली पुर्जीको ढाचाः-

काभ्रेपलाँचोक मालअड्डाबाट

जिल्लै काभ्रे भुमलु वस्ने सेरबाहादुर तामाङ्के पुर्जी उप्रांन्त मैाजे भुमलुको जिम्मावाल पहलमानले वुझाउनुपर्ने २००१ सालको मालपोत मो.रु. १५७।५६ वुझाउन नल्याएको बाट म्याद टाँस गर्दा समेत म्याद गुजारी नसकेको र सो बाकी मो.रु. १५७।५६ म वुझाउँछु सो तालुकी म पाउँ भंने २००२ साल ज्येष्ठ १७ गतेमा तिम्रो म्यादभित्र दर्खास्त परेको हुनाले सो तालुकीमा तिमीलाई मान्न मंजुर छ छैन सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तालुकी दरका गर्नसक्ने नसक्ने र बात कसुर लागेको छ छैन निजले मालपोत ह्यासी खाएमा बुझाउने गरी धनजमानी हुन मंजुर छ छैन भनी सो गाउँका रैती प्रेमवहादुर समेत ५ जवान बुझिएमा तिमोले तालुकी पाएमा मंजुरभई दाम काम गर्न सक्ने र बात कसुरसमेत नलागेको मानिस हो निजले मालपोत ह्यासी खाएमा बुझाउछौं भनी धनजमानी समेतभई कागज गरिदिएकोले सो तिमीले दाखिल गरेको मालपोत बाँकी मोहरु १५७।९६ र तालुकीको श्री ५ सरकारमा लाग्ने सलामी मोरु २। श्री ३ माहाराजका हजुरमालाग्ने मोरु १। श्रीकम्यांडर इन चिफ साहेवका हजुरमा लाग्ने मो.रु. १। समेत सलामी मोरु ४। समेत २००२।२।२५ मा सदरस्याहामा आम्दा-नी बाँधिएकोले सो मौजे भुमलुंको पहलमानले गरिआएको खेततर्फको तालुको २००२ साल्का बालीदेखि दामकाम् गर्ने गरी बाहाली पुर्जी गरिदिएको छ गाउँमा गई मोही रतीलाई राजीखुसी राखी कामकाज गर्नू रैतीलाई दुःख पीर टंटा नलाग्ने रकम समेत नलगाउनू नलिनू रैतीवाट उठाउनपर्ने मालपोत टायम टायम भै असुल गरी दाखिल गर्न ल्याउनू ऐनसवालले अवा-दगर्न हुने जग्गा मालमा दर्खास्त दिनलगाई अवाद गराउनू सरकार अड्डाखानाबाट उर्दीपुर्जी भै आउँदा तनदेहीसाथ काम काजगर्नू मोही रैतीलाई दुःख पीर टंटादिई बढी रकम कलम लिए खाएको र आएको उर्दीपुर्जि बमोजिम नगरी अटेर गरेमा औ मालमा बुझाउनुपर्ने बाली रैतीवाट उठाई ह्यासी खाएको समेत ठहरेमा ऐन सवालबमोजिम सजाय भै तालुकीबाट समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चर्खास हुनेछौ सो जानी जिम्मावाली दामकाम चलाउने कामगर इति सम्बत २००२ साल गतेरोज शुभम्

पल्लोकिरात कार्कीपट्टीया तालुकदार सुवा राईहरूले पनि बुझाउनुपर्ने तिरो वैशाख महीना भित्रै वेमाख गरी बुझाउनुपर्छ। सो म्यादमा नबुझाए अरूलाई टाँस हुने सरहनै २२ दिने म्याद पुर्जी टाँसिदिनुपर्छ। सो म्यादभित्र साबिकै तालुकदारले बाँकी चुक्ती गरी बुझाएमा तालुकी थामिन्छ। निजले बुझाउन नल्याई सो टाँसिएको ७ दिनेम्याद लीम्बुले नै सो बाँकी तिर्न सकार गरी बांकी रुपैयाँ समेत बुझाउनल्यायेमा सो तालुकी सो सकारगर्नेले नै पाउँछ। निजको जो चाँहिने कबुलियतसमेत गरी वाहाली पुर्जि गरिदिनुपर्छ। किपटिया लिम्बुले बाँकीसकार गरी तालुकी लिन नआई (अरू जातका मानिस) ले बाँकी बुझाउने गरी तालुकी सकार गर्न आएमा सो बाकी सो किपटिया आई बुझाउन ल्याएकावखत बाकी बुझी सो तालुकी निजैलाई फिर्तादिने गरी बंधकी सरहको तालुकी पाउनेको कबुलियत समेत गराई वाहाली दिनुपर्छ। त्यस्तो गरिआएको तालुकी पछि किपटिया तालुकदार आई बाँकी बुझाएमा तालुकी पाउछ।

तालुकदारले बुझाउनुपर्ने तिरो चुक्तिवेमाख नगरेकोबाट टाँसिएको २२ दिनेम्यादमा सो साविक तालुकदारले र अरूले समेत बाँकी बुझाउन नआइ गुज्री सकेपछि सोही साविक तालुकदारले बाँकी बुझाउन ल्याए पनि तालुकी थामिंदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाली बेस्माखगर्न

रैती तालुकदारले आफूले बुझाउनपर्ने बाली म्यादभित्र बुझाउन नल्याएबाट टाँस गर्दा बालेकुत (अरूले खापका बाली बुझाउने) मा अरूले सकार गरी जग्गा तालुकी लिएमा भने सो रैती तालुकदारसँगको बाँकीमा निजहरूकै जायजात गरी नपुगे कैद ठेकी उपर गर्नु पर्छ।

रैतीसँगको बाकीमा

मोही रैतीसँगको बाली बाँकीमा टाँस हुँदा बुझाउन नल्याएकोबाट टाँस हुंदामा बालेकुतमा अरूले सकार नगर्दा पछि जोजति बाँकीछ त्यतिले खामेसम्मको निजको जायजात गर्न कारिन्दा सिपाही र साछीसमेत खटाई पठाई जायज़ात गर्नु पर्छ। सो जायजात गर्दा तालुकदार सरजमीन भलादमी राखी तायदाती मुचुल्का (जायजात यो यो माल आएको भन्ने) खडा गरी आएको धनमाल ल्याउनुपर्छ सो धनमाल साछी राखी लीलामको बराबरी मुचुल्का खडा गरी सबैभंदा वढी रुपैयाँमा सकारगर्ने मानिसका नाउँमा लीलाम खतम् गरी सो कबोल गरेको रुपैयाँ असूल गरी लि सो मोहीसङ्गको बाँकीमा वेहोरा जनाई स्याहामा आम्दानी बाँध्नुपर्छ। सो लिलाम गर्दा लिनुपर्ने बाकीभन्दा वढी हुन आयो भने जम्मै सदर स्याहामा आम्दानी बाध्नुहुदैन चाहिने जति सदर स्याहामा आम्दानी बाँधी वढी जति रैती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फिर्तालिन आएमा फिर्ता दिनेगरी ढरौटी स्याहामा आम्दानी बाँधी राख्नुपर्छ। सो तायदाती मुचुल्का लिलामी मुचुल्का स्याहामा भिडाउन कुमारीचोकमा पठाउनु पर्छ।

सो जायजातमा बढी हुन आएको फिर्तालिन आउनु भनी मोहीलाई खबरदिइ फिर्ता लिन आएपछि ढरौटी स्याहामा खर्च लेखी फिर्ता दिनुपर्छ।

बाँकी बापत एकपटक जायजात गर्दा वालीबाँकी जम्मै उपर हुनसकेन भने फेरी जायजात गर्न हुँदैन। सो रैतीलाई पक्राउगरील्याई सो बिगोमा महिना १ को मोरु ९। का दरले जति कैद ठेक्नुपर्छ कैद ठेकी चलानीसाथ नजिक अदालतमा बुझाई सो अदालतका भर्पाईबमोजिम ढपोट्मा सो बाँकी मिह्रा लेख्नुपर्छ।

सरकारी बिगो लिनुपर्ने मानिस पक्राउगरी सो बाँकीमा कैद ठेकी अदालतमा बुझाई अदालतका भर्पाईबमोजिम मिह्रा लेख्नु भने मुलुकीसवालको वहीबुझ्ने बारेको १४ दफाको सवालछ।

तालुकदारसँग

तालुकदारले बुझाउनुपर्ने मालपोत म्याद भीत्र नल्याएमा म्याद टाँसहुँदा पनि ल्याएन अरूले पनि बाँकी सकार गरी लिनआएनभने सो बाँकीमा निज तालुकदारको पहिले जायजात रोक्का गर्नुपर्छ। सो रोक्काराख्नलाई साक्षी र कारदारकारिन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खटाई सो बाँकी रुपैयाँले खाम्ने धनमाल घरखेत तायदाती गरी मुचुल्कामा सबै खोली सोही गाउँ या वरपरका माथवर मानिस जिम्मा लगाई १ प्रति तायदाती निज जिम्मा लिनेलाई दिई निजसँ भर्पाई गरिराख्नुपर्छ।

त्यो बाँकीवाला तालुकदारका जिम्माका रैती जति छन् तिनीहरूसँग लिनुपर्ने बाली त्यो तालुकदारले उठाइ सके न सकेको बुझ्नुपर्छ। सो बुझ्दा रैतीहरूले आफूले तीरो बुझाएको सो तालुकदारको सही परेको रसीद अधकट्टी दाखिल गर्नुपर्छ सो तीरो बुझाएको रसीद अधकट्टी दाखिलगर्नेसँग नीज ले तिर्नु पर्ने तीरोमा पक्राउ गर्नु हुँदैन । रसीद अधकट्टी दाखिल गर्न नसक्नेसँग भने नीजले बुझाउनुपर्ने तीरो असुल गरी लिई सो तालुकदारसँगको बाँकीमा भर्नागर्नेगरी आम्दानि बाँध्नुपर्छ । सो रैतीसँग तालुकदारले वाली असूलगरी अड्डामा नबुझाए जतिको बीगो जति छ उतिनै डंड लाग्छ सो रसीद अधकट्टी दाखिलगरेजति नीज तालुकदारले मसौदगरी खाएको ठहराई फैसलासमेत गर्नु पर्छ । नीजलाई लाग्ने डंड जति छुट्टै लगत किताबमा लगत कसी राख्नुपर्छ रैतान बाँकी देखिए जतिमा भने डंड हुँदैन।

रैती भुक्तानी बुझ्दा तालुकदारले उठाई मसौदगरी खाएको देखिन ठहर्न आएजतिमा नीजको रोक्का रहेको जायजात साक्षी राखी लिलाम बिक्रीगरी आएको मोल नीजसँगको बाँकीमा आम्दानी बाँध्नुपर्छ। सो जायजात लिलाममा आएको रुपैयाँ मालपोत बाँकीमा भर्ना गरी वढीहुनआए डंडवापतमा आमदानी बाँध्नुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जायजात लिलामबिक्रीगर्दा नीजसँग लिनुपर्ने मालपोत. डंड जम्मै उपर भएनभने फेरि जायजातगर्न हुँदैन। सो बाँकीमा नीजलाई पक्राउगर्न पठाई पक्राउ भई आएमा मालपोत बाँकीमा महीना१को मो.रु ९। र डंडमा मो.रु.१२।का दरले कैदकट्टा हुनेजति जति कैद ठेक्नु पर्ने हो अंक देखाई चलानीसाथ नजीक अदालतमा बुझाई सो अदालतमा भर्पाईबमोजिम् सो तालुकदारसँगको मालपोत बाँकी र डंडसमेत ढपोट्मा लेखे हुन्छ। त्यस्ता तालुकदार उमेरका हदबाट कैद भुक्तान नभई छुट्न सक्तैन।

(सो मिहा लेख्ने मुलुकीसवालको बही बुझ्नेबारेको२४ दफा भएको माथि नै लेखिएको छ)

मसौदागर्ने तालुकदार मरीसकेको र बेपत्ता भएमा समेत नीजको जायजात भईसकेपछि नीजको हकदार पक्राउ हुनसक्तैन। नीजले तालुकी पाउँदा रैती नै जमानी भएको भए सो बाँकी मालपोत रैतीबाटै र अरू नै जमानी भएको भए त्यसबाट बाँकी जम्मै तिरोलिई नतिरे जायजातसमेत गरी लिलाम बिक्रीबाट आएको रुपैयाँ बाँकीमा आम्दानी बाँध्नुपर्छ। धनजमानी हुनेको जायजात भएपछि पनि उपर नभई बाँकीरहेमा धनजमानी कैद ठेकिन सक्तैन।

मसौदगरी खाने तालुकदार मरी उपर हुनसक्ने जति उपर भई बाँकीरहेकोमा र बेपत्ता हुनेकासमेत धनमाल दबाय छपाएको भए ७ दिनभित्र उजूर गर्न आउनु भनी म्याद टाँसीदिनुपर्छ। सो म्यादभित्र जायजात दबिएछपिएको पत्तालाग्न आए सो पनि लिलाम बिक्रीगरी बाँकीबापतमा आम्दानी बाँध्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मर्ने तालुकदारसँग र बेपत्ताहुने तालुकदारसँगको बाँ
खुपर गर्ने ठाउँ नभएमा मिन्हालाई जाहेर गर्नु पर्छ। सो जा
गर्दा मर्नेसँगको बाँकी लगतै कट्टा गर्ने र बेपत्ता भए जति
नीज पक्राउ भएमा कैद ठेक्नेगरी छुट्टा किताप खडा ग
राखी ढपोट्मा मिन्हा लेख्ने गरी जाहेर गर्नु पर्छ।

पल्लोकिरातका किपटीया लिम्बु तालुकदारसँग बाँ
हुन आएकोमा म्याद टाँसमासमेत कसैले बँकी सकार
लिएन भने नीज तालुकदारको के कति कीपट् जग्गा र
सो जग्गा रैकर गर्दा सरकारमा फाइदा नोक्सान के हुने र
सो हिसाव समेत देखाई जाहेरगरी निकासा भई आएबमो
गर्नु पर्छ।

(यस्ता कीपट् रैकर गर्दा सरकारलाई फाइदा नभई नोक्स
किन पर्छ भन्नेशंका आउँछ-नीजको कीपट् रैकर भई सके
नीज बाँकीवाला कीपटीया आएमा सो बाँकी नीजसंग
पाइदैन जस्तै कीपटीयासंग रु ४००। बाँकी छ नीजको की
रैकर गर्दा सालको रु. २। मात्र आउने भयो। पाहाड्का
को मोल रु ६। उठती भएको जगाको मोरू १००। मोि
त्यस हिसाववाट रु.४०० मो.रु. २। उठती हुने जग्गा रैकर
नोक्सान पर्ने पनि देखिन्छ।)

ब्याजवाला घासी घोसी सीलौटे रकम् असूल गर्नु पर्ने
सालको सालसाले असूल वेभाख गर्नु पर्छ। सो असूल गर्न
मालका हाकिमको घरघरानाबाटै बुझाउनुपर्छ। सो रकम
अर्को सालमा जिम्मावारी सार्न पाइँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तालुकदारसंग असूल गर्नालाई डोर खटाइ पठाइ डोरबाट असूल गराउन हुँदैन। बुझाउन ल्याउनु भनी तरताकिता गर्न भने पठाउनु पर्छ।

तालुकदारसंग धेरै बाँकी नभई चानचुन अर्थात नीजले बुझाउनु पर्नेको सैकडा रु. ५. सम्म बाँकी रहेछ भने टाँसगरी-रहनु पर्दैन। पक्राउ गर्न पठाइ असूल गर्नु पर्छ।

जायजात गन बाँकीवाला पक्राउ गर्न समेत पठाउँदा हुल हुज्जत गरेमा नजिक गौँडागोस्वाराबाट पल्टनिया जवानको पूरा मद्दतलिई पठाइ असूलगर्न र पक्राउगर्न लगाउनु पर्छ।

सो बाँकीवाला तालुकदारको जायजात भइ लिलामविक्री गर्दा सरकारको लिनुपर्नेभन्दा बढी आएमा सो बढी नीज तालुकदारले फिर्तालिन ३ बर्ष भित्र आएमा पाउने हुनाले सो नआए सम्म ढरौटी स्याहामा आम्दानी बाँधी राख्नुपर्छ । ३ बर्ष भित्र नआए सदर स्याहामा आम्दानी बाधे हुन्छ फिर्ता दिनु पर्दैन।

बाँकीमा टाँसिएको २२ दिने म्याद नाघिसकेपछि अरूले सोही तालुकदारले तालुकी पाउँ भनी बाँकीदाखिल गर्नआएमा सो रुपैयाँ ढरौटीमा आम्दानी बाँधी सो तालुकी थाम्न र दिन बाहेरगर्नु पर्छ। अड्डैबाट थामिदिन हुँदैन।

तालुकबाट बर्खास भएकासंग सरकारी बाँकी लिनुपर्नेमा सो तालुकदारले मालमा दाखिल गरेका रुपैयाँको खाँगी नीजले नपाउने भएको भए पनि सो खाँगी खर्च लेखी सो बाँकीमा-मर्नागर्न हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मालपोत असूलगर्दा अघिल्लो सालको मालपोत ठाडै बाँ
राखी पछिल्लो सालको बाली असूल गर्न हुँदैन । त्यस्तोग
असूलगरेको देखिन आयो भने सो अघिल्लो सालको बाँकीमा
किम तहरीर कारिन्दा जवाफदेही हुनुपर्छ ।

अपुताली परेका मोहीको जग्गा अपुतालीखाने हकदार
सकारगरेसम्म नीजैले पाउँछ । त्यस्ताको जग्गा हकदारले सक
नगरी बाली उपर नभइरहेको तालुकदारको दर्खास्त पर
भने सो जग्गाको पोत बाँकी यति समेत बुझाई सकार गर्न आउ
भन्ने तारेख मुकर गरी अड्डामा १,सबैले देख्ने ठाउँमा १, जि
मौजामा १ समेत म्याद टाँसीदिनुपर्छ । सो तारेख मुकर गरे
दिन कबूल गर्न आए पहिला हक हकदारले पाउँछ दोस्रो अ
पाउँछ। सो कबुलगर्नेबाट बाँकी बाली लिई आम्दानी बाँ
जग्गाको बाहाली गरिदिनुपर्छ। त्यस्ता जग्गा कसैले सक
नगरे तालुकदारले नै सकारगरी बाली बुझाउनु पर्छ । बाँ
राखेमा मिन्हापाउँदैन ।

दर्तावाला मोही पर्देश गइरहेको भए पनि त्यस्ले बुझाउनु
बाली त्यसका घरका जाहानले बुझाउनु पर्छ । दर्तावाला
भनी बाँकी राख्न पाउँदैन । घरका जाहानले नतिरे जायजात
उपरगर्नु पर्छ । त्यतिगर्दा पनि उपर नभए सो जग्गा नै बा
कुतमा नीलामबिक्री गरी उपर गर्नु पर्छ ।

बाँकीवालाको जायजातगर्दा बीर्ताजग्गा आएमा सो बीर्ता
उठती बुझी डंडसजायका नं का ऐनबमोजिम् सो उठतीको
बबाट मोलकायम गरी ठहरेको मोल नीज बाँकीवालासंग लि
बाँकीमा असूलगर्नालाई सो जग्गा रैकर दर्तागर्न पाहाड ब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बस्त लगत फाँट्मा लगत दिनुपर्छ। सो लगत बुझापपछि सो ठहरेको मोल सो लिनुपर्ने बाँकीमा ढपोट्मा मिहा लेखे हुन्छ ।

(बाँकीवालाको जायजातमा बीर्ता जग्गा आपमा ऐनबमोजिम मोलकायम गरी सो जग्गा रैकर दर्ता गर्न पा. वं. लगतफाँट्मा बुझाई सो मोलबमोजिम बाँकी मिहा लेख्नु भन्ने बही बुझ्नेबारेको मुलुकी सवालको १५ दफा छ।)

तालुकदार भर्नागर्ने

वाली बाँकी बुझाउनल्यापमा तालुको थामिने र पाउने स्याद गुज्री खालीरहेको र तालुकी राजीनामा गरी छाडी खालीहुनआपको तालुकीमासमेत रैती रोजाई नयाँ तालुकदार बंदोबस्त गर्नु पर्छ। वन्दोवस्त गर्नु पर्दा रैती रोज्न कारिन्दा पठाई जसलाई धेरै रैतीले रोज्छ त्यस्लाई तालुक दिनहुनेमा उसको धनजमानी सो रैतीहरू नैलिई सो रोजिपका मानिसको कबुलियतगरी तालुकीको बहालोपूर्जि गरिदिनुपर्छ।

(काम हुन आपको तालुकी बन्दोवस्त गर्दा उस ठाउँका रैती रोजाई धेरै रैतीले रोजेकालाई नीजले सरकारी दामकाम हिनामिनापारे हामी बुझाउँला भनी तिनै रैती जमानी लिई दिनु भंने जग्गा पजनीको २१ नं. को ऐन छ)

तालुकदार मरेकोमा सो मरेका ३५ दिनभित्र त्यस्का हकवाला छोरा स्वास्नी भाईहरूलाई दर्खास्तगर्न आपमा सो मरेको हो होइन बुझी मरेको ठहर्न आपमा सो तालुकी नजीकको हक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दारले पाउँछ। त्यस्ता हकदार नाबालख (१६ वर्ष मुनिको) या स्वास्नीमानिस हुनआई निजले तालुकी पाउने हुनआएमा नीजहरूले र तालुकदार अंधो भएमा त्यस्ता अंधालेसमेत आफ्नासट्टा दामकाम गरिदिने हकदार १ जना राखेमा मात्र तालुकी पाउँछ। राख्न नसकेमा पाउनसक्तैन। सारा दामकाम गर्ने हकदार राखेमा भने नामदर्ता उनीहरूकै गरी दामकाम सो सट्टा वस्नेवाट गर्न लगाउनुपर्छ। सो सट्टा वस्नेको दामकाम गर्ने वेहोराको कवुलियतगरी चलन- पुर्जि पनि गरिदिनुपर्छ। नावालख उमेर पुगेपछि भने तालुकी दामकाम त्यसैले गर्नपाउँछ। हकदार २।४ जना भई तिनीहरूको बरावर हक रहेछ भने ती सबैले पालोशान्ती तालुकी दामकामगर्न पाउँदैन। तिनीहरूमा जस्लाई धेरै रैतीले रोज्दछ उसैलेमात्र तालुकी पाउँछ।

तालुकी राजीनामा गर्नपाउँ भनी श्रीपंचमीसम्ममा आई आफूले दामकाम गरेको बाँकी बेमाखगरेमा नजीक गौंडा गोस्वारा साक्षीराखी राजीनामा गराउनु हुन्छ।

(तालुकी कामगर्नेले श्रीपंचमीसम्ममा बाँकी बेमाख गरेमा गौंडागोस्वारा साक्षीराखी राजीनामा गराउनु भने जग्गापजनीको २३ नं. को पेन छ)

जग्गा दवोट्को मुद्दापरो पोलाहाले तालुकीपाउने फैसला गरी लेखिआएमा नीजलाई पनि रैतीरोजाइ रैतीले मंजुरगरेमामात्र तालुकीको बाहाली गरिदिनुपर्छ। रैतीले मंजुर नगरी वा अरू कुरावाट समेत त्यस्ताले तालुकी नपाउने हुनआएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जग्गा पोलगरे वापत नीज पोलाहालाई सो पोल गरेका जग्गा-को सैका ३० सम्म कमिसन दिन जाहेर गर्नुपर्छ।

अघि बाँकीलागी वर्खास्त भएका तालुकदारकै अदालती बन्दोवस्तका ५० नंवरमा लेखिएका नातापर्ने मानिसले बाँकी-बुझाइ तालुकी पाउँ भनी दर्खास्त गर्न आएमा रैतीहरूका नाउँमा बाँकी तिर्न अरू मानिसलाई तालुकीयान मंसुवा भए ७ दिनभित्र दर्खास्त गर्नआउनु नआए सोही दर्खास्तवाला-ले नै तालुकी पाउनेछु भन्ने म्याद टाँसीदिई सो म्यादमा अरूलाई रोजी त्यस्ले बाँकी बुझाए तालुकी त्यस्लाई दिनुपर्छ। अरूलाई नरोजे सोही दर्खास्तवालाले नै तालुकी वाहाली पाउँछ।

पल्लो किरातका किराती किपटीयाले सुवांगी, राई, पगरी पाइ तालुकी गरी आएकोमा त्यसबाट भागवन्डा फुटाइ मेरा ना-उँमा तालुकीको सुवांगी या राइ पगरी गरीपाउँ किपट् जग्गा र सलामीसमेत बुझाउँछु भनी बिन्तिपत्र दिएमा रिपोट गर्ने महलमा लेखिए बमोजिम् जाहेरगरी लालमोहर तेरिज पाएपछि तालुकी त्यस्का नाउँमा दर्तागरी त्यस्का भागको जति त्यसबाट तहसील गर्नु पर्छ।

माझकिरातका किरातीले पनि राईपगरी फुटाई पाउँछ तर ताहाँका किपटीयाले जग्गा चढाउनु पर्दैन, सलामीसमेत-बुझाए पुग्छ त्यस्ता पनि जाहेरगरी तालुकी राइपगरी पाएपछि त्यस्को नाउँ दर्तागरी त्यसबाट तहसील गर्नु पर्छ।

खाली भएको तालुकदारी बन्दोबस्त हुन नसकेसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रैतानबाट बाली तहसील गर्नलाई मालका हाकिमले तहविल्दार भन्ने दर्जा दिई नीजले खेततर्फको बाली उठाई ल्यापमा सयकडा रु. (रु. १०५. मा रु. ५) ५. का दर्ले खांगीपाउनेगरी पत्यारको मानिस भर्ना गरी तहसीलगर्न लगाउनुपर्छ। त्यसले बालीउठाइ हिनामिना पारेमा हाकिमले नै बुझाउनुपर्छ। त्यस्ले दर्जाको ब्याज पनि लगाउन पाउँ छ।

सो भर्नाहुने तालुकदार तहसीलदारमा किराती पगरी पाउँनेबाहेक अरूलाई देहायबमोजिमको सलामी लाग्छ। सो सलामी असूल गरी आम्दानी बाध्नुपर्छ।

साबिक तालुकदार मरी हकदारले पाउनेमा श्री ३ महाराजका हजुरमा लाग्ने सलामी मोहरु १

नयाँ तालुकदारी पाउनेलाई लाग्ने सलामी मो. रु. ४।

श्री ५ सरकारमा लाग्ने मो. रु. २।

श्री ३ महाराजमा लाग्ने मो. रु. १।

श्री कम्यान्डर-इन-चीफमा लाग्ने मो. रु. १।

तहसिलदारमा रु. १०० भन्दा वढी खांगी खानेलाई लाग्ने सलामी मो. रु. २।

श्री ३ महाराजमा लाग्ने मो. रु. १।

श्री कम्यान्डर-इन-चिफमा लाग्ने मो. रु. १।

नयाँ तालुकदार भर्ना भएपछि मोठ नम्बरी र ढपोट्सा समेत नीजको नाम दर्ता गरी असूल गर्नुपर्ने बाली नीजका नाउँमा लगत कस्नुपर्छ। सो तालुकी दाखिल खारेज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छुट्टै किताप खडागरी हाल साविकमा बुझ बुझारथमा चलाउनुपर्छ। त्यसको १ प्रति पाहाड बन्दोबस्त लगत फाँटमा पठाउनुपर्छ।

तालुकदारी दिंदा रकमबन्दोबस्तका २ नं. मा लेखिए बमोजिम वातलागेका मानिसलाई र बाँकी लागी झेलखानामा परिसकेका मानिसलाई दिनु हुँदैन।

पाहाडको तालुकी खरिद बिक्री गर्न दिन हुँदैन। गरिसकेको रहेछ भने पनि बदरगरी त्यस्तो तालुकी रैतीले रोजेका मानिसलाई दिनुपर्छ।

खेती गराउने

आफ्ना जिल्लामा टायम टायममा पानी परे नपरेको र खेत रोपिए नरोपिएको बुझ्दै गर्नु पर्छ सदरमालले धान रोपाई भएको फाँट ७।७ दिनमा जिम्मावाल भएका ठाउँमा जिम्मावालबाट र नभएका ठाउँमा मोही माइकेबाट लिई कृषिपरिषद्‌ अड्डामा पठाउनुपर्छ।

टायममा पानी नपरी रोपाइ हुनसकेन भने जिल्लामालले मो.रु. २०१ सम्म मालको आम्दानीबाट पानीमाग्नालाई पूजानिमित्त खर्च गर्न पाइन्छ। नजीक गौंडा या गोस्वारा साक्षी राखी सोबमोजिम खर्चगरी मिहालाई गौंडा गोस्वारामा जाहेरगरी सो अड्डाबाट मिहा दिने निकासा भएपछि खर्च लेख्नुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(यति रुपियाँ यो काममा खर्चगरी मिहा गराई लिनु भने सनद सवाल भईरहेको कलम मिहालाई गौंडा गोस्वारामा रिपोट गरी सो अड्डावाट मिहागर्ने निकासा दिनु भने मुलुकी सवालको बहीवुझ्ने बारेको २५ दफाको सवाल छ)।

पाहाडतर्फ ठाउँ ठाउँमा हिउँदेबाली लगाउने चलन नभए-कोले त्यस्तो हिउँदेवाली नलगाउनेहरूलाई राम्रोसँग सम्झाई बुझाई हिउँदेवाली लगाउन लाउने कोसिस गर्नु पर्छ। सो हिउँदेवाली लगाएमा तिरो वढी लाग्दैन।

कुलो पानीमा झगडा परी रैती दुनियाँ कराउन आएमा खेती लगाउने टायम अगावै भए अदालतमा नालेसगर्नु भनी सुनाइ दिनुपर्छ। वैशाखदेखि भाद्रसम्म बालीलगाउने टायममा उजूर गर्न आएमा भने गौंडा गोस्वाराका हाकिम असिस्टेन्टमा १ जना र मालका हाकिमसमेत सरजमिनमा गई जाँची हक पाउनेलाई पानी दिलाई जग्गा रोपाउन लगाउनुपर्छ। मालदर्ता भएका जग्गामा लाग्ने कुलो बाँध भत्की कुलो अलाग (कुलो नआउने) भो भनी तालुकदार रैतीहरू कराउन आए गौंडा गोस्वाराका हाकिम र मालका हाकिमसमेत सरजमी-नमा गई जाँची सो कुलो बनाउन गाउँका मद्दतले पुग्ने भए गाउँको मद्दत उठाई बनाउन लगाउनुपर्छ। गाउँको मद्दतले मात्र नपुग्ने भए गौंडा गोस्वारावाट समेत मद्दत दिई बनाउन लगाउनुपर्छ।

नयाँ कुलो बनाईँ ल्याउँदा धेरै जग्गा पाटी (पानी लाग्ने)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरकार रैतीलाई फाइदा सुविस्ता हुन्छ भनी कसैले जाहेरगर्न आयो भने जाँच्न पठाई खर्च लगाइँदा कुलो बनाउँदा फाइदा हुने भएमा खर्चको अंजाम र अवादहुने जग्गाको अंजाम गरी खुलासा बेहोरा कृषिपरिषद मार्फत जाहेर गरी निकासा भई आएबमोजिम गर्नुपर्छ ।

बाली लगाउने टायममा पानी नपरी बाली लगाउन पाइएन भने जग्गा बाँझै राख्न लगाउनु हुँदैन । त्यस टायममा जुन बाली लगाउनाले पाक्ने हुन्छ सो बाली लगाउन लाउनुपर्छ ।

मालबाटै खर्च र मिन्हा लेखे हुने

पूर्व जिल्लामा धुरीपिछे झारा रकमलागी मोठ् नम्बरीमा लगत कसिएको छ । सो रकम तिर्ने मानिस सदर पल्टनमा जागिरे भएमा त्यस्ताले कंपुतिर्जा अड्डाको पुर्जिमा कम्याण्डरी कितापखानाको छाप लागेको पुर्जि ल्याएमा र गाउँको मुखिया हलपाटे जग्गा नभएका राँडी स्वास्नीमानिस, बाबु आमा मरी टुहुरा भएका नाबालख अघिदेखि लागीनआएका ब्राह्मण रजपुत जातलाइ समेत झारा रकम् लाग्दैन । सोबमोजिम बुझी सो लागेको झारा रकम ढपोट्मा मिन्हा लेखे हुन्छ ।

गौंडा गोस्वारामा रहेका सिकारीले बाघ मारी सो छाला जंगी-अड्डामार्फत श्री ३ महाराजका आठपहरीया गारतमा दाखिल गरेको भर्पाई ल्याई सो बाघ मार्नेको नामासी गौंडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोस्वाराबाट दिएकालाई सो अड्डा साक्षी राखी बाघ १ मार्ने लाई मो.रु. ५। का दरले वक्सखर्च स्याहामा लेखिदिए हुन्छ।

आफ्ना जिल्लाका कोट्मौला (बाइसे चौबीसे राजाका पालादेखि मुख्य मुख्य ठाउँमा कोट्मौला राखी दशैंपर्व पुजा गरी राखेको ठाउँमा दशैं पर्व पुजा गर्नालाई जग्गा नरहेको ठाउँलाई खर्चको दरवन्दी ठेकिएको छ) मा र देव देवताको स्थानमा पर्व पर्वमा पुजाआजा गर्नालाई समेत ठेकिएको दरवन्दीवमोजिमको पुजा खर्च सो पुजागर्ने मानिस हस्ते खर्च लेखी दिनुपर्छ। सो वमोजिम खर्च गरे नगरेको चेक जाँच गर्न पठाउनु पनि पर्छ। कुनै ठाउँमा पर्वपुजा गर्ने मानिस नभएमा मालबाटै अमानतगरी सो पर्वपूजामा ठेकिएका दरवन्दीबाट खर्च गर्नुपर्छ रोक्नु हुँदैन। खांगीखुवा छँदा सो खुवाबाटै मामुली चलाउन खर्चदिइ राखेकोमा सो खाग्गीबाट सो खुवा खारेज भईआएपछि सो ठाउँमा कोत पर्वपूजालाई यति खर्च निकासा गरीपाउँ भनी गाउँका तालुकदारको उजुर पर्न आयो भने सो वमोजिम खर्चगर्नु पर्ने हो होइन भनी तालुकदार अमाली (जागिरको उठती गन) समेत सबै वुझी त्यसका निमित्त जग्गा रहे नरहेको स्रेस्तासमेत हेरी जग्गा रहेको देखिए त्यसैबाट काम चलाउने बन्दोवस्त गर्नु पर्छ। नरहे खर्चको फाँट र दरवन्दीसमेत खोली जाहेर गरी निकासा भईआएवमोजिम दिनुपर्छ। यस्तोमा जाहेर नगरी धर्मलोप गराउन हुँदैन। कुनै ठाउँमा मालका हाकिम गई काम जात्रासमेत चलाउन लाउनुपर्ने पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना जिल्लाका मानिसमा कसैलाई माहारोग (कोढी) लागेमा त्यस्ता मानिस गाउँघरमा राख्नु हुँदैन। त्यो रोगी गौंडा गोास्वराका मानिसले पकाउगरी कोढी-खानामा दाखिलगर्न पठाउँदा त्यसलाई सीधाखर्च रोज १ को मो.रु. ।२५ का दरले गुठीरकमका आम्दानीबाट सो मानिस जिम्मालिई जाने हस्ते वासलात (यति खर्च भयो भन्ने फाँट) बुझ्ने गरी गौंडा गोास्वाराका आडरबमोजिम चाहिने रुपैयाँ दिइपठाउनु पर्छ। सो रोगी दाखिल गरेको भरपाई र खर्च भएका रुपैयाँको वासलात दाखिल गरेपछि वर्ष १ मा मो.रु. १०। सम्म अड्डाबाट गुठी रकमपट्टि मिन्हा लेखे हुन्छ । गुठी रकमको रुपैयाँ मौज्दात नभई सर्व रकमबाट खर्च गरेकोमा सोधभर्ना मिलाउन र रु. १० भन्दा बढी खर्च भएमा सो बढी मिन्हा लाई समेत श्री ५ सरकार गुठी बन्दोवस्तमार्फत जाहेर गर्नु पर्छ।

माल अड्डालाई नै ठेकिएको र अरु अड्डाखाना पर्ने कमनी मानिसलाई ठेकिएको तलब मसलंद र अरूलाई ठेकिएका हलबन्दी भत्ता, पेन्सन समेत यति रुपैयाँ हस्तेवारी (कुनै मानिस लाई दिने त्यसले बही बुझाउने स्रेस्तासमेत केही गर्नु नपर्ने) खर्च लेखिदिनु भन्ने सनद सवाल भईरहेजतिको अरू अड्डाखाना मानिस हस्ते दिनेमा सो अड्डाका हाकिम मानिसको रिपोर्टलिई दरदाम हरहिसाब जाँची ठेकिएको रुपैयाँ स्याहामा खर्च लेखीदिनुपर्छ। मालअड्डा जतिको जवानपिछे नै स्याहामा खर्च लेखिदिनु पर्छ। सो दिएमा दिन नहुने दिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा बढी दिएकोमासमेत वहीवुझाउँदा देखिएमा मालको हाकिमले नै वुझाउनु पर्छ। तलब खर्च लेखिदिंदा एकासालको तलब अर्का सालमा विनाकार्य कारणले खर्च लेखन र दि हुँदैन।

अरू अड्डालाई यति रुपैयाँ जिम्मावारी (रुपैयाँ लिनें स्रेस्तामा चढाई वहीवुझाउने) दिनु भन्ने सनदसवाल भएकोमा सोवमोजिम् सो अड्डाकाहाकिम तहविल्दारहरुते स्याहाम जिम्मावारी खर्च लेखिदिनु पर्छ । सो खर्च लेखेबमोजिम् उस अड्डाको स्याहामा आम्दानी वाँधेकोमा मालका हाकिम तह विल्दारले सहीछाप गरिदिंनुपर्छ। जिम्मावारी दिने भए प ठेकिएको रुपैयाँभन्दा बढी निकासा वेगर दिन हुँदैन।

पाहाड् मालको तहवीलमा रकम् रकम्को गरी सर्व रकमत जम्मा मो.रु ५००। र ढरौटी तर्फ मोहरू ५००। सम्म मात्र रा हुन्छ। ५००। भंदा वढी भएपछि नजीक ३ साँचा तहवील दाखिला गरी स्याहामा दाखिलाखर्च लेख्नुपर्छ। सो ३ साँ अड्डा छुट्टै नभएकोमा गौंडागोस्वारा माल अदालतको जिम्म हुने हुँदा दाखिला खर्चमा३अड्डाका हाकिमको सहीछाप गर्नु पर छुट्टै ३ साँचा अड्डा रहेको र मुलुकीखाना दाखिला गर्नेले अड्डाका हाकिम जिम्मा दाखिला गर्नेले सो अड्डाका हाकि जिम्मा दाखिला खर्च लेख्नुपर्छ। सदरमालले मुलुकीखा दाखिल गर्नेहुँदा अड्डामा रु.२०००। सम्म मौज्दात राख्नपाउ

३ साँचाको मौज्दात चलानगर्न रुपैया प्याक गर्न तो खिउन छाला खरीद गार्नु परेमा मो.रु १०। सम्म मोलवुझाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भर्पाईबमोजिम गौंडा गोस्वाराको निकासाले अड्डैबाट खर्च लेखिदिए हुन्छ ।

(३ साँचाको मौज्दात चलानगर्न तोडा सिउन छाला खरीद गर्नु परेमा वर्ष १ मा मो.रु.१०। सम्म मालका मौज्दातबाट गौंडा गोस्वाराका हाकिमका दस्खत गराई खर्चलेख्नु भन्ने मुलकी सवालको वही बुझ्ने बारेको ५७ दफा छ)

पशुरोगको औषधि झिकाउनालाई ठेक्कीरहेको रुपैयाँ मालबाट खर्चगरी मिहालाई गौंडा गोस्वारामा रिपोर्ट्गरी सो अड्डाले मिह्वा दिएबमोजिम स्याहामा खर्च लेख्नु पर्छ ।

यति रुपैयाँ यो काममा खर्चगरी मिह्वा गराइलीनु भंने सनद सवाल भैरहेकोमा गौंडा गोस्वारामा मिह्वालाई रिपोर्ट् गएमा सो अड्डाबाट मिह्वाको निकासादिनु भंने मुलुकीसवालको वही बुझ्ने बारेको ३५ दफाको सवाल छ)

अस्पतालमा भर्ना भइरहेका बेवारिसी मानिस मरी लास जलाउनुपर्ने भएमा मो रु. २।५० र गाड्नुपर्नेमा मो.रु.१। सम्म खर्चगरी स्याहामा खर्च लेखे हुन्छ ।

पक्का रकमको आम्दानी स्याहामा आम्दानी बाँध्दा भुल भइ अर्को रकममा आम्दानी बाँधी दाखिलहुन नपाउँदै थाहा भयो भने अड्डैबाट आम्दानी बाँधिएको रकममा खर्चलेखी जुन रकममा आम्दानी बाँध्नुपर्ने हो उस्मा आम्दानी बाँधे हुन्छ । दाखिला भइसकेकोमा भने हुँदैन जाहेर गरी मात्र मिलाउनुपर्छ।

(पक्का रकमको आम्दानी भुलले अर्को रकममा आम्दानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाँधिएको रुपैयाँ दाखिला नहुँदै थाहा भए अड्डै बाट मिलाए हुन्छ। दाखिला भइ सकेको भए जाहेरगरी मिलाउनुपर्छ भन्ने मुलुकी सवालको बही बुझ्ने बारेको ३६ दफाको सवाल छ)

अमानती जिल्लाका खेततर्फका जिम्मावालहरूले आफूले तहसील गरी बुझाउनुपर्ने रुपैयाको जिम्मावाली खांगी सैकडा (१०५ रुपैयाँको रु. ५।) मो.रु. ५। का दरले पाउँछ। सो खांगी वैशाख महीनामा चुक्ति बुझाएका रुपैयाँको र बाँकीमा टाँस· भएका म्यादमा बुझाएका रुपैयाकोसम्म खांगी खर्च लेखिदिनु पर्छ। सो म्यादमा नबुझाएको र चुक्ति वेमाख नपारेका रुपैयाको खांगीखर्च लेखिदिन हुँदैन। सो खांगी दिंदा जुन जुन रकम तर्फको पोत बुझाएकोहो उस उस रकमतर्फबाटै खर्च लेखिदिनु पर्छ। सो खर्च लेखिदिदा सालतमाम् आषाड मसान्तसम्ममा दिनुपर्छ। सालतमाम सम्ममा नआए अर्को साल तमाम सम्म लिनआए दिए हुन्छ। त्यस्मा नआए तिम्रो खांगी लिन आउनु भनी १५ दिने म्याद टांसी दिई सो म्यादमा आए दिनु हुन्छ, नआए दिनु पर्दैन। ठेक्का थिति जिल्लाका खेततर्फका तालुकदारहरूमा पनि खांगी ठेकिएको छ। तर सो खांगी खर्च लेखी दिनेगर्नु पर्दैन। सो खांगी सो बुझाउनुपर्ने मालपोतको लगतमै कट्टा गरी लगत कसिएकोछ। पाखातर्फका तालुकदारले भने खांगी पाउँदैन। तिनीहरूलाई पाखाको सेर्मा माफी भै मोठ्मै मिहनत लेखिएको छ। फेरी रैतीबाट बेठी (खेतला) १ सम्म पनि लिन पाउँछन्। जिम्मावाल बाँकी लागी खाली भएकोले खांगी पाएको छ भने त्यसलाई खर्च लेखिदिन हुँदैन। सो खांगी खर्च लेखी बाँकी बाबतमा ओस्दानी बाँधी भर्ना गरेहुन्छ। सो ख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्नलाई त्यो जिम्मावाल आइरहनु पर्दैन अड्डैबाट आम्दानी खर्च मिलाए हुन्छ।

एउटा मालमा दाखिल गर्नुपर्ने मालपोत रुपैयाँ कसैले अर्को माल या अड्डामा दाखिलगर्न ल्यायो भने रैतीले वुझाउन ल्याएकोमा वुझाउनु पर्ने पोतमा सैकडा रु. ५। थपी र तालुकदारले वुझाउन ल्याएमा नीजले दाखिल गर्नल्याएजतिको हुन्डियान सैकडा ३ रुपैयाँ वुझी आफ्नु अड्डाको स्याहामा आम्दानी बाँधी सो आम्दानी बाँधेको रसीद सो वुझाउनेलाई दिनु पर्छ। सो रुपैयाँ जुन मालमा दाखिलगर्नुपर्ने हो सो माललाई जनाउ दिनुपर्छ। सो जनाउ आएकोमा नीजले वुझाउनु। लगतमा असूली चढाई ढपाट्मा अरू अड्डावाट असूल भएको वेहोरा-जनाइ मिहा लेखेहुन्छ।

मोठ नम्बरीमा एउटाको जिम्मामा लगत कसिएको खला जग्गा अर्काका जिम्माको हो भन्ने उजूरपरी वुझ्दा ठहरेको र वेपत्तामा लगतकसिएको खला जिम्मा पत्ता लागेकोमा समेत लगतकसिएपट्टि सो खला अर्कोपट्टि लगत कसिनगएको भनी मिहा नम्बरीमा मिहालेखी पत्तालागेका जिम्मापट्टि लगत-नंबरीमा दर्तागरी पठाए हुन्छ।

सरकारबाट कसैलाई वीर्ता बकसेका जग्गाको नापी मेठबन्दी भैगै सो वीर्ता पाउनेलाई लालमोहर भई सकेको मालको लगत कट्टागर्ने सनद भई नआए पनि त्यस्तो जग्गा नंबरीमा भने सनद भई नआएसम्म मिहा लेख्न पाईंदैन। तीरो भने ढपोटमा वेहोरा जनाइ मिहा लेखे हुन्छ। यो सालको तीरो यति मिहा लेखिएको भन्ने छुट्टा कितात खडागरी राख्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौचरन जग्गा अवाद गर्‍यो, मेरो दर्ता तीरोको जग्गा अर्कोले अवाद गर्‍यो भन्ने मुद्दा अदालत तहमा चली सो दर्ता गरेको जग्गा लगत कट्टागर्ने अदालतका ताल्लुकवालाको दस्तखत पुर्जि भई आएमा सो जग्गा नम्बरीमा मिह्रा लेखे हुन्छ। त्यस्तोमा रिपोर्ट् सदर गराई रहनुपर्दैन ।

यस अड्डालाई यति जरीवाना भएको छ असूल गरी आम्दानी वाँध्नु, भन्ने पुर्जि आएमा सो जरीवाना असूल गरी आम्दानी वाँधी जरीवाना गर्ने अड्डालाई जनाउ दिनुपर्छ। सो जरीवाना गराई माग्नेले सो जरीवाना लाग्ने सवुदप्रमाण दि[ई] सो जरीवानागर्ने अड्डामा रिपोर्ट्दिई सो अड्डावाट सो जरीवाना नलाग्ने असूल भएको पनि फिर्तादिने अड्डैवाट निकास गरीपठाएमा खर्च लेखी फिर्ता दिए हुन्छ। त्यस्मा मिह्राको तोकसदर गराई रहनु पर्दैन।

(अड्डावाट अड्डालाई गरेको जरीवाना नलाग्ने उजूरी आएमा सो जरीवाना नलाग्ने देखिन आएमा वुझाइसकेकोभए फिर्ता दिनेसमेत अड्डैवाट निकासा गरीदिनु सो निकासा भएवमोजिम असूलगर्ने अड्डाले पनि फिर्ता खर्च लेखिदिनु भन्ने मुलुकी स[वा]वालका डंडजरीवाना असूलगर्ने वारेको १ दफाको सवाल छ)

रैती-तालुकदारको झगडामा गर्ने

मैले वुझाउनु पर्ने वाली तीरो तालुकादरलाई वुझाउनजाँदा पुझिदिएन भन्ने वैशाख७ गते सम्ममा रैतीले दर्खास्त गर्नआए सो दर्खास्तको रु.।४ दस्तुर लिई सो दर्खास्त दर्तागरी सो वा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझी नदिने तालुकदारलाई झिकाई नीज तालुकदारले मालम बाली बेमाख गरिसकेको भए पनि सो रैतीसँग बालीबुझिलिएको रहेनछ भने सो रैतीले बुझाउनुपर्ने बाली सो तालुकदारलाई बुझाउनलगाई रसीद अधकट्टी जो दिलाउनुपर्ने दिलाउन लगाउनुपर्छ। जग्गा पजनीगर्नाका नियतले बाली नबुझेको रहेछ भने त्यस्ता तालुकदारलाई रु. १। देखि रु. २०। सम्म मालका हाकिमका तजवीजले जरीवाना गरी सो तीरो बुझनलगाई रसीद अधकट्टो दिलाउनु पर्छ। सो म्यादमा उजूर नगर्नेका हकमा कारवाइ गर्नु पर्दैन। जग्गामा नै तेरोमेरो भन्ने परेकोदेखिनआएमा भने नालेसगर्नु भनी सुनाइदिनुपर्छ। यस्तोमा तालुकदारले मर्जिखबर र म्याद गुजारी थाम्न समेत पाउँदैन।

मैले बुझाउनुपर्ने तीरो तालुकदारलाई बुझाइसकेकोमा रसीद भर्पाई दिएन भन्ने रैतीले उजूरी दर्खास्त सो बाली बुझाएका मितिले ३५ दिन भित्र दिनल्याएमा सो दर्खास्तको पनि रु.।४ दस्तुर लिई सोदर्खास्त दर्तागर्नु पर्छ। त्यस्तो रसीद नदिने तालुकदारलाई झिकाई सो बाली बुझी रसीद गरी नदिएको ठहर्नेआएमा सो रसीद दिलाई दिई सो रसीद नदिएमा ऐनबमोजिम जरीवानासमेत गर्नु पर्छ।

अरूबाट मैले लिई मेरो हक हुनआएको जग्गा मेरो नाउँमा दाखिलखारेज गरिदिएन भन्ने रैतीले ३५ दिन भित्र उजूरी दर्खास्त दिनल्याएकोमा रु. ।४ दस्तुर लाग्छ। सो दस्तुर लिई दर्खास्त दर्तागरी सो दाखिल खारेज गरी नदिने तालुकदार झिकाई सो बमोजिम दाखिल खारेजगरी नदिएको ठहरे सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी नदिने तालुकदारलाई ऐनबमोजिम् जरीवाना गरी दाखि
लखारेज गर्न लगाउनुपर्छ। यस्तो रैती दाखिल खारेज
स्ता सदर ४ मालमा मात्र छ अन्त पाहाड् जिल्लामा छैन।

रैतीले आफ्ना जग्गामा खोलोपैह्रो लागेकोमा कार्तिक
गते सम्ममा तालुकदारकाहाँ दर्खास्त गर्नु पर्छ सो म्याद
दर्खास्त दिनजाँदा तालुकदारले दर्खास्त लिइदिएन भने सो लि
दिएका ७ दिन भित्र दर्खास्त गर्न आए त्यसको पनि रु. ।४
स्तुरलागी दर्खास्त दर्ता हुन्छ। त्यसमा पनि तालुकदार झि
दर्खास्त नलिएको ठहरे जरीवानागरी दर्खास्त दिनलगाउनुप
सुखाअसीना परेकोमां पनि सो खोलो पैह्रो सहरनै गर्नु प

मालबाट यी लेखिएदेखि बाहेक जग्गा दवोट्, तीरोदर
जग्गा तेरोमेरो, सन्धीसर्पन रोक्का या अबाद गर्‍यो, ताल
तेरोमेरो, फुट्वा पगरी भागवन्डा दिएन, भन्ने हक वे
गर्नु पर्ने कुराको उजुर बुझी तहकीकात गर्नु हुँदैन। त्य
उजूरी गरेमा अदालतमा नालेसगर्नु भनी सुनाई दि
सरकारवादी भई हेर्नु पर्ने उजुरी अदालतमा पठाइ दिनुप

रैती तालुकदारले दोभरा, तेरीज बेकायम, बेपत्ता, ब
इत्यादि मिह्रा पाउनुपर्ने कलम् मिह्रा पाउँ भन्ने उजुरी दिए
मुद्दासहू पंजीकामा दर्तागरी ६ महीनाभित्र जाहेर गर्ने र
बाट छिन्नुपर्ने छिन्नुपर्छ। सो पंजीका गौंडागोस्वारबाट
गर्न आउँदा म्याद नघाएको देखिए ऐनबमोजिम जरीव
समेत गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्हौटे काममा गर्नुपर्ने

खालीखण्डे (जागिरदारका खांगीमा भर्ना भएको जग्गा जागिरदार मरी खोसी खालिभई सो खांगीको जग्गा अर्को जागीरदारका खांगीमा भर्ना पनि नभएको मालमा लगत कसिन पनि नगएको) भएको पाखा खुवा (पाखा, जग्गा र घर धुरीको तिरो) तहसीलगर्न कंपु तिर्जा अड्डाबाट लेखी आएकोमा सो गाउँ मौजामा कारिन्दा खटाइ पठाइ घरदर (सो खुवाको जस्मै घरजग्गाको लगतगरी तिरो लगाउने) लगतगरी सो बमोजिमको बाली असुल गरी हसबलीमा आम्दानी बाँधी सो जनाउ कंपु तिर्जा अड्डामा पठाउनुपर्छ ।

जागिरदारका खान्गीमा भर्ना भएको जग्गा नापजाँच गरी दिने असूलगरी पठाइ दिने आडर पुर्जि आएमा नापजाँच गर्नु-पर्नेमा सो गरी र असूलगर्नु पर्नेमा असूलसमेत गरी जहाँ पठाउनु भने आडर पुर्जि आएको छ सो ठाउमा पठाउँनुपर्छ ।

जागिरदारका खांगीमा भर्ना भएका पाखाखुवांको नगदी सट्टा भर्नापाउँ भनी जागीरदारको उजूरपरी सो खुवाको उठती बुझ्न कंपुतिर्जा अड्डाले लेखिपठाएमा सो खुवामा दर्ता भएका मौजाको घरदर गरी पठाउनु पर्छ ।

पाठशालामा भर्ना भएका विद्यार्थीले पढन छापिएको कितापहरू नेपाली भाषा प्रकाशिनी समिति अड्डाले पठाउँछन् । सो किताप वासील बाँकीमा आम्दानी बाँधी कितापमा देखिएको मोलमा बिक्रीगरी आएका मोल आम्दानी बाँधी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सो वासील बाँकीमा किताप खर्चलेखी सो वासील बाकी सालतमाम भएका ३५ दिन भित्र चलानगरी पठाउनु पर्छ। सो किताप अरू पढनेलाई पनि लेखिएको मोलमा बिक्रीगर्न हुन्छ। सो किताप ५० थान बाँकी हुनासाथ जिम्मावारी पाउं भनी पाठशाला बन्दोवस्तलाई लेखी पठाउनु पर्छ।

सरकारबाट कसैलाई वीर्ता, वेख, छाप, माना चाँवल इत्यादि सन्तान दरसन्तान वा ज्यूताभरसम्म खान पाउनेगरी बक्सेको जग्गा नापी किल्ला कोइला मेठवंदी गरी पठाउनु भन्‍ पाहाड् वंदोवस्त वीर्ताफाँट्ले लेखी पठायो भने गौंडा या गोस्वारा, माल, अदालतका हाकिम नै या नीजहरूले पत्याएका मानिसहरू पठाइ नापजाँच: किल्ला कोइला मेठवंदीगरी सो विर्ताफाँटमा पठाउनु पर्छ।

सो नापी मेठबन्दी गर्दा विचार गर्नुपर्ने कुराः-

(१)सो पाउनेमा यति उठती खान पाउने भन्ने अंक किटिएको अंक नकिटी ४ किल्लासम्म खोलिएकोमा नापजाँच गर्दा अंकभंदा बढ देखिनआए बढ् र साबिक अंकसमेतको एउटा अंक तोकिएसम्मको एउटा, यस्ता २ मेठबन्दी र नापी मुचुल्काहरू खडा गराई पठाउनु पर्छ।

(२) अंक किटी वा नकिटी ४ किल्लासम्म लेखिएको जंगल पर्ति जग्गामा नापजाँच गरी किल्ला कोइला मेठवंदी र नापीमुचुल्कासमेत गरी पठाउनु पर्छ।

(३) खेत नापी हुँदा माटोसाबिकभंदा घटी हुन आयो भने तीरो साविकै कायम राख्नु पर्छ। बढन आयो भने किसिम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भर्ना (सो जग्गा ६४ साल अघि नापिएको भए जग्गा जमीन गोस्वाराका नं काऐनमा लेखिए बमोजिम किसिम भर्ना दिनुपर्ने जग्गा भए किसिम भर्नादिई बढी ठहरेकालाई आठासह कूत ठेक्नु पर्छ। किसिम भर्नादिनु नपर्ने रहेछ भने बढेजतिमा नै आठासह तीरो ठेक्नु पर्छ। खोलोपैह्रो लागी जग्गा घटेकोले माल जागीरदारलाई घटीतीरो गरेको भए पनि साबिकै तीरो लगाउनु पर्छ तीरो घटाउन हुँदैन।

(४) पाखा जग्गामा रोपनी खोलिएकोमा नापीहुँदा बढ किसिम भर्ना कटाइ बाँकी बढ्लाई सेर्मा बढाई लगाउनु पर्छ।

(५) पाखा जग्गामा मोटो (जगाको संख्या) नलेखी हल पाटेले तीरो लागेकोमा साविक बमोजिम जुनजुन रकम लागेकोछ सो रकम लगाउनु पर्छ। धुरी (रैतीको घर) बढेको भए सवाल बमोजिम लाग्ने तीरो लगाउनु पर्छ।

(६) धुरी बढे पनि जग्गा नबढाई साबिकै जग्गा बन्दागरी खाएको भए सेर्माको जस्माको दामासाहीबाट मात्र सो धुरीलाई सेर्मा लगाउनु पर्छ।

(७) साउने फागु समेत इत्यादि रकम सो गाउँमा लागी आएसन्ह नै लगाउनु पर्छ। सुकुँवासी भए साउनेफागु रकममात्र लगाउनु पर्छ।

(८) सो जग्गामा कसैलाई तीरो माफी भएको भए त्यस्तालाई तीरो लगाउनु हुँदैन साबिकबमोजिम् माफी नै लेख्नुपर्छ।

(९) साबिक जग्गा बाँझो भइरहेको भए बाँझो लेखी ल्याउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्छ। कसैले खपुवा(आफ्नु जग्गा पनि भै अरूको जग्गा प
खाएको) गरी खाएको भए साबिक लागेको तीरो घट्
त्यस्तालाई फट्के (आफ्नुजग्गा बाहेक छुट्टै जग्गा खाप
दर्ता गरी ल्याउनु पर्छ।

(१०) जागिरे घरलाई झारा रकम, ठकुरी घरलाई सेर्मा लाग्दै
जागिरे रहन्ज्याल झारा रकम र ठकुरी बसेसम्म सेर्मा नि
नभएमा त्यो रकम लिनेगरी लालमोहरमा बोली पार्ने ग
खुलाउनु पर्छ।

(११)खेतपाखा घरधुरी वढेकोमा आठा सन्ह तीरो ठेकी मोहो
सहीछाप गराउनु पर्छ। बीर्तालाई उठ्ती मिलाई दिनु
हुँदा बीर्तामा जाने जग्गा र रैकरमा रहने जग्गाको चर
मिलाई खला नफोरी मिलाउनु पर्छ।

श्री ३ सरकारतर्फको गुठीको जग्गा तहसील गर्न ल
आएमा तहसील गरी आएको रुपैयाँ सोही गुठीमा दाखि
गर्नु पर्छ। त्यस्को स्याहा ढपोट् लगायत सबै स्रेस्ता छुट्टै ख
गरी श्री ३ सरकार गुठी बही बुझ्नेमा पठाई फारख लिनु प
त्यस्मा निकासा लिनु पर्ने पनि सोही गुठी बन्दोबस्तमा
। जाहेर गर्नु पर्छ।

बृटीस सरकारका पल्टनमा भर्नाभएका मानिसले प
पेन्सन रुपैयाँ दिने मुन्सीखानाबाट सनद भइआएमा
बमोजिमको रुपैया पाउने मानिस झिकाइ अड्डाको मौजदात
दिई मुन्सीखानालाई लेखीपठाइ सो अड्डाबाट मुलकीख
दाखिलगरी कवज पठाएपछि दाखिलाखर्च लेखी स्रेस्ता मि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनु पर्छ । ताहासम्मलाई सो रुपैया उत्रातीमा राख्नुपर्छ । मुन्सीखानाबाट अरू सोधनी आएमा पनि तुरंत जवाफदिनु पर्छ ।

पाहाडबन्दोबस्त रिपोटफाँट्बाट आएको बिंतीपत्रमा आफ्नै अड्डालाई हुकुम मर्जिको प्रमांगि आफ्नै अड्डाबाट कारवाई गर्नु पर्नेमा कारवाई गर्नु पर्छ । अड्ड नालेस गर्नु पर्ने कुरा भए नालेसगर्नु भनि सुनाइदिए हुन्छ ।

आफ्ना अड्डाको स्रे स्ता सोधनीगरी पठाएको र पाहाड् बन्दोबस्त रिपोट र लगतफाँट्बाट जग्गा नापीगर्न लेखिपठाएको कामगर्नु पर्छ । अरू अन्हौटे काम गर्नु पर्दैन ।

अदालतमा मुद्दापरी जग्गा छुट्याइदिन जग्गाको लगत पठाएमा छुट्याइदिनु पर्छ ।

हुलाकचलने बाटोमा तार टाँग्नालाई साक्षी मागेमा हाकिम वा मुख्य कारिन्दा जानुपर्छ ।

पोलपरी मालमा दर्ता भएको जग्गा नापजाँच गर्नु परेमा गौंडा गोस्वाराबाट साक्षीलिई नापी गरिदिनुपर्छ ।

अदालतबाट नापीगर्नलाई जंजीर मागी पठाएमा भर्पाई गरिदिई काम सकेपछि फिर्ता लिनुपर्छ ।

भन्सार गोस्वाराबाट बिक्री निमित्त मानापाथी आएमा स्रे स्तामा आम्दानी बाँधी लेखिआएको दरमा बिक्रीगरी आएको मोल आम्दानी बाँध्नुपर्छ ।

भाग्ययुद्ध चिट्ठा बिक्रीगर्न आएमा बिक्रीगर्नदिई आएको रुपैयाँ आम्दानी बाँधी अधकट्टी चिट्ठा सदरमा पठाउनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तालुकदार जिम्मावालले आफ्ना जिम्माको मोठ नम्ब- रीको नकल माग्न आएमा मोहरु १। दस्तुर लिई दिनुपर्छ।

राज्यहरूवाट नै तालुकी खालीमा भर्नागर्ने भईरहेकामा सो भर्नागरी दाखिला ग.नं पठाएको सलामी आम्दानी बाँधी रसीद बारीदिनुपर्छ।

घरेलु इलम् प्रचारको शाखा रहेको ठाउँमा खर्च गर्नु परेमा रु. ५००। सम्म खर्चगर्ने डाइरेक्टर जनरलको दस्तखत भई आ- एकोमा खर्च गरी फाँट् घरेलु इलम प्रचार अड्डामा पठाउनु पर्छ सो अड्डाले मुलकीखाना दाखिल गरी कवज पठाएपछि दाखिल खर्च लेख्नुपर्छ।

सरकारी घरहरू भत्के विग्रेको सजी वनाउनलाई गौंडा गोस्वाराका अख्त्यारीवाट दिने रुपैया खर्चगरी मिन्हासमेत गराइलिनु पर्छ। कुनै नया वनाउने कामको आडर आएमा पनि गर्नुपर्छ। त्यस्को पुरा वयान वनाउने विषयको कितापबाट थाहा हुन्छ।

दाखिला र मौज्दात चलान्गर्ने

पाहाड्मा धेरै मालता ३ साँचा माल मा नै गामी रसेस्ता छुट्टै हुने गरेको छ। तो मालहरूले मौज्दात रुपैया सोही ३ साँचामा दाखिला गर्नुपर्छ। ३ साँचा नभएकाले छुट्टै ३ साँचा अड्डा या मुलकीखाना दाखिला गर्नुपर्छ। सो ३ साँचाहरूको पनि नजीक ३ साँचामा दाखिल हुँदै आखिरी मुलुकीखानामा दाखिला हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मौज्दात रुपैया दाखिलागर्नें ठाउँ

डोटी मालको	१	डोटी ३ साँचामा (मालमा गाभिएको) १
बैतडी मालको	१	
डडेलधुरा मालको	१	
जुम्ला ३ साँचाको	१	
डोटी ३ साँचाको	१	पाल्पा ३ साँचा अड्डामा— (छुट्टै अ छ) १
दैलेख ३ साँचाको	१	
सल्ल्यान ३ साँचाको	१	
प्यूठान मालको	१	
गुल्मी ३ साँचाको	१	
पाल्पा मालका	१	
इलाम ३ साँचा	१	धनकुटा ३ साँचा अड्डामा (गौंडामा गाभिएको) १
प. की ६ थुम् माल	१	
प. की. १२ थुम माल	१	
पाल्पा ३ साँचाको	१	नजीक मध्येस माल वा मुलुकीखानामा १
धनकुटा ३ साँचाको	१	
पूर्व १ नं सिंधुपालचोक ३ साँचाको	१	सदर मुलुकीखानामा— १
ऐ २ नं दोलखा ३ साँचाको	१	
ऐ ३ नं. वोखलढुङ्गा ३ साँचाको	१	
ऐ ४ नं. माझकिरात ३ साँचाको	१	
प १ नं नुवाकोट ३ साँचाको	१	
ऐ धादिङ ३ साँचाको	१	
प २ नं. गोरखा ३ साँचाको	१	
ऐ ३ नं बंदीपुर ऐ	१	
ऐ ४ नं. स्याङ्जा ऐ	१	
पू १ नं. काभ्रेपलाञ्चोक माल	१	
काठमाडौं माल	१	
भक्तपुर माल	१	
कीर्तिपुर माल	१	
ललितपुर माल	१	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मालमा रहेका ३ साँचा तहबील मालका हाकिमको मात्र जिम्मा हुँदैन। गोस्वारा जंगीपरेठ गौंडामा जुन छ उस्का हाकिम अफिसर अदालतका हाकिम मालका हाकिम समेत ३ हाकिमजिम्मा भई साँचो ३ जनाले लिई स्त्रेस्तामा पनि ३ हाकिमको सहीछाप हुनेहुन्छ।

सो ३ साँचामा मौजदात जुन ठाउँमा जति राख्न पाउने अख्त्यार पाएको छ त्यतिसम्म राख्न पाइन्छ। सो भन्दा बढी भने चलान गरीहाल्नुपर्छ। नगरे वहीवुझ्नेका २३ नं. का ऐनबमोजिम कुमारीचोकले बढीको हजार कडा रु. १ का दरले जरीवाना गर्छ।

वर्षादको टायमा मौजदात चलानगर्दा खोलानाला बढी रहनेभै खोलामा पर्न र रोकिने संभव हुँदा श्रावण, भाद्र, आश्विन महीनामा मौजदात बढी भए पनि चलानगर्न हुँदैन। सो बाहेक अरू महीनामा चलानगर्नुपर्छ त्यस चलानगर्न अनुकुल नपरेमा जाहेरगरी निकासालिई थामेहुन्छ। सो निकासा लिएमा र सा वर्षा टायममा चलान नगरेमा बढीमौज्दात भए पनि जरीवाना हुँदैन।

सो मालमा रहेका ३ साँचामा मौज्दात रहेको खोटो भएम मालका हाकिमले मात्र बुझाउनु पर्छ। चोरी नोक्सान भयो भने तीनै हाकिमले बुझाउनु पर्छ।

३ साँचाको रुपैया चलान गर्नालाई छालाको तोडाम कंपनी या मोहर २ हजारका दरले प्याक गर्नुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तोडाबोकी लानालाई ठाउँ ठाउँमा थापले हुलाकी (सरकारी भारी बोकीलाने) रहेको छ। नीजहरूलाई बोकाइ लैजानु पर्छ। तोडा चलानगर्दा वडा वडा (गाउँ गाउँका) का थापले हुलाकीलाई नजीक गौंडा गोस्वारा जंगीपरेठ्बाट खबर पुऱ्याउन लेखी पठाउनु पर्छ।

सो रुपैया लिईजानलाई पत्यारको अड्डाको मानिस र जंगीपरेठ्बाट पुरा मद्दत गोलीगठ्ठा समेतको बंदुकसमेत लिनलगाइ पठाउनु पर्छ। सो पठाउँदा तर्फ तर्फका दाखिल गनुपर्ने रुपैया भए पनि पठाए हुन्छ ।

मुलुकीखाना दाखिलगर्न पठाएको रुपैया दाखिल गरेपछि कवज (मुलुकीखानाले बुझेको रसीद) गरिदिएपछि सो कवज कुमारीचोक दाखिलगरी त्यस्को नकललिई आएपछि दाखिला खर्च लेख्नुपर्छ। अरू ३ साँचा दाखिल गर्नेले सो ३ साँचाको रसीद (बुझेको निस्सा) आएपछि दाखिला खर्च लेख्नुपर्छ।

सो रुपैया लैजाँदा बाटामा बचाउलाई बत्ति बाल्न निमित्त निकासा भएको रुपैया दिइ पठाउनुपर्छ। सो बत्तिबाल्दा खर्च भएको फाँट् लिई लेखिदिए हुन्छ।

बाटामा तोडा लैजाँदा बेकाइदा बेहिसाबसंग हराई चोराइ नोक्सान गराएमा सो जिम्मा लिई जानेबाट उपरगरी भर्ना राख्नु पर्छ।

तोडा बोकाइ लाँदा थापले हुलाकीलाई तोडा १ को कोस १ को रु. ।८ का दरले खाजा दिनुपर्छ। सो दिन चाहिने रुपैया पनि दिइपठाउनु पर्छ। सो बमोजिम खर्चगरी बुझ्नेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भरपाईसमेत दाखिल गरेपछि मिह्नालाई जाहेर गरी मिह्ना गराई ढपोट्मा मिह्ना र स्याहामा खर्च लेख्नुपर्छ ।

(तोडा चलान गर्दा थापले डुलाकिलाई कोसको ह ।६ का दरले खाजादिई मिह्नालाई रिपोर्ट आएको ।२ छापेवार मिह्ना गरिदिनु भन्ने मुलुकिसवाल बही बुझ्ने बारेको ८५ दफा छ)

धर्म भकारी विषय

७९ सालमा पाहाड्तर्फ माल मालमासमेत बुझाउने तीरो को हिसाबबाट धान कोदो खरीद भइरहेको थियो । सो धान कोदो रहेकोलाई धर्म भकारी नाम रहेको छ । त्यसबाट जिल्लामा अनिकाल परी दुनियाले खान नपाएमा र बीउलाई चाहिएमा साघट् दिन निमित्त रहेको हो । ऐले धेरै ठाउँमा सो धान कोदोविक्री भइसकेको पनि छ । तर त्यसबाट आएको रुपैयाको धान कोदो नै खरीदगरी राख्नु पर्छ ।

सो धर्म भकारीको स्याहा ढपोट र मास्केवारी लगायत सबै स्रेस्ता छुट्टै खडागरी कुमारीचोकसमेत ठाउँठाउँमा पठाउनु पर्छ । त्यस्को वहीबुझाई फारख पनि लिनुपर्छ ।

सो अनाज धेरै वर्षसम्म राख्दा नोक्सान हुने हुँदा अ बर्षमा गाउँका रैतीहरूलाई दसौंदका दरले ब्याजसमेत लिनेगरी नया फसल तयार भएपछि लिनेगरी साघट्दिई भाखा पुगेपछि असूलगरी भकारी भर्तीगरी चलती गराउँदै गर्नु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(अनाज लगानी गर्नलाई ३ बर्ष अघि भर्ति भैरहेको वा पछि भर्ति भएको भए पनि मौज्दातको आधासम्म दर्सौंद व्याजमा लिनआए १ बर्षको भाखामा नबढाई चैत्रभरमा बेमाख हुनेगरी जिमीदार तालुकदार जमानी लिई रैतीको तमसुक गरी दिन इलाका गौंडा गोस्वारासम्म जाहेरगरी बडाहाकिमले निकासा दिन जाहेर गर्नु पर्दैन भन्ने मुलुकीसवालका फुटकर वारेको १२ दफाको १ दफा छ)

सो भर्ति भएको अनाजमा सुखती जर्ति सैकडा २ मुरीका हिसाबले मिह्रा पाउँ छ। त्यस्तो सुखती जर्ति एकपटक मिन्हा भैसकेको अनाजमा भने फेरि मिह्रा पाउँदैन।

(सदर धान गोदामदाहेक अरू अनाजजिम्मालिई कामगर्नेले वर्ष दिन बढी मौज्दात रहेको अनाज खर्च र वरबुझारथ हुँदा धान गएमा सयकडा२ दुई मिन्हा पाउँ छ।वर्ष दिन नाघिरहेको १ पटक जर्ति मिन्हा पाएपछि त्यसपछि मिंन्हा पाउँदैन भन्ने लुकमुी सवालको बही बुझ्नेबारेको २ दफाको देहाए १ दफा छ)

रजिष्टेसन् पासगर्ने काम

रजिष्टेसन पास गर्ने भनेको दुनियामा घरजग्गा लिनु दिनु गरेको कुरा सरकारी अड्डाखानामा गइ मंजुरीगरेकोलाई भन्दछन्। यो कामगर्न सदरमा छुट्टै अड्डा खडा छ। पाहाड्तर्फ माल अड्डामा नै गाभिएकोले मालका हाकिमले सो विषयको काम पनि जान्नुपर्छ। यस्तो लिनुदिनु गरेकोमा प्रमाण राख्ने चलन पछिमात्र चलेको होइन अघि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिनै चलेको प्रमाण पाइन्छ । अघि दिनेलिने गरेकोमा यो कुरा यसले यसलाई दिएको भन्ने सम्मको कागज हुन्थ्यो पछि केही बेइमानी बढेकोबाट पै बोलीमा न साक्षीमा देवताको नाम र मानिसको नाम लेखिन थालेछ। त्यसबाट नभई फेरि लेखन जान्नेले मसीले पनि चिन्ह लेखेकोमा औंठा थिच्ने र लेखनजान्नेले "सही" भन्ने सम्म लेख्ने चलन चलेछ । पछि लेखन जान्नेको छाप मसीले बुढी औंठाको रेखा आउने गरी छापमसीले सहीछापगर्ने र लेखन जान्नेले सहीनाम थर वतनसमेत लेखी साक्षीको पनि त्यहीबमोजिम सहीछापगन चलन चलेछ। अब त्यसबाट पनि नभै घरसा- रमा भएको र रजिष्टेसनमा गै. गरेको कागजमासमेत लेखन जान्ने नजान्नेले दुवै हातको बुढी" औंठाको सहीछाप र लेखन जान्नेले हस्ताक्षरको सहीछापसमेत र अड्डामा „पासगर्ने„ चलन चलेको हो। यो भएको सबै बेइमानीको बचाउलाई सरकार- बाट गरीबक्सेको हो।

सो लिनुदिनु गरेको कागज रजिष्टेसन पासगर्ने चलन ७९ सालदेखि नेपाल पाल्पा धनकुटा र पल्लोकिरात १३ थुम मा ८५ सालदेखि काभ्रे पलांचोक, सीन्धुपाल्चोक, दोलखा माझकिरात, नुवाकोट्, धादिङ, बन्दीपुर, स्याँङ्जा, गुल्मी कोटीमा र ९० सालदेखि वखलदुंगा, इलाम, प्यूठान सल्यान, दैलेख,, जुम्ला, बैतडी, डडेलधुरामा चल्यो सो लेखिएका माल अड्डाबाहेक थाक, दारचुला, हुम्ला ताप्लेजुङ्, चीसापानी, पुर्व ६ नं अदालतहरूबाट प

CC-0. In Public Domain. Digitization by eGangotri

सो काम गर्दछ। सो रजिष्टेसन पासगर्ने कामलाई छुट्टै कारिन्दा निकासा भैरहेको छ। त्यस विषयको स्रेस्ता पनि छुट्टै खडा हुन्छ। त्यस्ता गन ऐनमा रजिष्टेसनको १ महल नै छ।

ऐनले पास गरी दिनुपर्ने कागज पासगर्न आएमा २ पैसे टिकट् टाँसी दर्खास्त लेखाइलिई रोलैसंग ऐनबमोजिम गरी पास गरी दिनुपर्छ। पासगर्न नहुने जति यसकारणले पास गर्न नहुने भर्ना लेखी फिर्ता दिनुपर्छ। पास गरी दिए हुने गरी नदिई अलमल्याएको उजूर परेमा सरकारमा जाहेरगै सजाय हुन्छ।

रजिष्टेसन पासगर्ने तमसुकका फारामसमेत सदर तालुक रजिष्टेसन अड्डाबाट झिकाइ राख्नुपर्छ। सोही फाराममा नै लेख्नुपर्ने जति लेखी पासगर्नुपर्छ।

सो पासगर्ने कागजको ऐनबमोजिमको दस्तुर घरमा गई पासगरेमा लाग्ने दस्तुरसमेत असूलगरी अधकट्टी रसीदमा लेखी बुझाउने सहीछाप गरी अधकट्टीमा बुझिलिएको रसीद गरिदिनुपर्छ। सोबमोजिम आएको रुपियामा टाँचा फाराम बमोजिमको स्रेस्तामा आम्दानी बाँधी ५०० मौज्दात पुगेपछि माल ३ साँचामा दाखिला खर्च लेख्नुपर्छ। सो स्रेस्ता महीना महीना दिनमा कुमारीचोक दाखिला गरी फारख लिनुपर्छ।

सो पास भएका कागजपत्र, स्रेस्ताहरू सवाल, काइदा, हिफाजतसाथ राख्न लाउनुपर्छ।

रजिष्टेसन पास भएका जग्गा घर हकदारले स्वादमिश्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुपैयाँ तिरी निखन्नलाई दरखास्त दिएमा साहु झिकाइ निखन्न पाउनेमा निखनाइ दिए हुन्छ।

बही बुझाउने

बही बुझाउने भनेको आफूले गरेका कामको स्रेस्ता दाखिल गरी बचाउनेलाई भनिन्छ । स्रेस्तामा हिसाबसमेत विराएको देखिएमा आफैलाई पक्राउ हुन्छ । पक्राउमा-होइन बेरुजु (भूल विराइ राखेको) निस्केको मंजुरनामा (बुझाउने) समेत गराउँछ। त्यसकारण तहसील गर्दा दरदाम हिसाव कच्चि भुलभई छुट्न नजावस् खर्च गरेकोमा सनद सवाल दरवन्दी भर्दा हर्राहसावमा कच्चि बढी जान नपावस्।मिहा गराउनुपर्ने कच्चि छुट्न र घटी हुन नपावस् । जिम्मावारी सार्दा या हालवालालाई बुझाउँदा कच्चि छुट्न र गोलमाल घटीवढी हुन नपावस् भनी यस्तै पक्राउ हुने कुरामा सारै ध्यान दिनुपर्छ।

स्रेस्तामा स्याहा महीना महीनाको खडागरी महीना पुगेका ७ दिनभित्र [१]दफदरखाना श्री कुमारीचोक पाहड् पहिला या दोस्रामा मोफसलले र नेपालदोस्रामा सदर मालले चलान र दाखिलगर्नु पर्छ। सो म्याद नघाई चलान र दाखिल गरे मो.रु. १५। जरीवाना हुन्छ । सो साथ स्याहामा भिडाउने मिसिल पनि पठाउनुपर्छ।

---

१ काम अनुसार अड्डाको नाम नभएको अघि यो अड्डा काठमाडौं कुमारी स्थान संगैको चोकमा रहेकोले सो ठाउँको नामरहेको कायम नै रहेको हो । त्यो घर १९९० सालको भूकम्पमा भत्क्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढपोट साल तमाम भएका ३ महीना अर्थात आश्विन मसान्त सम्मको म्याद छ सो म्याद पुगेका ७ दिन भित्र सम्म कुमारी-चोकमा चलान गरी सक्नुपर्छ। त्यो म्याद नाघेमा मो.रु. १५। जरीबाना हुन्छ। सो ढपोटसाथै आवाजैं भिडाउने मिसिल सनद तोकसदर जो जति छ सो सबै पठाउनुपर्छ। त्यस्ता साल-बसाली सनदपत्रको नकल १ प्रति नकल र सक्कलसमेत पठाई सकल हेरी सो कुमारीचोकले फिर्ता पठाएपछि फेरि पठाइरहनु पर्दैन ।

लगतदर्ताको नंबरी र मिह्लाको नंबरी पाहाडवन्दोबस्त लगतफाँटमा पठाउनुपर्छ। सो नंवरीसाथ नंबरीदर्तागरेको जगा-को नापी मुचुल्का' इत्यादि मिसिलहरू पनि पठाउनु पर्छ।

सो स्रेस्ताहरू कुनै मनासीव कारणबाट तोकिएको म्यादमा चलानगर्न नसकिने भयो भने अगावै जति म्याद चाहिने हो त्यति म्याद थपलाई पाहाड बन्दोवस्त रीपोट्फाँट् मार्फत जाहेरगरी निकासा लिनु पर्छ। गुठीतर्फकोमा भने जुन गुठीको सोही गुठीवंदोबस्तमा रीपोट गर्नु पर्छ। त्यस्तो म्याद थपको निकासा लिएकोमा जरीवाना हुँदैन।

वही वुझाउनु पर्ने स्रेस्ता श्री ३ सरकार गुठीको भए सो गुठी वही वुझ्नेमा र अरू श्री ५ सरकार गुठीको र धर्म भकारी रजिष्टेसन इत्यादि रकमको स्रेस्ता कुमारीचोकमा नै पठा-उनु पर्छ।

मालतर्फको सालतमाम आषाढ मसांत हुन्छ। अर्थात श्रावण १ गतेदेखि साल शुरु भै अर्को सालको आषाढ मसांत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तक १२ महीनाको १ सालको स्नेस्ता हुन्छ। सो मिलाई स्नेस्ता गर्नु पर्छ।

कुमारीचोकबाट स्याहा ढपोट् जाँची वेरुजु निकाल्छ। पाहाड् बदोवस्त लगतफाँट्ले नंबरी जाँची र मास्केवारी फाँटले मास्केवारी जाँची वेरुजु निकाल्छ। सो वेरुजु निकालेकोमा कुनै सोधनीसम्म भई आउँछ त्यसमा तुरंतै देखिएको वेहोराको जवाफ दिनुपर्छ। नंबरी जाँचबाट मंजुरनामा नै गराउने गराउँदै जरीवानासम्म गरीं लगत कसाउनेसम्म गराउँछ। मास्केवारी फाँट्बाट दाखिलाहरू फरक भै नोक्सान पारेको देखिएमा तुरंत पक्राउ समेत गराउँछ। कुमारीचोकबाट पनि महीनामहीनाको स्याहामा ठाडो बाँकीजाँची ठाडो बाँकीमा तुरंतै पक्राउ हुन्छ। अरू जाँच ढपोट् दाखिल भएका साल मै जाँच् हुन्छ। सो जाँच्दा मंजुरनामा नै गर्नु पर्ने देखिए जतिलाई १५ दिने म्यादपुर्जि दिन्छन्। सो म्यादभित्र आफ्नु भएको सबुद प्रमाण समेतदिई सो मंजुरनामा नलाग्ने उजुरीलेखी सोही कुमारीचोकमा पठाउनु पर्छ। सो उजुरी प्रमाणहरू हेरी उजुरी मनासिब ठहराएमा पक्राउ छाडीदिन्छ। वेमनासीव ठहराएकोमा लाग्ने नै गरी फैसलागरी जनाउ दिन्छ। सो जनाउ आएमा तिर्नैपर्ने आफूले रिहाइपाउने प्रमाण नभए लेखिआए बमोजिम मंजुरनामा र त्यस्मा ऐन सवालले लाग्ने थप जरीवाना डंड समेत असूलगर्न लेखिपठाए बमोजिम आम्दानी बाँधी सो जनाउ सो वहीवुझ्ने अड्डामा पठाउनु पर्छ। सो मंजुरनामा नलाग्ने नै आफ्नु सबुदप्रमाण भए सो मंजुरनामा जरीवानाको सैकडा रु. १० दरौट्मा आम्दानी बाँधी अपील लेखी स्नेस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपील अड्डामा पठाउनु पर्छ । सो अपील पठाउँदा जनाउ म्यादपापका ३५ दिन नघाउनु हुँदैन। सो स्रेस्ता अपीलबाट इन्साफ जाँचहुँदा मंजुरनामा जरीबाना रिहाइपाउने ठहरेमा सो ढरौटी फिर्ता खर्च लेखी लिए हुन्छ । लाग्ने नै ठहरेमा सो ढरौटी रहेको र नपुगसमेत सदर स्याहामा आम्दानी बाँधी कुमारीचोकलाई जनाउ दिनु पर्छ। सो स्रेस्ता अपीलले फैसला गरी श्री कम्याण्डर-इन-चीफ साहेबका हजुरमा जाहेर गरी सदर गराएकोले त्यसउपर अपील लाग्दैन।

मुलुकी सवालको वहीबुझ्ने बारेको ४३ दफामा लेखिए-बमोजिम् बिरिएको र फरक परेको देखिएकोमा वहीवुझ्ने अड्डाले सोही सवालबमोजिम् जरीबाना गरी पक्राउ छाडिदिन्छ।

(बडाहाकिमको निस्सालाई खर्चगर्नु पर्नेमा निस्सा दाखिल नभै बडाहाकिम बुझ्दा निस्साछुटेको भनेकोकलम १ जिम्मावारी आम्दानी बाँधेकोमा भुलले बढी आम्दानी बाँधेको सच्याउने कलम १ साक्षीको सही गराउनुपर्ने छुटाएकोमा साक्षीले मंजुर गरेको कलम १ जग्गाको लगतभन्दा बढी लगत कसेको कलम १ एकासालको तलब कारणबाट अर्को सालमा खर्च लेखेको कलम १ मौजदातबाट नपुगी अर्को रकमबाट सापटलिई खर्चगरेको सापट् सोद भर्नागरेको कलम १ टुट्फुट्हुने माल वेसाबुद गरी आम्दानी बाँधेको कलम १ जिन्सीमाल आम्दानी बाँधा नामफरक पारी आम्दानी बाँधेको कलम १ एका जनाको तलब अर्को हस्ते खर्च लेखेकामा सो तलब पाउनेको मंजुर भएको कलम १ मा समेत कुमारीचोकबाट रु. १४ देखि रु. ५० सम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जरीवाना गरी पक्राउ छाडिदिनु) भन्ने मुलुकी सवालको वही बुझ्ने बारेको ४३ दफा छ।

वेरुजु निस्केको जति मंजुरनामा समेतभै फर्छिपफ्छि कुमारीचोकबाट ढपोट् तयारीमा राखिन्छ । त्यसको ३ महीनामा सोही कुमारीचोकबाट फारख तयारगरी छापलगाइ पाइन्छ। त्यही फारखलाई जमाखर्च पनि भन्दछन्। त्यस्ता माल तरफकोमा लालमोहर र अरूमा २ छापे सनदको फारख हुन्छ ।

फारखको ढाचाः--

श्री

स्वस्ति श्री गिरीराज चक्र चुडामणि नरनारायणेत्यादि विविधि विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रबल गोर्खा दक्षिणबाहु माहाधिपति श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीर विक्रम जङ्गबहादुर शाहाबहादुर शमशेरजङ्ग देवानाम सदा समर विजयीनाम आगे खरिदार नीलबहादुर भडारी क्षत्री गोर्खाबुङ्कोट के साल तमाम् सिन्धुपाल्चोक माल साविक यसै रकमको ९९ साल आषाढ मसान्ततक्र काजमा खर्चबाट जिम्मावाल रिझाए‑को र हालकोसमेत आम्दानी खर्च भयाको आम्दानीमा दिनेको खर्चमा लिनेको बाँकीमा तहबील जिम्मा लिनेको सहीछाप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पन्याका स्याहा ढड्डोट् बमोजिम इष्टक संम्बत् १९९९ साल श्रावण १ गतेदेखि २००० साल आषाढ मसान्ततक बर्ष १ मा अमानत कामकाज गरेको तहसील तहबील जिम्मा नीज खरिदार नीलबहादुर मार्फतका तहबील्दार जोतिलार श्रेष्ट चौतारी, त॰ मु॰ धर्मरत्न बौधाचार्य बुङ्गमती कचा बाहेक तपसील बमोजिमको जमाखर्च गरी बाँकी नगदी दामकाम जिन्सी थानगत थानसमेत बुझिलिई तस्को फारख गरी बक्स्यौं ।

तपसील

लगत २६८३७५।८।१।१

यस रकमको ९९ साल
आषाढ मसान्त तकका जम्मा
खर्च बाट जिम्मावारी आएको ८३७२५।५।२॥

खेतको ६६५०५।८८।१॥
९९ सालमा तयार
भएको नंबरी बमोजिमको ६५८९३
९८ सालसम्मको नंबरी ६५८४६।९५।१॥

पाखाको १५०९९।९३।३
९९ सालमा तयार भएका
नंबरी बमोजिमको ९९३६२
९८ साल सम्मको नंबरीको १४१०६।३१।३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	१९०४।६२।२	
फुटकर	५९।५२	
फलाम खानीको		
पोता	३३।११	
खानीआना	११४।९८	
टीका भेट्	७।	
छापको		१८४६५०।७५।३
खेत	१५३५११।४६।१	
पाखा	२७५५३।१९।२	
खानीआना	२९५।३३	
फलाम खानी	२६१२।५७	
फुटकर	६६४।२४	
पोता	७।९६	
टीका भेट्	६।	
मिहा		३०४९७।७०।१
बाँकी		२३७८७८।११
जिम्मावारी		५२४४१।३१।३
साविक यसै रकमको २००० साल श्रावण १ गतेदेखिका जम्माखर्च-मा जिम्मावारी गएको	५११५४३।१७।३	
अरू अड्डामा	८९८।१४	
बाँकी कायमी असूली		१८५४३६।७९।।

यसै रकमको स्याहामा आम्दानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाँधिपको	१८५१२७।११	
अरू अड्डाअड्डाका स्याहामा आम्दानी बाँधेको जनाउ बमोजिम	३०९।६८।१	

आम्दानी		
नगद		२०३६८४।५
बाँकी कायमी असूली यसै मालको स्याहामा आम्दानी बाँधिपबमोजिम	१८५१२७।११	
साविक यसै रकमको ९९ साल आषाढ मसान्ततकका जम्माखर्चबाट जिम्मावारी आएको	६५५०।८७	
चारदम ठेकी	१५१४।१७।२	
लगतभन्दा बढी असूल	१०४।३४।१	
अरू अड्डाअड्डाबाट आएको	७३८३।३३	
सलामी	२२९।	
डंड जरीबाना	९२६।.।३	
अपील दस्तुर	४।	
टेकट्‌दस्तुर	४३।३२	
बढी कसूात	२।११	
गैर कट्टी	७३।९५	
नकल दस्तुर	१६।	
बिन्तीपत्र लिफा बिक्रीको	१६८।	
दर्खास्तको	।३७	
चीट्टा बिक्री	१५४।८५	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फिर्ता आम्दानी	१४।२९
सोध भर्ना	१०८०।२०
टिन बिक्री	।१२
माफी दस्तुर	८।३४
तलब आना	।३६
जग्गा लिलाम विक्री	२५८।
चढी फाजिल	३।१७
मिलापत्रको दस्तुर	।४०
किताप विक्री	।८०
इसवली आम्दानी	२११९३।२

जिन्सी

साविक यसै रकमको ९९ सोल आषाढ मसांत तकका जम्मा खर्चबाट जिम्मावारी आयाको

थानगत	८३८७
मुरीगत	६४७।१४
धार्निगत	१०६S२

हालको थानगत	१०६

खर्च

नगदी

	२८१९
इस्तेवारी	१२८३४।

९१।१२।२८।४ का खड्ग निसाना सनदबमोजिम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देहायका अड्डाअड्डाके तलवमसलंद गयाको १०५४८८७

हुलाक के	२५९८।७५
गोस्वारा के	१८००।१०
यल माल के	६१०१।५६
भत्तामसलंद के	४८।४६

पूर्व चौतारा फलाम खानीके ९८।७।२०।४ का तोकसदर

वमोजिं तलवमसतंद	२०८।८३
कोदाहारी चौंकीके ९७।३।६।४ का सनद बमोजिम पे पे	८६०।
पेन्सन गएको ९८।१०।१२।१ का सनद बमोजिम	८७३।१६
पुर्व १ नं. गो काले रोहिणी विक्रंका महीना ५	
को तलब गएको ९९।३।३१।४ का सनद बमोजिम	१४१।३४
पुर्व ३ नं का. गो. का. ठ. मु को दिन २१ को	१९।९५
भत्ता तलब ९९।५।५।६का सनद बमोजिम	१८०।
जिम्मावारी	६९१५।३३
९१।१२।२८।४ का सनद बमोजिम सिन्धु	
पाल्चोक अदालतके	४९४३।८
९९।१।१४।६ र ९८।७।१ का सनदबमोजिम	
जङ्गीपरेठके	८१२९।६
९९।१०।२६ का तोक सदर बमोजिम चौतरा	
हुलाक बनाउने काम के	५०५।७७
९९।१२।१।१ का पेछा बमोजिम गोदाम	
घरको छाना मर्मत के	४५४।७८

ु. स बनाउने बारेको २ दफा समेतले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुर्व १ नं. गो.को २००० सालको अख-त्यारी मध्ये काम काम के गएको	१९८।७५
फुटकर	८४७२।
जिम्मावाल तालुकदार के सैकडा ५ का दरले खांगी	६२१२।५८
९१।१।२।२८।४ कसनद वमोजिम तोडाचलान के	४९।२
व. बु. वारे मु. सक्रा १४ दफा वमोजिम	४४८।४०
९९।३।१३।६ का वडापत्रबमोजिम अड्डा अड्डा के वडादशैका तलव पेस्की	८८३।८५
घ. इ. प्र. अड्डाका ९९।८ वेगते ९९।८ ।४। का तोकसदर ९९।१२।११।४ का पु १ नं गो का तोक ९९।९ ।१।८।७ का तोक २०००।१।२४।६ को तोक ९९।१२।२६। ६ का पा. वं. रीपोर्ट्फाँट्का तोकले फिर्ता	३५।३५
९९।३।२१।४का ख. सनद वमोज्जिम वक्यौता फछ्योंट् का कारिन्दाके तलव मसलंद	४०८।९५
पु १. गो का ९९ सालको अखत्यारी मध्ये पुलसागु मर्मतकामके ९९।८ ७।१ का तोक वमोजिम	४१
९९।११।२२।६का ख. सनद बमोजिम कोदारी चौंकीको भैसे सागु मर्मत काम के	२१
जिन्सी	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थातगत	१९८४	
धार्नींगत	५८	
बांकी		
नगद		१७५४६३।६६
जिन्सी		
थानगत	६४०३	
मुरीगत	६४७।१४	
धार्निगत	१०१८२	
दाखिला नगद		१७२६५१।४९
बाँकी		
नगद	२५४३।४७	
जिन्सी		
थानगत		६४०३
मुरीगत		६४७।१४
धार्निगत		१०१८२

जिम्मावारी जिम्मा यसै रकमको २००० साल श्रावण १ गते देखिका जम्माखर्चमा जिम्मावारी आम्दानी बाँधिन गएको ।

नगद		२५४२।४७
जिन्सी		
थानगत	६४०३	
मुरीगत	६४७।१४	
धार्निगत	१०१८२	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाकी	×
थप आम्दानी जाँच्दा निस्केको	३२।४।।
दाखिल	३२।४।।
बाँकी	×

इति संवत् २००३ साल श्रावण २४ गते रोज ५ शुभम्

अरू लालमोहरमा प्राइमिनिष्टरसमेतको मार्फत राखे कागज जाँचको १० नं को पेन छ। फारख हुनेमा सो बमोजि मार्फत पर्दैन। कुमारीचोकका हाकिम तहरीर फाँट्वाला मुखि याको मार्फत पर्छ।

स्वस्ति श्री मदती प्रचण्ड भुजदण्डेत्यादि ओजस्वं राजन्य प्रोज्ज्वल नेपाल तारा अतुल ज्योतिर्मय त्रिशक्ति पट्ट अति प्रवल गोर्खा दक्षिण बाहु पृथुलाधिश नेपाल प्रता वर्धक श्री श्री श्री महाराज पद्मशम्सेर जङ्ग बहादुर राण जी. सी. एस. आइ., जी. बी. इ., के. सी. आइ. इ., यस.टी आर.के; सैनिक दीर्घसेवा पट्ट आनरेरी लेफटेन्ट जनरल वृटिष आर्मी आनरेरी कर्णेल अफ अल दी गोरखा राइफ रेजीमेन्ट्स अफ दी इन्डियन आर्मी प्राइमिनिष्टर याण सुप्रिम कम्याण्डर-इन चीफ कस्य रुक्का।

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री सुप्रदिप्त मान्यव नेपाल तारा सुविख्यात त्रिशक्तिपट्ट सुप्रसिध्द प्रवलगोरखा दक्षि वाहु कम्याण्डर इन-चीफ जनरल मोहनशमशेर जङ्गबहादुर राण जी. सी.आइ.इ.,जी.बी.इ., सैनीक दीर्घसेवा पट्ट आनरेरी कर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

०७।१५१८।७
बृटिस आर्मी कुस्यपत्रम् ।

आगे खरिदार नीलबहादुर भडारी गोरखा बुङ्कोट के सालतमाम् हसवली अम्नुली सिंधुपाल्चोक मालतालुक घुमथान गोदाममा धान भर्ती गर्ने कामको साबिक यसै रकमका २००० साल आषाढ मसांततक्का जम्मा खर्चबाट जिम्मावारी आपको र हालको समेत आम्दानी खर्च भयाकोमा आम्दानीमा दिनेको खर्चमा लिनेको बाँकीमा तहबील जिम्मालिनेको सहीछाप परेका वासील बाँकी बमोजिम इष्टक संम्वत् २००० साल श्रावण १ गते देखि २००१ साल आषाढ मसांत तक वर्ष १ मा अमानत काम काज गरेको तहसील तहबील जिम्मा नीज खरिदार मार्फतका तहवील्दार जोतीसागर श्रेष्ट चौतारा त. मु. धर्मरत्न बौधाचार्य बुंगमती कचा वाहेक तपसील बमोजिमको जम्मा खर्च गरी बाँकी दामदाम जिन्सी माना मुठी समेत बुझिलिन्यू तस्को फारखती गरी बक्स्यौं ।

तपसील

आम्दानी

असामी	नगदमो.रु.	जिन्सीमुरी
साविक यसै रकमका २००० साल अषाढ मसांत तकका जंमा खर्चबाट जिम्मावारी आपको	९८।५४	—९८२।११
हालको	८००।	—१९७।३।४
	८९८।५४	११७६।१४।४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खर्च

मालको मोल र धुवानी ज्यालासमेत ८३७।१—

बाँकी

जम्मा ६१।५३—११७९।१४।४

जिम्मावारी गएको

यसै रकमका २००१ साल श्रावण १ गतेदेखि

का जम्माखर्चमा जिम्मावारी आम्दानी

बाँधिन गएको ६१।५३—११७९।१४।४

बाँकी × — ×

इतिसंवत् २००३ साल गते रोज शुभम्

हाल साबिक भएमा गर्नें

नया भर्ना हुँदा गर्नें

माल अड्डाको हाकिममा नया भर्ना सदर भएपछि पाहाड बन्दोवस्त रिपोट फाँटलाई कम्याण्डरी किताप दर्शनफाँटले जनाउदिन्छ। सो जनाउ गए पछि सो पाहाड्बन्दोवस्त रिपोट् फाँट्मा गई रु,१००० को धनजमानी ज्यथाजमानी दिई कबुलियत गरी आफ्नू नाउँमा भएको बाहालीसनद सोंपी दिएको बुझिलिनुपर्छ। कितावखाना दर्शनफाँटमा धर्म भाकी आफ्नो फोटोसमेत दिनुपर्छ। कुमारीचोकमा सो बाहाली सनदको नकल १ प्रति दिई वहीवुझाउने लगतमा ३५ दिनभित्र सहीछाप गर्नु पर्छ। लगतमा सहिछाप नगरे मो.रु. ५। जरीबाना हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तहरीरमा भर्ना हुनेले पाहाड बन्दोबस्त रिपोटफाँटमा कबुलियत गरी बाहाली पुर्जी लिइ गए हुन्छ।

दर्शन गरेका मितिले २१ दिनभित्रमा जिल्लामा हिडी-सक्नु पर्छ नगए मो.रु. २५। जरीबाना हुन्छ। सो म्यादमा जान नसक्ने कारण परे जाहेर गरी म्याद थप लिएमा जरीबाना हुँदैन।

(नया भर्ना भएकाले दर्शन गरेका मितिले २१ दिनभित्र हिडी सक्नुपर्छ सो म्यादमा नगए मो.रु. २५। जरीबानागर्नु भन्ने मुलुकीसवाल भर्ना सरुवाबारेको ३ दफाको देहाए ५ दफा छ)

जिल्लामा जानलाई रेलको बाटो गए पनि हुन्छ। सो रेलको बाटो जाँदा सुब्बा नायव सुब्बाले सेकेन्ड क्लासको-खरिदार डिट्ठाले इन्टर क्लासको, मुखियाले थर्डक्लासको रेल भाडा सरकारतर्फबाट पाइन्छ। यस मितिमा यस स्टेशनमा यस क्लासको रेल चढी यस मितिमा यस स्टेसनमा उत्रेको रेल-भाडा यति लागेको निकासा गरीपाउँ भनी तहरीरले हाकिम-छेउ र हाकिमले गौंडा गोस्वारामा रिपोट दिनुपर्छ। सो रिपोट दिएपछि सो बमोजिम रेल भाडा लाग्ने हो होइन बुझी लागेको रेल भाडा खर्च लेखिदिने निकासा गरिदिनु पर्छ। सो निकासा दिए बमोजिमको रेल भाडा स्याहामा खर्च लेखी खान खुवाउन हुन्छ।

(नया भर्ना भएका हाकीम तहरीर रेलको बाटो जानहुने ठाउँ भए रेलको बाटो गएमा यस स्टेसनमा रेल चढी यस स्टेशनमा उत्रंदा यति रेल भाडा लाग्यो भनी तहरीरले हाकिम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छेउ र हाकिमले आफ्ना जिल्लाका गौंडामा गोस्वारामा रिपोर्ट गरी सो बमोजिम् खर्चलाग्ने नलाग्ने बुझी लागे खर्चको दर्जा अनुसारको रेल भाडा निकासा गरिदिएको खर्च लेखी बाधु भन्ने- "मुलुकी सवालको भर्ना सदर बारेको ४ दफाको देहाय ७ दफाको ४ दफा छ)

भर्ना भएका अड्डामा जाँदा रेल चढ्नु नपर्ने भएमा खुस्कीको बाटो जाँदा र रेलबाट उत्रे पछि पनि हिडी जानु पर्ने ठाउँ भएमा समेत दिनको ४ कोसका हिसाबले बाटोको म्याद पाइन्छ। सो हिसाबले पाउने बाटोको म्यादभन्दा बढी दिन लगाउन हुँदैन। लगाएमा गैल रहन्छ।

(भर्ना भएका जिल्लामा जांदा रेलबाट उत्री खुस्कीको बाटो जाँदा र खुस्कीकै बाटो जाँदासमेत दिनको ४ कोसका दरले बाटोको म्याद पाउँछ,भन्ने मुलुकी सवालको भर्ना सदर बारेको ४ दफाको देहायको २ दफा छ)

पाहाड मालको तहरीर खाली भएमा अड्डैको रोल मिलाई जाहेर गरे हुन्छ । सो रोल दिंदा जिल्लामा नै घरद्वार भएका र हाकिमको अदालती बन्दोबस्तको ५० नम्बरमा लेखिएको नाता पर्ने रहेछ भने हुँदैन ।

(जिल्लामालको तहरीर खाली भएमा मध्येसमाल बाहेक अन्तकाले जिल्ला अड्डैके रोल गरी जाहेर गरे हुन्छ, भन्ने मुलुकीसवाल भर्नासदर बारेको १ दफा छ)

चेस भएमा गर्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सदरबाट मोफसलमा वा मोफसलबाट मोफसलैमा चेन्ज भएमा बाहाली पाएका २१ दिन भित्र आफू सरुवा भएका अड्डामा हिंडीसक्नु पर्छ ।

सो २१ दिनभित्र आफ्नु हालवालाले बाहाल गर्न आएमा सो म्यादभित्र हाल वालालाई बुझाउनु पर्ने बुझाई सक्ने भए बुझाइ गएहुन्छ । नसक्ने भए बुझाउने बन्दोबस्त मिलाई जानुपर्छ ।

(चेञ्ज भएका अड्डामा बाहालो पाएका २१ दिनभित्र हिंडीसक्नुपर्छ सो म्यादमा हालवाला आए बुझाई सकेजति बुझाइ नसक्ने जति बुझाउने बन्दोबस्त मिलाई जानुपर्छ, मुलुकी सवाल भर्ना सरुवा बारेको ४ दफा छ)

(हालवाला नआएमा र आइ बुझाउन नसकेमा बन्दोबस्त मिलाउँदा नगदमा ३ साँचा दाखिल गरे हुनेजति दाखिला गरी दिनुपर्छ । दाखिला गर्न नहुने जति गौंडा या गोस्वारालाई जँचाई सो कागजपत्रसमेत तहरीरले बुझाउनेःगरी ठीक पारी जानु पर्छ । जिन्सी भएकोमा जिन्सी तहबीलदारले नै बुझाउने गरी जानु पर्छ । सो बुझाउनलाई भाइ छोरा राखी गए पनि हुन्छ ।

(हालवाला नआए नगद ३ साँचा दाखिल गरे हुने दाखिल गरी नहुने गौंडा गोस्वारालाई जँचाइ सार कागजपत्र तहरीरले जीन्सी तहबीलदारले बुझाउने गरी जानु पर्छ भाइछोरा राखी गए पनि हुन्छ भन्ने मुलुकी सवाल भर्ना सरुवा बारेको ४ दफा छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तहरीर चेञ्ज भएमा भने आफ्नु जिम्माको कागजपत्र बुझाउनलाई हाकिमलाई देखाई बुझाई जानुपर्छ।

(तहरीर जाँदा आफ्नु जिम्माको हाकिमलाई बुझाइ जानु पर्छ, भन्ने मुलुकीसवालको भर्ना सरुवा वारेको ४ दफा छ)

चेंज भएको २१ दिनभित्रै आफ्नु हालवालाले वाहाल गरेमा सो वाहाल गरेका अघिल्लादिनसम्मको दरवन्दी बमोजिम् पाउने तलब सोही अड्डावाट खर्चलेखी खान पाइन्छ। त्यसपछिको तलब आफू सरुवा भएका अड्डावाट पाइन्छ। हालवालाले वाहाल नगर्ने आफू हिंडेमा हिडेका अघिल्ला दिनसम्मको र वरबुझारथ-लाई २१ दिनसम्म सोही अड्डामा वसे सो २१ दिनको तलब पनि सोही पुरानै अड्डावाट खर्च लेखी खान हुन्छ।

(जिल्लामा हिड्नु पर्ने ५१ दिनभित्र हालवालाले वाहालगरे वाहालगरेका अघिल्ला दिनसम्म नगरे अड्डा छाडेका अघिल्ला दिन सम्मको २१ दिन सम्मवसे सो दिनको समेत तलब साविकै अड्डावाट खानपाउँछ, भन्ने मुलुकीसवाल भर्ना सरुवा वारेको ४ दफाको देहाय दफा छ)

साविक अड्डामा छँदा यस मितिमा हालवालाले वाहालगरेकोले यस मितिदेखी तलब खान नपाएको भन्ने र हालवालाले वाहाल नगर्दै हिंडेको भए यस मितिमा हीडेकोले यस मिति देखि तलब खान नपाएको र वाटोमा यति दिन लागी यस मितिमा वाहाल गरेकोले सो वाहाल गरेका अघिल्ला दिन सम्मको यो दरवंदीले पाउने यति तलब पाउँ भनी तहरीले हाकिम छेउ हाकिमले आपना जिल्लाका गौंडा गोस्वारामा रिपोट गर्नु पर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सो रिपोट बमोजिमको तलब पाउने नपाउने बुझी यकिन गरी निकासा गरी दिए बमोजिम तलब खर्च लेखी खानुपर्छ।

(आफूले तलब खान पाएका मितिदेखि बाहालगरेका अघिल्ला दिनसम्मको यति तलब पाउँ भनी तहरीरले हाकिमछेउ, हाकिमले आफ्ना गौंडा या गोस्वारामा रिपोट् गरी सो बमोजिम तलब पाउने बुझी निकासा गरी दिए बमोजिम तलब खर्च लेखी खानू भन्ने मुलुकीसवाल भर्नासरुवा बारेको ४ दफाको देहाय दफा छ)

मोफसलका हाकिम सदरमा आएका बखत अंत अड्डामा चेंज भएमा साविक अड्डामा गई बरबुझारथको बन्दोबस्त मिलाई जानेले २१ दिनमा थपदिन थप म्याद पाउँछ। सो बमोजिम साविक अड्डामा गई बरबुझारथको बन्दोबस्त मिलाई गए हुन्छ।

(सदरमा आएको बखत चेञ्ज भएमा साविक अड्डामा गई जानेले थप ७ दिन म्याद पाउँछ, भन्ने मुलुकी सवाल भर्नासरुवाबारेको ४ दफा को देहाय दफा छ)

खाली भएमा गर्ने

हाकिम मरी भागी खाली भएमा तहरीरले नैसबै नगद जिन्सी कागजपत्र हेरी आफ्ना जिल्लाका गौंडा या गोस्वारा राखा जाँचबुझ गरी लिनुपर्छ।

हाकिम खालीमा जागीरदार बाहाली बर्खासी का २ नम्बर का पेजबमोजिम गौंडा या गोस्वाराबाट कायम मुकायम हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आडर पुर्जि गरिदिनुपर्छ। सो बमोजिम कायम मुकायम हुनेले काम गर्नु पर्छ।

हाकिम खोसिएकोमा सो हाकिम खोसिएको आडर पुर्जी आइपुगेका अघिल्लो दिनसम्मको तलव खान पाउँछ। बातलागी तलब खान नपाउने गरी खोसिएकोले भने झिक्न नपाएको तलब जति खान पाउँदैन।

तहरीर खाली भएका भने तहरीर जिम्माको कागजपत्र सबै हेरी बुझी सो तहरीरमुनिका कारिन्दालाई जागीरदार बाहाली बर्खासीका नं का ऐन बमोजिम हाकिमले नै कायम मुकायम मुकरर गरिदिए हुन्छ।

सो कायम मुकायम हाकिम तहरीर मरी, भागी, खोसिई खाली भएकोमा भए छुन खान्गीमा कायम मुकायम भएको छ। सो खान्गीमा आफ्नु खान्गी कटाइ बढी जति हुन आउँछ त्यसको दामासाहीले भत्ता गरी खान पाउँछ। चेञ्ज भएमा र कामकाजमा खटिगई कायम मुकायम हुनेले भने सो खान्गीको भत्ता पाउँदैन। सो भत्ता पाउँदा महीनाको २०० भन्दा बढी पाउने हुन आएमा भने रु. २०० भन्दा बढी खान पाउने गरी पाउन सक्दैन। सो पाउने भत्ता लिन सदरकाले तालुक अड्डामा र जिल्लाले गौंडा या गौस्वारामा रिपोर्ट दिई निकासा भएपछि खर्च लेखी खान पाउँछ।

(हाकिम तहरीर काज खटी गएको र बिदामा गै भत्ता तलब खान नपाउने भएमा कायम मुकायम हुनेले सो भत्ता थपी खान पाउँछ, मरी, भागी, खोसी खाली भै कायम मुकायम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेले निजले खाएको भत्ता तलब कायम मुकायम हुनेले खाएको खाएको खान्गी कट्टा गरी खान पाउँछ । कायम मुकायम हुनेले महीनाको रु. २०० भन्दा बढी खान पाउँदैन, सो खान्गी खान सदरले तालुक बन्दोबस्तमा मोफसलले गौंडा गोश्वारामा रिपोर्टगर्नु पर्छ भन्ने मुलुकीसवालको वाला तलब बारको १५ दफा छ।)

हाकिमको कबुलियत:–

लिखितम् भैरवदासको नाति सुब्बा तीर्थराजको छोरा वर्ष ३८ को माझकिरात मालको हालवाला खरिदार योगराज दली काठमाडौं मरुहिटी आगे माझकिरात मालको ना. सुब्बा अम्बिका प्रसाद सरुवा खाली खान्गी मो.रु. १२००। मा खरी-दार दर्जा गरी काठमाडौं मरुहिटी बस्ने योगराज दलीलाई २००३ साल फाल्गुण २६ गते रोज १ मा श्री ३ महाराजबाट भर्ना गरी बक्सेको हुनाले जनाउ लेख्ने काम भएको छ, ऐनसवालबमोजिम जो चाहिने बाहाली सनद गरी जिल्लामा रमाना गरी रमाना भएको जनाउ यस अड्डालाई दिने काम गर भनी कम्प्याण्डरी किताबखाना दर्ताफाँट्बाट २००३ साल चैत्र १ गते रोज ६ मा पुर्जी भैआएकोले बाहाली सनद सुम्पन यस अड्डालाई भएका सवालबमोजिम सो मालमा तिमीले कामकाज गर्दा बुझाउनुपर्ने हुन आएमा असूल उपर गर्नालाई मो.रु. १०००। को धनजमानी वा ज्यथा जमानी के दिने हो सनद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आडर पुर्जि गरिदिनुपर्छ । सो बमोजिम कायम मुकायम हुनेले काम गर्नु पर्छ ।

हाकिम खोसिएकोमा सो हाकिम खोसिएको आडर पुर्जी आइपुगेका अघिल्लो दिनसम्मको तलब खान पाउँछ । बातलागी तलब खान नपाउने गरी खोसिएकोले भने झिक्क नपाएको तलब जति खान पाउँदैन ।

तहरीर खाली भएका भने तहरीर जिम्माको कागजपत्र सबै हेरी बुझी सो तहरीरमुनिका कारिन्दालाई जागीरदार बाहाली बर्खासीका नं का ऐन बमोजिम हाकिमले नै कायम मुकायम मुकरर गरिदिए हुन्छ ।

सो कायम मुकायम हाकिम तहरीर मरी, भागी, खोसिई खाली भएकोमा भए हुन खान्गीमा कायम मुकायम भएको छ । सो खान्गीमा आफ्नु खान्गी कटाइ बढी जति हुन आउँछ त्यसको दामासाहीले भत्ता गरी खान पाउँछ । चेञ्ज भएमा र कामकाजमा खटिगई कायम मुकायम हुनेले भने सो खान्गीको भत्ता पाउँदैन । सो भत्ता पाउँदा महीनाको २०० भन्दा बढी पाउने हुन आएमा भने रु. २०० भन्दा बढी खान पाउने गरी पाउन सक्तैन । सो पाउने भत्ता लिन सदरकाले तालुक अड्डामा र जिल्लाले गौंडा या गौस्वारामा रिपोर्ट दिई निकासा भएपछि खर्च लेखी खान पाउँछ ।

(हाकिम तहरीर काज खटी गएको र बिदामा गै भत्ता तलब खान नपाउने भएमा कायम मुकायम हुनेले सो भत्ता थपी खान पाउँछ, मरी, भागी, खोसी खाली भै कायम मुकायम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेले निजले खाएको भत्ता तलब कायम मुकायम हुनेले खाएको खाएको खान्गी कट्टा गरी खान पाउँछ । कायम मुकायम हुनेले महीनाको रु. २०० भन्दा बढी खान पाउँ दैन, सो खान्गी खान सदरले तालुक बन्दोबस्तमा मोफसलले गौंडा गोश्वारामा रिपोटगर्नु पर्छ भन्ने मुलुकीसवालको वाला तलब बारको १५ दफा छ।)

हाकिमको कबुलियतः-

लिखितम् भैरवदासको नाति सुब्बा तीर्थराजको छोरा वर्ष ३८ को माझकिरात मालको हालवाला खरिदार योगराज दली काठमाडौं मरुहिटी आगे माझकिरात मालको ना. सुब्बा अम्बिका प्रसाद सरुवा खाली खान्गी मो.रु. १२००। मा खरीदार दर्जा गरी काठमाडौं मरुहिटी बस्ने योगराज दलीलाई २००३ साल फाल्गुण २६ गते रोज १ मा श्री ३ महाराजबाट भर्ना गरी बक्सेको हुनाले जनाउ लेख्ने काम भएको छ, ऐनसवालबमोजिम जो चाहिने बाहाली सनद गरी जिल्लामा रमाना गरी रमाना भएको जनाउ यस अड्डालाई दिने काम गर भनी कम्याण्डरी कितापखाना दर्ताफाँट्बाट २००३ साल चैत्र १ गते रोज ६ मा पुर्जी भैआएकोले बाहाली सनद सुम्पन यस अड्डालाई भएका सवालबमोजिम सो मालमा तिमीले कामकाज गर्दा बुझाउनुपर्ने हुन आएमा असल उपर गर्नालाई मो.रु. १०००। को धनजमानी वा ज्यथा जमानी के दिने हो सनद

CC-0. In Public Domain. Digitization by eGangotri

सवालका म्यादभित्र गर्नु पर्ने काम गरी टायम टाय
असूल फछ्र्यौट गर्नु पर्ने जम्मै बेमाख गरूँला गर्नु पर्ने
टायम टायममा नगरी बाँकीराखे सिलौटे रकमसमेत मा
भएका सवाल बमोजिमको असूल तहसील गर्नु पर्ने
राखेमा सो बाँकी जम्मै र अरू बाँकीमा दामासाहीले
फिर्ता बुझाउँला भन्ने समेत कबुलियत लेखिदेउ भनी
यस अड्डाबाट सोधनी हुँदा मेरो चित्त बुझ्यो मो.रु. १
भन्दा बढी ज्यथा भएको का. ई. मरुहिटी वस्ने सुव्वा तीर्थ
लाई धनजमानी दिन्छु सो मालमा बाहाल गरी साविक
जो बुझ्नुपर्ने सनद सवालका म्यादभित्र अकर्ण गरी बुझि
भर्पाइ गरी दिउँला, सो मालबाट असूल गर्नु पर्ने लग
रुपैयाँ पैन सवालका टायम टायम मै असूल बेमाख ग
सवाल सनदका म्यादमा असूल बेमाख गरिनभने सिलौटे
समेत माललाई भएका सवालमा लेखिएबमोजिमको र
रुपैयाँ बेमाख नगरे बाँकी जम्मै र अरू बाँकीमा मेरा
दामासाहीले फिर्ता बुझाउँला सनदसवालबमोजिम
ढपोट्मास्केवारीसमेत इत्यादि स्रेस्ता खडा गरी श्रीकुमारी
कसमेत जुन जुन अड्डामा दाखिलगर्नु पर्ने कागजपत्र हो
उस अड्डामा सनद सवालका म्यादभित्र दाखिल गरी बही
फरफारखसमेत लिउँला नयाँ जग्गा अवादगर्ने दर्खास्त
भित्र तामेल गरी अवाद गुलजार गराइ कोशिशसाथ सरका
लगत बढाउँला कामकाज गर्दा कसैको माया मोलाहिजा
खुसामदमा नलागी निमकको सोझो चिताइ इमान धर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐनसवाल मिलेकोमा सोही बमोजिम र ऐनसाल नमिली बाधा परेकोमा जाहेर गरी निकासा बक्सेबमोजिम कामकाज गरुँला सो बमोजिम नगरी कसैको माया मोलाहिजा खर खुसामदमा लागी घूस रोसवत सर सलामी मेजवानी खाइ कौनै किसिमबाट ऐनबखिलाप गरी कामकाज गरें भने ऐनसवाल भएकोमा सोहिबमोजिम र ऐनसवालमा नखुलेकोमा सरकारको तजबीजले ठहरेबमोजिम सजायगरीबक्सनु बुझाउँला सरकारको तहबील ह्रासी भागी नासी मुगलान गरुँ भने अहद्‌बमोजिम गर्नु भनी मेरो मनोमान खुसीराजीसंग कबुलियत लेखी पाहाड्‌बन्दोबस्त रिपोटफाँट मार्फत श्री ५ सरकारमा चढायां संवत् २००३ साल चैत्र रोज शुभम्

तहरीरको कबुलियत

लिखितम् जगन्नाथको नाति भवनाथको छोरा वर्ष ३८ को त. मु. नारायणप्रसाद उपाध्याय पूर्व २ नं भलापरवर्क आगे सालसालको मोठनंबरी छुट्टाछुट्टा भैरहेकोहुँदा स्रेस्ता लामो भैरहेकोले मौज्यानी छुट्टाछुट्टै किताप खडा गरी सालसालको मोठनम्बरी गाभी आइन्दालाई पनि सोही कितापमै पाना थपी नम्बरीकायम गरी राख्नेसमेत बेहोरा जाहेर भै काठमाडौं, कीर्तिपुर, पाटन, भादगाउँ समेत चारै मालका नाउँमा ८७ साल-कार्तिक १२ गते ३ मा सदर गरी बक्सेको खड्ग निसानाको ११ दफामा आइन्दाको बाँकी बक्यौता र सालबसाली लगतसमेत सालसालको ढपोट दाखिलगर्ने म्यादसम्ममा असूल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फछ्यौंट् गर्न नसकेको बाँकी दामासाहीले हाकिम
फिर्ता वुझाउँला भन्ने नेपाल पाहाड् मालका हाकिमह
कवुलियत भैरहेको कुनै अड्डामा पनि तहरीरलाई बाँ
दामासाहीले खांगी फिर्ता वुझाउने कवुलियत नभै काठम
पाटन मालमा पनि ८३ सालदेखि मात्र तहरीरलाई समेत
दामासाही लाउने रुल चलेको हुनाले २ रीत हुनगएक
गोर्खा राजभरका तहसील अड्डाका कुनै तहरीरले दामास
तिर्नु नपर्ने यसै काठमाडौं, कीर्तिपुर, पाटन, भादगाउँ माल
तहरीरले मात्र दामासाही र जरीवाना तिर्नुपर्दा मो.रु. १३२
नौसिन्दा खांगी पनि खान नपाउने भएकाले तहरीर
दामासाही नलिनू भन्ने गरीपाउँ भनी काठमाडौं, कीर्ति
मालको मु. जगतमानले ८७।३।१६।५ मा हुलाकद्वारा
विन्तीपत्र चढाइ पठाएकोसमेत जाहेर भएको हुनाले
उप्रान्त नेपाल पाहाड्का सबै मालका तहरीरहरूलाई हाकिम
बाँकीमा खांगी दामासाही नलिने गरी बकसेको छ टायमटाय
तयार गरी दाखिल गर्नु पर्ने स्याहा ढपोट् मोठ् नम्बरी मा
चारी इत्यादि स्रेस्ताहरू म्यादभित्र तयार गरी दाखिल गर्नु
ठाउँमा दाखिलगर्न सकिन भने ऐनसवालबमोजिम
जरीवाना वुझाउँला भन्ने र अरू कुरा मुलुकीअड्डामा
अड्डाका तहरीरहरूको कवुलियत भैरहेबमोजिम गोर्खा
वेहोरा पारी कवुलियत गराउनु भन्ने पा. वं. रीपोट् फा
गाउँमा सनदभै जाने हुनाले त्यस अड्डाबाट पनि सो ब
गर्नु गराउनु भन्ने समेत लेखिएका हुनाले अब उप्रान्त ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाहाडका सबै मालका तहरीरहरूलाई कबुलियत गराउँदा हाकिम सरह बाँकीमा खांगीदामासाही नलिनेगरीबक्सेको छ टायमटायम-मा तयारगरी दाखिला गर्नुपर्ने स्याहाढपोट मोठनम्बरी मास्केवारी इत्यादि स्रे स्ताहरू म्यादभित्र तयारगरी दाखिलगर्नु पर्ने ठाउँमा दाखिला गर्न सकिन भने ऐन बमोजिम हुने जरीबाना बुझाउँला भनेर अरू कुरा मुलुकीअड्डामा सबै अड्डाका तहरीरहरूको कबुलियत भैरहेबमोजिम गोस्वारा वेहोरासमेत पारी कबुलियत गराउनालाई सदरमाल र जिल्ला पहाड् मालहरूलाईसमेत जो चाहिने उर्दीपुर्जी गरी पाइ लेखियाबमोजिमको कबुलियत गराउने गर्नू भन्ने पहाड् बन्दोबस्त रिपोर्ट्फाँट्का नाउँमा सनदगरी बक्सनु पर्ने ठहरायूँ जो मर्जि हुकुम भनी मुलुकीवंदोवस्त अड्डाका-हकिमकारिन्दाहरू हाम्रा हजुरमा बिन्ती पार्दा जाहेर भयो सो ठहरापकोमा हामीबाट पनि सदर गरिबक्सेको छ सोबमोजिम गर्ने काम गर भन्ने ८७ सालकार्तिक २२गते ९ का सनद र अरू अड्डा अड्डाका तहरीरहरूको कबुलियत भै रहेको मुलुकीअड्डा पुर्जीफाँट घाट आयाको कबुलियतको नकलसमेत हामीहरूलाई बाँची-सुनाइ कबुलियत लेखिदेउ भनी यस अड्डाबाट सोधनी हुँदा मेरो चित्त बुझ्यो सरकारबाट हामीहरूलाई कामकाज गर्न अड्डा अड्डामा तहरीर गरी बक्सेका अड्डाअड्डाको कामकाज निमकहमान धर्म संझी सरकारको सोझो चिताइ तपसीलमा लेखियाका कुरामा सोहीबमोजिम र अरुमा ऐनसवाल सनदबमोजिम काजकामगरूँला लेखियाबमोजिम गरिनभने बाँकीमा हाकिमसरह खांगी दामासाही नलिने गरिबक्सेको हुनाले टायम टायममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तयथा गरी दाखिल गर्नु पर्ने स्याहाढपोट् मोठनम्बरी मास्केवा इत्यादि स्रेस्ताहरू म्यादभित्र तयार गरी दाखिल गर्नु पर्ने उँमा दाखिल गर्न नसके ऐनसवालबमोजिम जरीवाना बुझाउँ अरू कुरालाई सरकारको नोक्सानपारीकामकाजको गरे ऐनस हुकुमसर्जिमुताविक सजाँय सहुँ ला बुझाउँ ला भनी मेरा मनो खुसीराजीसंग कवुलियत लेखी पहाडबन्दोबस्त रिपोर्ट अड्डामार्फत श्री ५ सरकारमा चढायूं ।

तपसील

अड्डामा हाल साविक भई हालवाला अड्डामा हाल गर्न अड्डाको साविकवालासंग बुझ्नुपर्ने नगदजिन्सीको लगत भए मा लगतसमेत लिने भयाकोमा अकर्ण गराई जग्गा बाँकी पनि बाँकी र तहवील मौज्दातमा फाँट्वारी लिउँला।

अकर्णबमोजिम साविकवालासंग बुझ्नुपर्ने मौज्दात नग जिन्सी बुझ्दा खसोखास बुझी भर्पाई दिइ कागत गरी राख्नु हिफाजत गरी खर्चगर्नु पर्नेमा ऐनसवालको रीत पुऱ्याइ ग गरूँला सो मौजदात बुझेमा साबिकवालाले नगद जिन्सी बुझाउन सकेन भने सो बुझाउन नसकेको अंक खोली निज जमानवंदी गराइ बुझाउन नसकेको वाँकी उपर गराउना मानिससमेत वही बुझ्नेमार्फत स्रेस्ता अदालतमा सो वेहोरा जाहेर गरौंला ।

साविकवालाले लगाइराखेको पेस्की बाँकी बुझ्दा साबि वालामा भाखा नपुगेकोमा बुझी भर्पाई दिई सो खापट् पेस्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कबुलियत व सनद सवालका म्याद भित्र तहसील गरी फछ्यौंट् गरुँला, म्याद भित्र बाँकी बेमाख नगरे जायजात गर्नु पर्नेमा आखापुगेका ३५ दिन भित्र गरी बेमाख गरूँला, साविकवालाले ऐनसवालको रीत नपुऱ्याइ सापट् पेस्की लाएको र सनद कबुलियतका म्याद भित्र असूल नगरी बाँकी राखेको साविक-वालाले बुझाउन नपाउने कबुलियत भएकोहुनाले कबुलियत बमोजिमको बाँकीरहेको साविकवालाबाट असूल गरी दाखिलगरुँला बुझाउन नसके ऐन सवाल बमोजिम बाँकी उपरगर्न २ दफामा लेखिया बमोजिम गरूँला। ३

साविकवालाले आफ्ना पालामा गएको पेस्कीबाहेक दरसाविकका पालाको सापटी पेस्की बाँकीलाई साविक-वालाको कबुलियत सनद सवालले जुन किसिमको बाँकी बुझाउन पाउंछ सो बमोजिम बुझी त्यसमा साविकवालाको सुस्तीले खांगी फिर्ता बुझ्नु पर्नेमा सोबमोजिम गरी बक्यौता बुझी भर्पाई दिई आफ्ना बहाल मितिले बाँकी फछ्र्याउने म्याद भित्र फछ्र्यौं-उला। ४ सापटी पेस्की बाहेक अरू साविकका पालाको जग्गा बाँकीबुझ्दा सनद कबुलियतको म्याद नपुगेको जति बुझी म्याद भित्र हालवालाले तहसील गरी बेमाख गरूँला म्यादपुगि सकेको आफ्नै पालाको जग्गा बाँकी रहेछ भने निजका कबुलियतले खान्गी फिर्ता गराउनु पर्ने तुरंत फिर्ता गरी रुस्तामा आम्दानी बाँधी बही बुझ्ने अड्डालाई खबरदिई सो जग्गा बाँकी बुझीलिई बुझेका मितिले साल बसाली बेमाख गर्ने म्यादसम्ममा फछ्र्यौंट् गरी बेमाख गरूँला ५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साविकका पालाको बाहेक दरसाबिकका पालाको बाँ
बक्यौतालाई साविकवालाको कबुलियत र सो फछ्र्याउ
लाई सनद् सवालको जुन किसिमको बाँकी बुझाउन पाउँ
सो मात्र बुझी त्यस्ता साविकको सुस्तीले खांगी फिर्ता बुझ
पर्नेमा सो बमोजिम गरी सो बक्यौता बुझी भर्पाइ दिई आफ
बाहाल मितिले सो बाँकी फछ्र्याउने विषयमा भयाका द
साविकका पालाको कबुलियत र सवाल सनद्का म्याद मि
सोही कबुलियत सवाल सनद्बमोजिम गरी फछ्र्याउँला।

साविकवालासंग बुझेका सापटी पेस्की जग्गा बाँकीला
माथि दफा दफामा लेखिया बमोजिम गरुँला आफूले बाहा
गरेपछि आफ्ना पालाको पेस्कीसापटी गएको र लगत बमोजि
असूल तहसील गर्नु पर्ने समेत म्याद्म्याद्मा ऐन सवाल बमो
जिम असूल तहसील फछ्र्यौट् गरी सालबसालको सालबसा
ढपोट्को म्यादसम्ममा बेमाख गरुँला

अडामा रहने कागजहरू पनि उर्दीका सनद सवालबमोजि
काइदा माफिक राखे नराखेको जाँची काइदामाफिक नराखे
भए साविकवालालाई सोही सनद सवालबमोजिम गरी बुझ
पर्ने सबै कागजपत्र बुझी ली खोजी भएकावेलामा तुरंत पा
गरी उर्दी सवाल सनद बमोजिम काइदामाफिक दुरुस्त ग
हफाइजतसाथ राखुँला चाहिने कागजपत्र अलपत्र गरी ग
छैन

पछि आफ्नो बदली हुँदा पनि माथि दफादफामा लेखि
बमोजिमको रीत पुऱ्याइ बुझबुझारथ गरुँला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरू अड्डाबाट निकासा मागेको र आफ्ना अड्डाको निक्सारी गर्नु पर्ने समेत रिपोर्ट विन्तिपत्र तोक सनद पुर्जिको निकासा गर्नु पर्ने कागज उर्दीका सवाल सनदबमोजिम म्यादम्यादमा बाहेर गर्नु पर्ने जाहेर गरी र जाहेरगर्नु नपर्ने अड्डाबाट निकासा दिनुपर्ने समेत निक्सारी गरी गराइ फछर्यौई बेमाल गरूँला १०

माथि दफादफामा लेखिएदेखि बाहेक अड्डाबाट गर्नु पर्ने अरू कामकाजमा ऐनसवालबमोजिम कत्ति घटीबढी नपारी कामकाज गरूँला सो बमोजिम नगरे ऐनसवाल भएकोमा सो बमोजिम र नभएकोमा हुकुम मर्जिबमोजिम सजायसमेत बुझाउँला ११

ऐनसवालका टायम टायममा तयारगरी दाखील गर्नु पर्ने स्याहा ढपोट् मोठ्नंबरी मास्केवारी इत्यादि स्रेस्ताहरू म्यादभित्र तयारगरी दाखिल गर्नु पर्ने ठाउँमा दाखिल गरूँला दाखिलगर्न नसके ऐनसवालले हुने जरीबाना बुझाउँला संवत् २००३ साल आषाढ गते रोज शुभम् १२

बुझबुझारथ गर्दा

साविकवालाले हालवालालाई बुझाउँदा जुनजुन कुरा बुझाउनु पर्ने हो त्यस्को नगद जिन्सी कागजपत्र जग्गा बाँकी मालपोतको छुट्टाछुट्टै अकर्ण लेखी बुझाउनु पर्छ। हालवालाले पनि सो अकर्णबमोजिम् बुझेको भर्पाई दिनुपर्छ।

साविकवालाले आफ्नु बहाल रहेका मितिसम्मको स्रेस्ता गरी हालवालाले बहालगरेपछि स्रेस्ता टुंटाउनुपर्छ। हालवालाले आफूले बाहालगरेका मितिदेखिको स्रेस्ता उठाउनुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मालपोत असूलगरी नसकेकोभए लगतसम्म बुझाइदि पुग्छ। केही असुल गरीसकेको भए सो उठाइसकेको कर बाँकी यो योसँग असूल गर्नु पन बाँकी यति भनी जग्गा बाँकी अकर्ण लेखिदिनुपर्छ। ढपोट्मा हालवाला जिम्मा जिम्मावा लेख्दा सो हालवालाका भर्पाईबमोजिम् लेख्नु पर्छ। हालवा लाले सो वाहालगरेको साललाई साबिकवालाका अकर् बमोजिम लगत कसी असूल फछर्यौट् गर्नु पर्छ।

सो जग्गाबाँकीको अकर्णगरी बुझाउँदा एउटासँग जग्गाबाँकी अर्काको नाममा एउटा मानिससंग असूल गर्नु लगत दोभरा, असूल गर्नु पर्ने लगतभन्दा बढीगरी बुझाएमा असूल गर्न पक्राउगर्दा वेकाम बुझाउनु नपर्ने उजुरगरी बु ठहरेमा त्यस्तो वेकायमगरी बुझाएकोबाट मिहा गर्नु पर्ने आयो भने साबिकवालाको ढपोट्मा फाजील देखिन आएको सो फाजील देखिएको अङ्कसम्म मिहा पाइ फाजील न साविकवालालाई पक्राउ हुन्छ। त्यसकारण फरक घटी कत्ति हुन नपाउनेगरी सावधानसंग हिसाव मिलाई अ बढागरी बुझाउनुपर्छ।

कायम मुकायम हुनेले सो कायम मुकायम हुन्दा को स्रेस्ता आफ्नै नामबाट उठाउनु पर्छ। हालवा वाहालगरेपछि सो कायम मुकायम भएका अवस्था स्रेस्ता पनि त्यही हालवालाके ढपोटमा गभाई दा गर्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(कायम मुकायम भएको अवस्थाको स्रेस्ता कायम मुकायम हुनेकै नामबाट खडागरी दाखिल गर्नु पर्छ भन्ने मुलुकी अघालको बाली तलब बारेको १५ दफा छ)

जिन्सीमाल बुझ्नलाई साबिकवाला हाकिम नझिकाइ नहुने भएमा सो हाकिम अंत अड्डामा चेन्ज भैरहेको भए झिकाउनालाई जाहेर गर्नु पर्छ। सो जाहेर गरेकोमा निकासा भैआएपछि झिकाई १५ दिनमा बर बुझारथ सिध्याई पठाउनु पर्छ।

बुझ बुझारथ गर्दा सबै ३५ दिनभित्र अकर्ण भरपाई-समेत गरी सिध्याई सो सिध्याएको जनाउ आफ्ना इलाकाका गौंडा या गोस्वारामा दिनुपर्छ। सो म्यादमा नसिध्दिने भएमा चाहिने म्याद थपलाई गौंडा या गोस्वारामा रिपोर्ट गरी म्याद थप लिनुपर्छ। सो थप भएका म्यादमा सिध्याई जनाउ दिनुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रिपोट् गर्ने कुरा

रीपोट् गर्दा विचार पुर्‍याउनुपर्ने

मालबाट यस्तोयस्तो कलंमको मिह्लालाई यस्तो र यस विषयमा यस्तो रिपोट गर्नु पर्छ भन्ने केही नियम छैन। बख काम अनुसार जुन बखतमा जस्तो रिपोट् गर्नु पर्ने अवस पर्नआउँछ उस्तो रिपोट् गर्नु पर्छ । मालमा धेरै चल्ती कामको रिपोट् गर्ने रूल यस्मा दिएको छ।

आफ्नु अड्डाबाटै खर्च मिह्ला लेखे हुने र आफ्नै अड्डा काम गरे हुने सनद सवाल ऐन भैरहेकोलाई जाहेर गर्नु पर्ने आफ्नु अड्डालाई अखत्यारी नभएको र अखत्यारी देखि पर्नआएको र सनद सवालमा जाहेरगर्नु भन्ने लेखिएको भमा जुन अड्डामार्फत जाहेर गर्नु भन्ने लेखिएको छ सो मार्फत जाहेरगरी निकासा भैआएबमोजिम् गर्नु पर्छ। सवाल ऐनले आफ्नै अड्डाबाट गरे हुने कलममा जाहेर सो रिपोट्को निकासा दिने अडाबाट मो.रु. १। देखि रु. सम्म जरीवाना गरी रिपोट् फिर्ता आउँछ ।

(सनद सवालले अड्डैबाट गरेहुनेकांमा रिपोट्गरे मो. देखि रु. २० सम्म जरीवाना गरी १५ दिन भित्र फिर्ता गर्नु भने मुलुकी सवालको सनद रिपाट् दिने वारेको १ दफाको देहाए २ दफा छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रिपोट् गर्दा बुझ्नु पर्ने कुरा सबै बुझी सो रिपोट्को तामेल राख्नु पर्ने प्रमाणहरू सबै राखी जाहेर गर्नु पर्छ त्यस्तो बुझ्नुपर्ने कुरा नबुझी राख्नुपर्ने प्रमाण नराखी जाहेर रु. १ देखि रु. २० सम्म जरीबाना गरी ७ दिन देखि १५ दिन सम्मको म्याददिई सो बुझ्नु पर्ने कुरा बुझी राख्नु पर्ने प्रमाण पठाउनु भनी सो रिपोट् निकासा दिने अड्डाले लेखी पठाउँछ सो म्यादमा सो लेखिपठाएको कुरा तामेल गरी [पठाउनु पर्छ। सो दिएको म्यादमा तामेल गरी नपठाए पहिला पटक् रु ।१६ देखि रु. १। सम्म जरीबाना र ७ दिन सम्मको म्याददिई पठाउँछ। त्यस्मा पनि तामेल नगरे दोस्रा पटक रु. १। देखि रु. '५।' सम्म जरीबाना र १५ दिनको म्याददिई पठाउँछ। त्यस्मा पनि तामेल नगरे सजायलाई जाहेर गरी निकासा बक्सेको सजाय भई आउँछ।

(अड्डैवाट गरे हुने कुरामा जाहेर गरेको देखिए रु.१। देखि रु. २० सम्म जरीबाना गरी १५ दिन भित्र फिर्ता पठाउनु भन्ने १ दफाको देहाए २ दफा, प्रमाणछुटाइ मिसिल नराखी अंग नपुऱ्याइ पठाएकोमा १० दिन देखि २० दिन भित्र रु. १ देखि रु. २० सम्म जरीबाना गरिपठाइ झिकाई जाहेरगर्ने १ दफाको देहाए ३ दफा सो बुझ्नुपर्ने बुझन ७ दिनदेखि १५ दिनको म्याद दिनु सो म्यादमा नपठाए पहिलापटक रु. ।१६ देखि रु. १। जरीबाना गरी ७ दिन दोस्रा पटक रु. १ देखि रु. ५। सम्म जरीबाना गरी १५ दिनसम्म म्याददिनु तेस्रापटक गदलागने भारी जरीबाना गर्नालाई मुखयारँ सँग रु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बर्खास गर्न हाम्रा हजुरमा जाहेर गर्नु भन्ने १ दफाको देहाय
४ दफाको मुलुकीसवालको सनद रिपोट निकासा दिने बारेको
सवाल छ)

तुरंतै केही खर्च नगरे सरकारको धेरै हानि नोक्सानी पर्ने काम पर्न आयो भने टायम रहे जाहेर गरी निकासा लि खर्च गर्नुपर्छ। जाहेरगर्न नभ्याइने तुरंतै खर्च गर्नुपर्ने भए खर्च गरी मिहा मोजराका १ नं. का ऐनबमोजिम ३५ दिन भित्रमा जाहेर गर्नु पर्छ। सो म्यादभित्र जाहेर नगरे सोही ऐनबमोजिम सजाय हुन्छ।

हुकुम मर्जीको प्रमांगी भै आएकोमा जाहेरगर्दा पहिले विन्ति चढाउनेले विन्तिगरेको वेहोरा साँचो या झुट्टा नै बुझ्नुपर्छ। साँचो देखिन आए सो प्रमांगीबमोजिम गर्नु पर्छ। झुट्टा देखिन आए मोफसलले रिपोट्द्वारा र सदरका अड्डाले आफैं श्री मुख्त्यारका हजुरमा विन्तिपत्र प्रमांगीको १५ नं. ऐनबमोजिम जाहेर गर्नु पर्छ।

आफ्ना अड्डालाई काम थप हुनआई अड्डामा दरिएका मदतले नपुग्ने भएमा सो काम थप भई आएकै अवस्थामा चाहिं मदत थपलाई जाहेर गरे हुन्छ। साबिक दरिएकै कामलाई दरिएकै मदतले नपुग्ने भो भने पजनीकागज जाहेर गर्दा जाहेर गर्नु पर्छ। अघिपछि जाहेरगरेकोबाट निकासा हुन सक्तैन।

रिपोटद्वारा जाहेर गरी निकासा लिनुपर्ने कुराहरू जाहेर द्वारा जाहेर गरेकोबाट निकासा हुनसक्तैन। रिपोट गरी ता अड्डामार्फत नै जाहेर गर्नु पर्छ। जरूरी निकासा लिनुपर्ने र रिपो बाट निकासा हुन नसक्ने कुरामा भने जाहेरीद्वारा निका हुनसक्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जग्गा खोलोपैह्रो परेमा

अमानती मालमा दर्ता भई रहेको खेत खोलोलागी बाली लगाउन नहुने भएको जग्गा पैह्रो गई बालीलगाउन नहुने भएको जग्गालाई खोलोपैन्हो लागेको भन्दछन्। त्यस्तो जग्गाको बाली मिन्हा पाउँछ।

जग्गामा खोलोपैन्हो लागेपछि मोहीले कार्तिक २० गतेसम्म मैले कमाएको यो जग्गा मध्ये खोलो या वेमाखै भएकोले जाँच गराइ मिहा पाउँ भनी दर्खास्त लेखी जिम्मावाललाई दिई रसीद लिनुपर्छ। त्यस्तो रसीद नलिएकोमा जिम्मावालले पनि आफ्ना जिम्माभरको त्यस्ता खोलोपैह्रो लागेको खला गह्रा खोलीर प्रति दर्खास्त लेखी कार्तिक मसांतसम्ममा मालमा दाखिल गर्न ल्याएको वुझिलिनुपर्छ। सो दर्खास्तलिई जिम्मावाललाई रसीद गरी दिनुपर्छ। सो दर्खास्त बुझोलिंदा दर्खास्तमा लेखिएको जग्गा माल दर्ता छ छैन माटो तीरो ठीक छछैन भनी मोठ नम्बर भिडाई ठीक गर्नु पर्छ। सो लिएको दर्खास्तमा १ प्रति मोफसल मालले आफ्ना इलाकाको गौंडा या गोस्वारामा र सदर मालले पाहाड वन्दोबस्त रिपोटफाँट्मा मार्ग ७ गते सम्ममा पठाउनु पर्छ। सो म्यादमा नपठाए जरीवानागरी पठाउँछन्। रैतीले दर्खास्त गरेका खला जिम्मावालले मालमा दर्खास्त दिन छुटायो भने सो जग्गाको बाली जिम्मावालले नै बुझाउनुपर्छ रैतीले बुझाउनु पर्दैन।

मार्ग लागेपछि सो दर्खास्तपरेको जग्गा जाँचगर्नालाई सदर मालले पाहाड बन्दोबस्त रिपोटफाँटले मा. रायटर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साक्षी लिई पाहाड्मालले आफ्नै अड्डाको मात्र कारिन्दा हुँदा सिपाहीसमेत खटाई जाँच गराउनु पर्छ। सो जाँचलाई सो परेको दर्खास्त र जंजीरसमेत दिई पठाउनु पर्छ।

सो डोर खटी जानेले पनि यस मौजामा यो दिन खोलो जग्गा जाँचगर्नालाई सोही तालुकदार सरजमीनसमेत भेलाभइरहनु भनि उर्दी दिनुपर्छ। सो उर्दी दिएका दिन मोही हाजिर हुन नआए त्यो मोहीको जग्गा जाँचिरहनु पर्दैन। तालुकदार हाजिर नभए मालका हाकिमले रु.।१६ देखि. रु.२०। सम्म जरीवानागरी फेरि एक पटक म्याददिई जाँचे हुन्छ। सो म्यादमा पनि हाजिर नभए मोही सरजमीन राखी जाँचे हुन्छ। त्यस्तो हाजिर नहुने तालुकदारलाई वदलागर्न जाहेर गर्नु पर्छ। मोही हाजीर हुन नसक्ने मनासिव कारणपरे १ पटक म्याददिई सो म्यादमा जाँचे हुन्छ।

जग्गा जाँचगर्दा साँधवाला सरजमीन तालुकदार मोही-संग सोधी जग्गाहेरो जम्मै जग्गा वेमाख भएकै देखिएकोमा सोही वेहोराको मुचुल्का लेखी त्यस्ता खलावेहोरा माटो तीरो-समेत खोली मोही तालुकदार सँधियार र जाँचन जाने कारीन्दा-समेत सबैको सहीछापगर्नु गराउनुपर्छ।

केही खोलो केही अवादी बाँकी रहेको जग्गालाई मध्ये खोलोलागेको भन्दछन्। त्यस्तो जग्गामा बाँकी जग्गा जंजीरले नापी आएको अर्द तुल सो मुचुल्कामा नै लेख्नुपर्छ। सो मुचुल्कमा लगत, माटोतीरो यति त्यस्ता ठहर नापीबाट आएको माटोको दामासाहीबाट तीरो राखी बाँकी नपुग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जति खोलो लागेको अङ्क कायमगरी त्यस्को माटो तीरोसमेत निकाली लेख्नुपर्छ । सो मुचुल्कामा मोही तालुकदार सांधसँधियारको र जाँच्नजाने कारिन्दासमेतको सहीछाप गर्नुपर्छ। त्यस्तो जग्गा नापीगर्दा त्यो जग्गा ६४ साल अघि नापीदर्ता भएको जग्गा भए पनि किसिम भर्ना दिनुपर्दैन । हालका नापबाट जति ठहरेको छ त्यति नै कायम गरेहुन्छ ।

सो जग्गा जाँचीसकेपछि मोहीलाई जाँचेको निस्सा पनि दिनुपर्छ।

पउटा खला चकला जग्गामा केही जागिरदारका खांगी भर्ना केही मालदर्ता भएकोमा खांगीको जग्गा कित्ता सांध छुट्टिएकोलाई सो बाहेकगरी जाँचेहुन्छ । सांध किता छुट्टिएको नभए बाँकी ठहर जग्गा नापीगरी माटोको दामासाहीबाट खांगीतर्फ खोलो यति मालदर्तातर्फ खोलो यति भन्नेसमेत मुचुल्कामा नै प्रष्ट देखाउनुपर्छ । मिहालाई जाहेरगर्दा भने मालतर्फको मात्र जाहेर गर्नु पर्छ ।

सो खोलोपैह्रोको दर्खास्त परेकोमा बेमाखी लेखेकोमा जाँच्दा मध्ये खोलोपैह्रो हुनआएकोमा केही सजाय गर्नु पर्दैन मिहा नै नहुने जग्गामा खोलोपैह्रो लागेको भनी मिहा मागेको देखिए मिहा मागेका हिसाबबाट मालका हाकिमका तजबीजले बिगोबमोजिम मोही जिम्मावाललाई जरीवाना गर्नु पर्छ । सो खोलोपैह्रो जाँचगर्न पठाएको कारिन्दाले ठीक हिसाबसँग जाँचेको छ छैन भनी मालका हाकिम वा तहरीरले ठाउँ ठाउँमा गई बराबर चेकजाँच पनि गर्नु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मालबाट खोलोपैह्रो लागेको जग्गा जाँची ल्याई गौंडा गोस्वारामा रिपोर्ट गरेपछि सो अड्डाबाट त्यस्ता छड्के जाँच गर्न जान्छ। सो छडके जाँच गर्दा मिन्हा हुने अंकमा सैकडा १० भन्दा बढी मिह्रा गर्ने गरी फरक पारेको देखिनआएमा र खोलै नभएको जग्गा खोलो लागेको भनी जाँची मिह्रालाई जाहेर गरेको ठहरेमासमेत मालका हाकिमलाई दृष्टि नपुऱ्याएको भनी जरीवाना गर्छ। खोलो पैह्रो नभएकोलाई जानी जानी खोलो पैह्रो भनी जाँची ल्याउने कारिन्दालाई वर्खास्त गर्न जाहेरसम्म गर्न सक्छ।

गहुँ समेत तीरो लागेको जग्गामा खोलो पैह्रा लागेकोमा गहुँ बाली मिह्रा गर्नालाई यो टायममा दरखास्तलिई यो टायममा जाँच्नु भन्ने केही भएको छैन। सो नभए पनि त्यस्तोमा जेष्ठ महीनाभरमा दरखास्त लिने गर्नु पर्छ। जाँ-च्नालाई आषाढदेखि जग्गामा रोपाइ हुने भै नाप जाँच हुन नसक्ने भएकोले धानबालीमा खोलो पैह्रो जाँच गरेको साथै गहुँ बालीलाई खोलो जाँच गरेको छुट्टै मुचुल्का खडा गर्ने गर्नु पर्छ। त्यस्ता ठहर अंक कायम गर्दा भने वर्षामा खोलो पैह्रो लाग्ने र गहुँ बाली वर्षा अगावै काटी सक्ने भएकोले अघिल्लो सालमा खोलो लागी जाँचेकोबाट ठहरेको ठहर अंक कायमगरी मिह्रालाई जाहेर गर्नु पर्छ। सो रिपोर्ट गर्दा अघिल्लो सालको धान बालीमा खोलो जाँच भएको निस्सा रिपोर्ट सामेल राख्नु पर्छ।

खोलो पैह्रो लागेको जग्गामा धान या तीरो लागेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भए बेमालीमा जस्मै र मध्येमा दामासाहीबाट तीरो मिह्रा हुन्छ न्यूखानी, चर्सांसि, चारदाम रकम भन्ने बेमाख भएकोमा जस्मै सो रकम मिह्रा हुन्छ । मध्ये खोलो लागेकोमा भने मिह्रा हुँदैन । असूल गरी लिनै पर्छ ।

छापे भईआई दर्ता भएको जग्गाको बाली १ साल पनि बुझाई नसकेकोमा केही वर्षबाद सो जग्गाको बालीमा पक्राउहुँदा सो जग्गा खोलो पैह्रो लागेको थियो बाली बुझाउनु नपर्ने मिह्रा गरी पाउनुपर्ने भनी उजुरी दियो भने सो जग्गा जाँचबुझ गर्दा पनि सो जग्गा, दर्ता भएका साल-देखि नै खोलोपैह्रो लागेको हो भन्ने देखिनआयो भने सो दर्ता भएका सालदेखिको बालीमा मिह्रालाई एकै पटक जाहेर गरे हुन्छ । यस्तोमा कार्तिक महीनामा दर्खास्त नपरेको भनी मिह्रा नपाउने गर्न हुँदैन । १ साल बाली तिरी सकेको र एक पटक खोलो पैह्रो मिह्रा लिइसकेकोमा भने कार्तिक महीनामा दर्खास्त नपरेमा मिह्रा पाउँदैन ।

खोलो पैह्रो लागेको जग्गा जाँची बाली मिह्रापाउँ भनी हुलाकद्वारा र कार्तिक महीना नाघेपछि दिएका दर्खास्तबाट जाँचगर्न र मिह्रादिन समेत हुँदैन ।

मध्ये खोलो पैह्रो लागेको भनी दर्खास्त दिएकोमा बाँकी जग्गा नापीगर्दा लगतभन्दा बढी देखिन आयो भने सो बढी जग्गा आठासह तीरो लगाई नंबरी दर्ता गर्नु पर्छ । त्यस्ता बढजग्गाको बाली भने जुन सालमा नापी हुँदा बढ्हुन आएको हो सोही सालदेखिको लिनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मालबाट जाँच गरीसकेपछि अरूको पोलपरी या छड्के जाँचबाट सावुद् जग्गा खोलो पैह्रो लागेको भनी जाँच गराएको देखिए त्यस्तो जग्गा पोलाह्रा भए पोलाहाले पाउँछ नभए सलामीमा बढावढ हुन्छ।

खोलो पैन्ह्रो जाँच गरीसकेपछि ११ मौजाको पउटा पउटा रिपोट गर्नु पर्छ। त्यस्ता पउटा मौजामा गुठी जग्गा र माल जग्गा भए मालको छुट्टै गुठीको छुट्टै रिपोट गर्नु पर्छ। सो रिपोट्मा जग्गाको खलागह्रा माटो तीरो र मिह्रा हुने अंकसमेत देखाउनु पर्छ। त्यो रिपोट् माघमहीनाभरमा सदर मालले पाहाड् वन्दोवस्त रिपोट फाँट्मा र जिल्ला मालले आफ्ना जिल्लाका गौंडा या गोस्वारामा वुझाइसक्नु पर्छ।

सो खोलो लागेको मुलुकी सवाल जग्गा जमीन वारेको १८ दफा बमोजिम मिह्रा सदरभई आएपछि लगत किताबमा खला लेखिएकोमा खलैपिछे र जिम्मा जिम्माको जम्मा लगत लेखिएकोमा जिम्मा जिम्मामा यति यो मितिका तोकसदरले खोलो मिह्रा भएको भनी जनाउनु पर्छ।

(खोलो पैन्हो सुखा असीना पर्‍यो मिह्रापाउँ भन्ने उजुरपरी जाँची मिह्रागर्नु पर्नेमा नेपाल पाहाड् रिपोट् निक्सारीले हेरी २ छापेवाट निकासा दिनु वर्षदिनमा मिह्रा भएको वैशाखभरमा हाम्रा हजुरमा जाहेर गरी राख्नु सो फाँट दाखिल नगरे रु. ५। जरीवाना गर्नु खोलो पैन्ह्रो सुखा असीनापरी जिल्लै जिल्लै मिह्रा अधिया गर्नु पर्ने भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा हजुरमा जाहेर गरी निकासा भएबमोजिम गर्नु भन्ने मुलुकी सवालको जग्गा जमीन बारेको १८ दफा छ)

खोलो पैन्हो लागी बेमाख (कचि बाँकी नरहेको) भई लगातार ५ वर्षसम्म जाँचिदा पनि बेमाखै ठहरी मिह्रा भएको भए त्यस्तो जग्गाको आली बालीको लगत कट्टा गर्न जाहेर गरे हुन्छ। सो जाहेर गर्दा अघि ५ बर्षसम्म मिह्रा भएको प्रमाणसमेत राखी जाहेर गर्नुपर्छ। त्यस्ता जग्गा पाछ आवाद सकारहुन आयो भने दर्ता गर्नु पर्छ। सो मिह्राभै आएपछी नंबरीमा नै आली लगत कट्टा गर्नु पर्छ।

बाली मिह्रा भएजति ढपोट्मा मिह्रा लेख्दा यस मितिका तोक सदरले मिह्रा भएको भनी जनाई सो तोक सदर ढपोट्साथ पठाउनु पर्छ।

रिपोट्को ढाँचाः–

सिन्धुपाल्चोक मालबाट चढाएको रिपोट–

उप्रान्त तपसीलका मौजाका तपसीलका खेत खलामा २००३ सालका बालीलाई खोलो पैह्रो लागी नोक्सान भएकाले जाँची मिह्रागरी पाउँ भन्ने सवालका म्यादभित्र दर्खास्त परेकोले जिल्लामा कारिन्दा खटाइपठाएमा तपसीलबमोजिम लागेको ह भन्ने सरजमीन मुचुल्का भइआएकोबाट खास खोलोपैह्रो लागी नोक्सान देखिन आएलका तपसीलका खलाको खेत।९।१८ क धान ३।५।४।७ कोट् ।७।४ ले मो.रु. ८।७४।२ च्यू रु. ।१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जम्मा मो.रु. ८।८४ ९ आठ रुपैयाँ चौरासीपैसा दुइदाम् ढपोट्मा खोलोपैह्रो मिह्रा लेख्नु भन्ने यही रिपोर्ट् सदरगरी बक्सनु पर्ने ठहराइ यस विषयको मिसिल गांसी जाहेर गरेको छु जो मर्जि हुकुम्।

तपसील

थुंफुलपीङ्

मौजे जालाकोट्

असामी	खेत	धान	श्यू	रु.
जी. कृष्णलाल जिम्मा				
८३ सालको मोठ्				
सुलाजीत लामाकाडोकाको				
७।१५ वगैखेत मोही सुनाजीतको डंवो अघी कारी ७० सालदेखि वनैपैरालागी नोक्सान मो. सुलाजीत खेत ३ धान १ श्यू।६ मध्ये नाप ठहर खेत।.। १५ धान।६ कट्टीगरी बाँकी खेत	२।५	-	।१५	-
घेवाभोटे काडोकाको				
६८१ एकलेखेत हा.मो. फौदेखत्री ८३ साल देखि वरंची खोलोलागी नोक्सान मोही नीज लगतखेत ।३।८ धान १। श्यू ।७५ मध्ये नापठहर खेत ।.।१५ धान ।४।३।३ श्यू ।७ कट्टी गरीबाकी खोलो	।२।१३	-	।१५।४	।७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धानो भोटेका डोकाको

६८६ सो लेखेत ।१ मोही वुद्धीरामको काले भोटे
५५ सालदेखि वरंचीखोलो लागी वेमाख
मोही अपुताली भै जी. कृष्णलाल ।२ – ।१५ – ।८

मेलपु भोटेकाडोकाको

६८४ सीमलवोटे पुछारखेतसिं मोही जंग-
वीर भोटे ५५ सालदेखि हाडीखोलो
लागीवेसाख ।२।१० – ।१० – ।३

६८५ सिंवोटे खेत हामो कृष्णवहादुर नेवार
५५ सालदेखि वरंचीखोलो लागी
वेसाख हा.मो. नीज ।२।१० – ।१० – ।३

।९।१८-३।५।४।७-।१०

हाकिम ख. अमृतबहादुर १

त. पु. धीरबहादुर १

संवत् २००३ साल माघ गते रोज शुभम्

वालीमा सुखा लागेका

अमानती मालमा दर्ता भएको खेत जग्गामा टायममै लगाएको वाली पानी नपरी पुरा नफलेमा र नपाकी पुरा ऊजा हुन नसकेकोमा समेत सुखा मिहा पाउँछ।

सुखा लागेको वाली मिहा लिनालाई वाली नकाट्दै तालुकदारले आफ्ना जिम्माको सुखा लागेका जग्गाको खलागरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आटो तिरो सबै खोली सुखालागेको कारण समेत खोली २ प्रति दर्खास्त लेखी मालमा दिनुपर्छ । मालबाट पनि सो दर्खास्त लिंदा मालको लगत नम्बरीमा खला गह्रा भिडाइ सो दर्खास्त लिनुपर्छ । सो दर्खास्तको १ प्रति जिल्लामालले गौंडा या गोस्वारामा र सदरमालले पाहाड् बन्दोबस्त रिपोर्ट फाँट्मा पठाउनुपर्छ ।

सुखालागेको जाँचगर्नालाई जिल्लामालले गौंडा या गोस्वाराबाट दर्जा पुगेको जागिरदार र सदरमालले पल्टनमा बक्साई सुवेदार वा जमदार साक्षी लिई सो साक्षी र कारिन्दासमेत बाली नकाट्दै सो दर्खास्त समेत खटाइ पठाउनुपर्छ ।

सो खटी जानेले मोही, तालुकदार, सरजमीन, समेत भेलागरी सो जग्गाको बाली काट्न झार्न लगाई माना पाथी लगाई भर्न लगाउनु पर्छ ।

सो जग्गोमा यसकारणबाट सुखापरेकोले बालाकोटी माना पाथी लगाउँदा जम्मा यति आइ तल्सीं बोटी यति मोही यति भो भन्ने समेत मुचुल्का खडागरी साधसधियार, मोही, तालुकदार साक्षी र कारिन्दा समेतको सहीछाप गरी ल्याउनु पर्छ ।

बाली झार्न लगाई मानापाथी लगाइ भर्न लगाउँदा जति आउँछ त्यस्ता आधा मोहीबोटी मोहीले पाउँछ । आधा तल्सिङ बोटी मालदाखिल गर्नु पर्छ ।

सो अधिया गर्दा त्यस्तालाई रहेको धानतीरोको दोबर गरी आएको तलसिङ् बोटीमा [चौथांईसम्म घटेमा सुखा मिन्हा पाउँदैन । पुरै बाली तहसील गरिलिनुपर्छ । सो भन्दा घटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घटेकोमा मात्र मिन्हापाउँ छ। मिन्हालाई जाहेरगर्नु पर्छ। (उदाहरण-धानमुरी १। तीरोलागेको जग्गामा जम्मा उबजा पठुवासमेत धानमुरी १।१० आएछ भने तीरो १। मुरीको डबल धान मुरी २। भो त्यस्को चौथाइ धान।१० घटाउँदा १।१० भएकोले चौथाइसम्म घटेकोले सुखा मिह्ना पाउँदैन। सो भंदा घटेको भए मिह्ना पाउँथ्यो।)

अधिया गरी आएको तल्सीङ बोटी धानमुरी १। मा पठुवा धान।१।४ दर्ले थपी लिनु पर्छ। मिह्नागर्दा जम्मा लगतमा आएको तल्सिबोटी पठुवासमेत कट्टागरी बाँको नपुग बाली मिह्नागर्नु पर्छ।

अधिया गरेको जग्गामा ब्यूखानी, पराल, चारदाम, इत्यादि अरू रकम लागेको भए सो मिह्ना हुँदैन। असूलगरी लिनुपर्छ।

अधियागरी सकेपछि यति उब्जा भएको भन्ने निस्सा मोहीलाई दिनुपर्छ।

कुलो नलाग्ने उठक बर्षादका भरलेमात्र रोपिने जग्गामा जुन बाली जुन टायममा लगाउँदापाक्नेहुन्छ सो बाली लगाएकोमा नपाकी या नफलेकोमा मात्र मिह्ना हुन सक्तछ। नपाक्ने टायममा बालीलगाई बाली पाकेन फलेन भनी मिह्ना पाउँदैन।

जग्गामा ठेकतीरो लागेकोमा र अरू धान इत्यादि जिन्सी तीरो लागेकोमा सो तीरोलागेको बाली लगाउन नपाई अरू बाली लगाई अधिया भइ आयो भने सो दर्ता भएको बाली जस्मै मिह्ना लेखी अधिया गर्दा आएको बाली थप लगत कसी त्यस्को

९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मालको दरभाउबाट लाग्ने नगद अस्सूल गर्नेगरी जाहेर गर्नु पर्छ।

जाँचगर्न जाँदा वाली काटीसकेको देखिएमा सुखा मिह्रा पाउँदैन । सोही वेहोराको मुचुल्का गराइल्याई सो दर्खास्त तामेलीमा राखिदिए हुन्छ त्यस्ता दर्खास्तलाई र घटी जग्गा देखाएका शंका लागेमा जग्गा नापी गरी घटी देखिएमा समेत तालुकदारलाई रु. १ देखि ५ सम्म जरीबाना गर्नु पर्छ।

सो सुखा मिह्राको रिपोट् गर्दा पनि एकएक मौजाको एउटा एउटा रिपोट् गर्नु पर्छ।

नभएको सुखालाई सुखा लागेको हो भनी जाँची ल्याएमा सो जाँच्ने कारिन्दालाई खोलो पैह्रोमा सह्र नै सजायहुन्छ।

सो सुखा मिह्रालाई रिपोट्गर्दा जिल्ला मालले गौंडा द गोस्वारामार्फत रिपोट् गर्नु पर्दैन। सीधै पाहाड बन्दोबस्त रिपोट् मार्फत रिपोट् गरे हुन्छ। गुठीतर्फको भए जुन गुठीको हो सो गुठी बन्दोबस्त मार्फत रिपोर्ट गर्नु पर्छ।

सो मिह्रा खोलो पैह्रो मिह्राहुने मुलुकीसवालबमोजिम मिह्रा सदर भई आउँछ। सो आएपछि लगतमा समेत मि बनाई ढपोट्मा मिह्रा लेखी ढपोट्साथ सो तोकसदर कुमारी चोकमा पठाउनु पर्छ।

रिपोट् ढाचा:-

नुवाकोट् मालबाट चढाएको रिपोट्-

उप्रान्त मौजे नुवाकोट्का जी. मित्रलाल जैसी जिम्मा तपसीलका मोठनंबरीको तपसीलका मोहीले कमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपसीलका खेत खलामा यो २००३ सालका बालीलाई पुरा कुलो पानीनलाग्ने अकासे टारी भएकाले सुखालागेको जाँची नोक्सानी मिह्रा गरीपाउँ भन्ने नीज. जी. मित्रलालको २००३ कार्तिक २८ गतेमा दर्खास्त परेकोबाट खड्गनिसाना सवालबमोजिम ६८।६९ दफाको रीत पुऱ्याइ मार्ग शुरूमै सुखालागेको जग्गा मौजामा जाँचगर्न कामदार कारिन्दा साछीसमेत डोर खटाइ पठाएमा डोरबाट सुखा जाँचगरी दाखिलगर्न ल्याएको जग्गा सरजमीनको मुचुल्काबाट सुखानोक्सानी देखिन ठहर्न आयाको तपसीलका खलाको यो २००३सालको बालीलाई सुखा नोक्सानी खेत।९० को धानमुरी २१।१९।३।८ एकाइस मुरी उन्नाइसपाथी तीनमाना आठ मुठी मिह्रा बक्सेकोछ। ढपोट्मा मिह्रा लेख्नु भन्ने यो रिपोट्मा निकासाबक्सेपछि सोबमोजिम गर्ने ठहराइ यस विषयको कागज गाँसी जाहेर गरेकाछौं जोमर्जि हुकुम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपसील

असामी लगत उपजनी धान सुख्खा नोक्सान

खेत धान द्यू घा. ठे. झडुवा पडुवाज्मा तल्सींपोटी मोहीपोटी

१ महलेमोंठ्को

चुवरखले छापको मैथली

भंवरसीं माथपरसिको खेत

को हामो दर्वेरत्न तुलाधर ।४०-९।- ११- ।५- ११२०- ।२ ।२- ११२२ ।२- ।१६।१-. ।१६।१ ।८।३

रुपांलाल धंडीपोखरी

१।२० मध्ये केहेरसिं

कुमालखेत हामी बीर। ५०-१५।१०- ११२५- ।५- ३ ४- ।४।६।४- ३।८।६।४- ११२४ ।३।२- ११२४ ।३।२ १३।

बहादुर खत्री ।९० २४।१० २।२५ ।१० ४।८४ ।७।.।४ ५।१।.।४ २।१०।४।२ २।१०।४।२ २३।१९।३

हाकिं खरीदार फलाना १

त. मु फलाना १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बालीमा असीना परेको

लगाइराखेको बालीमा असीनापरी फलेको बाली झारी पुरा बाली नआउनेभएमा असीना लागेको बाली मिह्रा पाउँ छ ।

असीनापरी बाली नोक्सान पारेकोमा यो दिन असीनापरी बाली नोक्सान परेको जाँची मिह्रा गरीपाउँ भनी असीना परेका मितिले ३५ दिन भित्र २ प्रति दर्खास्त लेखी मालमादिन ल्याएको लगत भिडाइ लिनुपर्छ ।

त्यसमा पनि अधिया गरी नपुग बाली मिह्रागर्नु पर्छ । सो जाँचबुझ गर्ने र मिह्रागर्ने समेत सबै काम छुखा सह नै गर्नु पर्छ

रिपोर्टको ढाचाः—

धादिङ्‌ मालबाट चढाएको रिपोर्ट

उप्रान्त तपसीलमा लेखियाका जिल्लामौजाको तपसीलका खेतखलामा २००३ साल मार्ग ६ गतेको रातमा असीनापरी खेतको धानबाली नोक्सानपरेकोले धानबाली खडै राखी दरखास्त दिन आएको छु जाँची अधियागरी पाउँभन्ने २००३ साल मार्ग १८ गते दरखास्तपरेकोले त्यस्को १ प्रति नक्कल पश्चिम १ नम्बर गोस्वारामा चलानगरी जाँचगर्न कारिन्दा लाडी पठाइ पठाउँदा तपसील बमोजिम नोक्सान भएको भनी जाँच-गर्ने खटिएका कारिन्दा साक्षीसमेतको सहीछाप परेको मुचुल्का दाखिल भएकाबाट मिह्राहुने, नहुने के रहेछ भनी विचारगरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेरेमा सोखेतको साँधमा जी शिवराज जिम्माको खेत।३
को खलामा असोनापरी जाँच भएको र अरू साँधमा उखुबाट
लणाएको भन्ने साँधसंधीयारसमेतको मुचुल्काबाट देखिएको।
धानकुतको दोवर बाँध्दा चौथाइभंदा बढी नोक्सानपरेको देखि
एको भई सवालमा लेखिएबमोजिम मालको हाकिमको पत्यारि
मानिसगई जाँचगरी ल्याएकोले मिहा हुँदैन भन्न नभई मिहाबक्स
पर्ने देखिएकोले त्यस विषयमा भएको दरखास्त जाँच मुचुल
सवालको दफा उतारसमेत यसैमा गाँसी जाहेर गरेका छौं नि
साका हक्मा; २००३ सालको बालीमा असीनापरी नोक्स
परेको धान ९।१।२ के दर रु. १। को ।६ ले मोहरु ३०।२१ तं
रुपैयाँ एकाइस पैसा ढपोट्मा असीना मिहा लेख्नु भन्ने प
ढपोट् सदर गरीबक्सेपछि मिहा लेख्ने ठहराञ्यूँ जोमर्जि हुक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपसील

मौजे ठ्यूनपुरका जि. मेघनाथ पाध्याजिम्माको—

असामी	लगत खेत	धान	गहुँ	च्यूर	चाठे	र जम्मा उ-बजनी	सो मध्ये अधीया मही बोटी	छुट्या तळसीं बोटी	पट्या	जम्मा	मोहीको हुने धान
१ मह्लेमोट दर्ताको ठ्यूनपुर नामुपंडीतको पौवागुठी खीपतैतेवारी सेतैतंडीत सीद्धीमाननेवारसमेतको खेत ।८० को धान २६। गहुँ १।१० च्यू २। चाठे ।५ मध्ये खेत ।४७।१० को आठामोही समेत छुट्टै भएको त्यस्ता उखु बालीलगाएको हुँदा सावुदै र खेत ।३२।१० को खलामोही रन बहादुरसमेत ४ मोही धानबाली लगाएको हुँदा असीना लगाएको—	३२।१०-	१०।५।६-	।१३-	।८१।१-	।५-	।२५।४-	१।२।६-	१।२।६-	।१।६-	१।४।४-	९।१।२१

हाकिं दुर्गालाल

ह. मु. जोसीख्यान.

सम्वत २००३ साल पौष गते रोज शुभम्—

Nepal Sanskrit University, Balmeek

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोभरा मिन्हा गर्नें

दोभरा मिन्हा गर्नु पर्ने दुई किसिमको पर्न आउँछ । त्यस्मा एउटालाई आली वाली दोभरा (मोठ् नंबरीमा एउटा जग्गा दुई पटक दर्ता भएको) भन्दछन् । अर्कोलाई वाली दोभरा (एउटा जग्गाको वाली दुईपटक लगत कसिएको भन्दछन् ।

आलीवाली दोभरा परेकोमा जुन तालुकदारका जिम्मामा त्यस्तो दोभरा परेको छ त्यस तालुकदारले यो खला जग्गा यस खला जग्गासँग दोभरा परेकोले लगत कट्टा गरीपाई त्यस्को वक्यौता वालीसमेत मिन्हा गरीपाउँ भनी मालमा नै उजुरी दिनुपर्छ । त्यस्तो उजुरी परेपछि कुन खला कुन खला-सँग दोभरा परेको भनी उजुरी दिएको छ सो खला दर्ता हुँदा कुन परिवंदबाट दर्ता हुन आएको हो भनी नंवरीको कचवेहोरा (दर्ता भएको कारणको वयान) मिलान छ छैन सो हेर्नु पर्छ । खलावेहोरा माटोतीरो मिल्दछ मिल्दैन जागीरदारका खांगी-बाट खारेज भई दर्ता भएको भए सो जागीरदारको पल्टन पट्टी-नम्बर दर्जा समेत मिल्छ मिल्दैन हेर्नु पर्छ माहाजाँचको मोठमा पछिपछिका मोठ् नम्बरीमा दर्ता भएको खला भए सो शुरु दर्ता हुँदा एउटा खलामात्र दर्ता छ कि दुइटाखला दर्ता छ भनी सो मोठ् नम्बरीसमेत हेर्नु बुझ्नुपर्छ । त्यस्ता खला वेहोरामा केही-कमात्रा फरक देखिन आए सो फरक परेको कारण तालुकदार-सँग सोधी ;कागज गराउनुपर्छ । सो खला मध्ये लेखिएको ५ मुरीमध्ये खेतमुरी ५ लेखिएको भए सो ... मुकानी (२० मुरीमध्ये खेतमुरी ५ लेखिएको भए सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२० मुरी काहाँ काहाँ दर्ता छ भनी बुझ्ने) तालुकदारबाट खुलाइ सो खुलाइ दीए बमोजिम दर्ता छ छैन जुन जुन स्रेस्ता बुझ्नुपर्ने हुन्छ सो समेत बुझ्नुपर्छ। त्यति कागजको प्रमाण बुझिसकेपछि जग्गा जाँच गराउनुपर्छ। सो जग्गा जाँच गर्नालाई कारिन्दा सरजमीनमा नै खटाई पठाइ त्यस्तो जग्गा एउटा या दुइटा के छ भनी गाउँको सरजमीन भलादमीसमेत बुझी मुचुल्का गराई ल्याउनुपर्छ। सो सबै बुझिएकोबाट एउटा जग्गा दोहरा दर्ता भएकै सिद्ध हुन आएमा कुन खला कायम राखी कुन खला लगतकट्टा गर्नु पर्ने हुन आउँछ सो खोली त्यस्को बाली जिल्ला मालले गौंडा गोस्वारा मार्फत र सदरमालले पाहाड् बन्दोवस्त रिपोर्टफर्द मार्फत रिपोर्ट गर्नु पर्छ।

एउटा जग्गा जागीरदारका खांगीमा र मालदर्ता समेत भै मालमा असूल भएको बालीसमेत फिर्ता दिनु पर्ने भएमा सो दोभरा पार्नेलाई रु. ५० जरीवाना गरी लगतकट्टा गर्ने र बाली फिर्ता दिनसमेत जाहेर गर्नु पर्छ।

बालीमात्र दोभरा परेकोमा मोठ नम्बरी हेरी मोठनम्बरीमा एउटा खलामात्र दर्ता भइ लगतकस्तासम्म दोभरा लगत कसिएको र जग्गा बाँकी बुझाएकोमा दोभरा पारी बुझाएको समेत देखिएमा मोठस्रेस्ताको प्रमाणसमेत राखी भुल गल्ती गर्नेलाई जरीबाना गरी सो दोभरा परेको बाली मीन्हालाई जिल्लामालले गौंडा गोस्वारा मार्फत र सदरमालले पाहाड बन्दोवस्त रिपोर्टफर्दमार्फत रिपोर्ट गर्नु पर्छ।

त्यस्तो दोभरा लगत कट्टा गर्नु पर्ने रिपोर्ट पनि अड्डामा गौंडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोस्वाराले जिल्लामालका याहाड बन्दोबस्त रिपोट फाँटले सदर-मालका सो खला दोभरा परेकोहो होइन भनी सरजमीन चेखजाँच-समेत गर्दछ। सो सरजमीन जाँचबाट र कागजका प्रमाणबाट समेत दोभरा नपरका कलममा दोभराका रिपोट गरेका देखिए जरी-वानागरी सो अड्डाले फैसला गरी पठाउँछन्। चेखजाँच हुँदा समेत दोभरा नै परेका देखिन आए सो अड्डाले तोक बोली जाहेर गरकोमा २ छापेबाट सदर भै आएपछि आली बाली दोभरामिन्हा भएकोमा जुनसालका नंबरीमा दर्ता भएका खला लगत कट्टा गर्ने निकासा भई आएका छ सो सालका नंबरीमा दर्ता भएका खलाको बायाँपट्टी यो मितिका तोकसदरले दोभरा ठहरी लगतकट्टा भएको भनी बेहोरा जनाई हाकिम तहरीरका छाप ल-गाइराख्नु पर्छ। सो लगत कट्टा भै आएका खला निकासा भै आएका सालका मिन्हा नंबरीमा मिन्हा भएका बेहोरा तोकसदर-का मितिसमेत कचबेहोरामा खुलाइ सो खला लेख्नुपर्छ। सो आलीबाली दोभरा परेकामा र बाली दोभरा परेकामा मिन्हा भई आएका बाली ढयोटमा मिन्हा लेख्नुपर्छ। सो मिन्हाका तोकसारो ढपोटसाथ भिडाउन कुमारीचोकमा पठाउनु पर्छ।

आलीबाली मिहा भई आएकोमा सो मिहा भई आएको सालमा सो खला लगतमा मिन्हा कट्टा हुँने हुँदा त्यस्को बाली ढपोट-मा लगत कसिदैन।

सर्पट् माहाजाँच भएमा अघिको मोठ् नंबरीका खला लगत कट्टा गर्न जाहेर गर्ने भै आएको छैव माहाजाँचको मोठ् खडा भई आएपछि सो बमोजिम मात्र लगत कसै हुन्छ। पउटो जिल्लामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही माहाजाँच भै केही साविकै मोठ् नम्बरी कायम रहेकोमा भने सो माहाजाँच भएजतिको साविक मोठ नम्बरीको खला लगत कट्टागर्न हालसाविकको गोडा राखी जाहेर गर्नु पर्छ। त्यस्तोमा खड्ग निसानाबाट सदर भई आएपछि लगतकट्टा गर्नु-पर्छ।

त्यस्तो दोभरा मिन्हा भई आएको कलम लगतमा लगतै घटाउनुपर्नेमा लगत र वालीसम्म मिह्ना जनाउनु पर्ने मिह्ना जनाउनु पर्छ।

दोभरा मिह्नागर्ने मुलुकीसवाल।

(जग्गाकोआलीवाली लगत कसिनजाँदा आलीवाली दोभरा हुनगएको वा अर्कै अड्डामा दर्ता भएको अथवा जागीरदारका खांगीमा भर्ना भैरहेको मोहीया जागीरदारको उजुरपरेमा समेत बुझ्दा दोभरापरी लगत काट्नुपर्ने ठहरमा दोभरा परेको वाली फिर्ता दिनुपरेमा समेत निकासालाई रिपोट आएमा नेपाल पाहाड् रिपोट् निक्सारी तालुकको सो फाँट् मध्येस रिपोट निक्सारी तालुकको सो फाँट्ले जाँची लगत कट्टागर्ने र दोभरा-फिर्ता गर्नेमा जरीबाना गरी २ छापेबाट निकासादिनु खांगीको जग्गा छापेगरी असूल भइसकेकोमा दोभरा पार्ने हाकिमलाई रु० ५० जरीबानागरी खड्ग निसाना गराई सट्टाभर्ना दिनु) भन्ने मुलुकीसवालको जग्गाजमीन वारेको ८ दफा छ

रिपोट्को ढाँचा:—

घादिङ् मालबाट चढाएको रिपोट।

उप्रान्त यस माल इलाका जिल्लै घादिं मौजे कुरीनका जि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुप्रसाद जिम्मा दर्ता भएको २००० सालका नम्बरीको का. व. ८ पट्टी १२।३२८ नं खिपाही खांगीको ८७ सालदेखि वालीआउने कुरीन सदाशिव पाध्याको वालुवा मुगलीं खेत२।४० मध्ये १।५०मध्ये वित्मा सदाशिबको हाल मोही अम्बरप्रसाद सिलवालसमेत ३ मोहीको खेत ।५० को ठेक रु.१२।५० चारदाम ।५ लागेका खलाको ८७ सालदेखिको बाँकी दाखिल गर भनी जिम्मावाल गुरुप्रसादलाई पक्राउ गर्दा लेखिएको खला ८७ सालमा नै खारेज भइ आई सोही सालको नम्वरीमा दर्ता भइ सोही सालमा देखि वाली तिरी बुझाई आएकोमा हाल फेरी सोही खला दोभरा दर्ता भएकोले बुझाउनु पर्ने बाँकी छैन जो बुझ्नुपर्ने जस्ता प्रमाण बुझी सो खला लगत कट्टागरी पाउँ भनी उजुरी दिएकोले सो खला नीजका उजुरी बमोजिम ८७ सालका नम्वरीमा छ छैन भनी हेरेमा लेखिएवमोजिम् दुरुस्त मिलानको खला दर्ता कायम रही आएको देखिएको भए पनि सो खलाको पेट बेहोराबाट खेत २।४० मध्येको देखियकोले सो खेत २।४० को भुक्तानी फाँट लेखीदेउ भनी नीज जिम्मा-वालको कागज गराउँदा लेखिएको २।४० खेत ५९ सालको मोठ ८५।९०।९२ सालका नंबरीमा र यही खला ८७ सालका नंबरीमा दर्ता भै भुक्तान भएको छ भनी लेखिदिएको र सो सो सालको मोठ नंबरी बुझ्दा पनि दर्ता देखिन आई भुक्तान हुन आएको १९२५ सालको माहाजाँचको मोठमा सो लेखिएको खला १मात्र दर्ता भएको र २खलादर्ता भएको के रहेछ भनी मोठ बुझ्न पाहाड् बन्दोबस्त तहबील फाँट्लाई लेखेमा मिलानको खला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उतारगरी पठाएको छ भनी उतार पठाएकोमा पनि १ खलामात्र देखिन आई २ खलादेखिन नआएको समेत प्रमाण परिवंदबाट ८७ सालमा नै खारेज भई आई ८७ सालका नम्वरीमा दर्ता भइ सकेकोमा फेरी २००० सालमा पनि छापेगरी पठाएकोबाट दोभरा दर्ता भएको देखिन आएकोले जाहेर गरेकाछौं सो धादिङ मौजे कुरींका जि. गुरुप्रसाद जिम्मा दर्ता भएको का. व. ८ पट्टी १२ ३८८ नं सी.खांगीको खेत ।५० को ठेक्क.रु. १२।५० चारदाम रु ।५ लागेको खला ८७ सालका नम्वरीमा नै दर्ता भएकोले दोभरा ठहरी लगत कट्टा भएको भनी सो २००० सालका नम्वरीमा दर्ता भएको खला लगत कट्टागरी त्यसको लगत कसी रहेको ८७ सालदेखि २००३ सालतक वर्ष १७ को मोरु. २१२।५० चारदाम रु.।८५ समेत जम्मा मोहरु २१३।३५ दुईसये तेह्र रुपैयाँ पैतीसपैसा एकैपटक ढपोटमा मिह्रा लेख्नु भन्ने समेत निकासा बक्सनु पर्ने ठहराउँयूँ जोमर्जि हुकुम ।

हाकिम खरिदार फलाना १

त० मु० फलाना १

रा० फलाना १

संम्वत २००४ साल वैशाख गतेरोज शुभम्—

तेरीज वेकायम मिह्रागर्नें

खांगी खारजमै छापे आएकोमा लेखिएकोमा तीरो-भन्दा माहाजाँचको मोठमा लेखिएको तीरो घटीवढी परेको-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई तेरीज वेकायम भन्दछन्। यस्तो.पर्न आउने कारण पहिले को माहाजाँच १८९४ सालमा भए बमोजिम नै जागीरदारका खांगीमा दर्ता भएको खला धेरै छ। त्यसपछि जाँचहुँदा सो जाँचको तीरोमा जग्गाको किसिमबाट घटी बढी र जग्गा खोलो पैन्हो बाँझो भई तीरो घटी बढी गरी मोठ् खडा गरेको हुन्छ। सो घटी बढी भएको तीरो खांगो अड्डामा झिकुवा भर्ना (घटी भएकोमा घटाउने बढी भएकोमा बढाउने) नमिलाएकोबाट पर्न आएको हो। मोठ्को तीरो कायम गर्दा सबैभन्दा पछिल्लो माहाजाँच जुन भएको छ सोही कायम गर्नु पर्छ।

खांगीबाट खारेजभई छापे आएकोमा माहाजाँचमा लेखिएको तीरोभन्दा घटी बढी हुनसक्ने भएकोले सो छापे आएपछि माहाजाँचको मोठ वा जिम्मावालसँग रहेको तेरीजसँग भिडाइ घटीबढी देखिए सो छापे आएको खला र तेरीज मोठबमोजिमको खलासमेत नंबरीमा दर्ता गरी घटी तीरो लेखिएको लगत कट्टागर्न जाहेर गर्नुपर्छ। माहाजाँचको मोठ्मा घटी तीरो लेखिएको छापेमा बढी तीरो लेखिएकोबाट सो बढीतीरो लगतकट्टा गरीपाउँ भनी तालुकदार रैतीको उजुरपरेमा माहाजाँचको मोठ्बुझ्दा छापे भन्दा घटी नै तीरो लेखिएको देखिए सो बढीतीरो लगतकट्टा गर्न जाहेर गर्नु पर्छ।

माहाजाँचले जग्गा खोलोपैह्रो र बाँझो भै तीरो घटाएको रहेछ भने त्यस्तो माहाजाँचले वेकामय लगत काट्टागरेको जग्गा साबुद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अए नभएको मालले जँचवुझ गरी दर्ता गराउनु भन्ने जग्गा मिचिनेको नं. को ऐन पनि भएकोछे सो जग्गा सावुद भए न-भएको जाँचो सावुद भएको देखिए तेरीज वेकायमलाई जाहेर-गर्नु पर्दैन। जग्गा सावुद भइसकेको रहेनछ भने तेरीज वेकायम-लाई जाहेर गर्नु पर्छ।

तेरीज वेकायम मिह्लामागेको खला मध्ये खला (यति मुरी मध्येको यति मुरी) रहेछ भने सो जम्मा माटोमुरीको भुक्तानी सबै तालुकदारबाट खुलाई लिई सो जम्मा माटोमुरीको तीरो जम्मागर्दा माहाजाँचको मोठ्मा लेखिएको तीरो बढी-हुनआए मिह्लालाई जाहेरगर्नु पर्छ । जम्मा ठीक मिलनआए जाहेरगरी रहनुपर्दैन।

छापेमा लेखिएको तीरो र माहाजाँचको मोठमा लेखिएको तीरोको रकम् फरक परेकोमा छापेको तीरो जम्मै लगतकट्टा गरी मोठ्मा लेखिएको तीरो लगत कस्नेगरी जाहेरगर्नु पर्छ। (जस्तै छापेमा धानतीरो लेखिए मोठ्मा ठेक लेखिएको अए धान तीरो लगत कट्टागरी ठेकतीरो लगत कस्नुपर्छ) रकम फरक नपरी घटीबढी मात्र पर्न आएकोमा भने बढीजति मात्र लगतकट्टा गर्न जाहेरगरे हुन्छ।

सो जाहेरगर्दा जुन सालदेखि घाली आउनेगरी छापे आएको हो सो सालदेखिको बढी तीरोको बक्यौता बालीसमेत मिह्लालाई जाहेर गर्नु पर्छ।

तेरीज वेकायम मिह्लालाई जग्गाचेख जाँचगर्नु नपर्ने हुँदा गौंडा गोस्वारामार्फत रिपोट गरिरहनु पर्दैन। सिधै तालुक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बन्दोबस्त पाहाड बन्दोवस्त रिपोटफाट्मार्फत जाहेर गरे हुन्छ।

सो तेरीज वेकायम मिह्नाको निकासा भइ आएपछि खलाको रकम फरक परेकोबाट आलीबालीकै लगतकट्टा गर्ने निकासा भइआएको भए लगतकट्टा भएको खला दर्ता भएको नंबरीको बायाँपट्टी वेहोरा जनाइ हाकिम तहरीरको छापलगाइ सो निकासा भइआएका सालको लगत नम्बरीमा मोठ्बमोजिम्को खला दर्तागरी मिह्ना नंबरीमा लगतकट्टा गर्ने निकासा भएको छापेको खला लेख्नु पर्छ। रकम फरक नभई तीरोमा केहीसम्म मिह्ना भएको भए दर्ता भएको नंबरीको बायाँ यति तीरो मिह्ना भएको भन्ने जनाइ सो मिह्ना भएको तीरोसम्म मिह्ना नंबरीमा लेख्नु पर्छ। बक्यौता बढो बालीजति ढपोट्मा मिह्ना लेखी तोकसदर ढपोट्मा भिडाउन कुमारी चोकमा पठाउनुपर्छ।

भुक्तानी बुझिएकोबाट कुनै रकम तीरो केही घटी भैरहेको देखिन आए सो घटी भएको अघिको तीरो ढपोटमा छुट्टै लगत कसी असूलगर्नु पर्छ।

सो तेरीज वेकायम मिह्नागर्ने मुलुकीसवालको जग्गाजमीन बारेका १० दफा छ (छापेलगत भइगएको जग्गामा छापेमा लेखिएको तीरो र मोठ्को तीरो नमिलो मालले रिपोट् गरेमा मोठ् कायम गरी नेपाल पाहाड् रिपोट् निक्सारीले जाँची २ छापेबाट नकासा भएबमोजिम गर्नु जाहेर गर्नु पर्दैन भन्ने मुलुकी सवालको जग्गाजमीन बारेको १० दफा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रिपोर्टको ढाँचाः–

नुवाकोट माल अड्डावाट चढाएको रीपोट –

उप्रान्त यसमाल इलाका जिल्लै नुवाकोट् मौजे नुवाकोट्मा ७८ सालको नम्बरीमा लगत कसिएको रैफल पल्ट वे नं अ. खांगीको ७७ सालदेखि बाली आउने नुवाकोट ठुलीवेसी पंचकंन्या ।८० म. खोलो अवादी जगेखत्रि डुकसिं डंडपाणि पाध्याको बाजले लामीछानेको हामो. सर्न वरी थापाको खेत ।१५ को धानमुरी ४ ८ ष्यू रु. ।५ लेखि छापे आई दर्ता भएकोमा मोठमा धानमुरी ३।१५ मात्र कुत लागेकोले बढी दर्ता भएको लगत कट्टा र मिन्हासमेत गरीपाउँ भनी सो खलाको जिम्मावाल कृष्णवहादुरको उजुरी विन्तिपत्र परेकोले २५ साल महाजाँचको मोठमा के कति तीरो लागेको छ उतार गरी पठाइदिनु भनी पहाड वन्दोबस्त तहविल फाँटलाई लेखि-पठाएमा सो अड्डावाट पठाइदिएका मोठ् उतारमा धानमुरी ३।१५ मात्र तीरो लागेको देखिएकोवाट मोठभन्दा छापेमा धान ।१३ वढी दर्ता भै रहेको रे त्यस्तो मोठ र छापेमा लेखिएको तीरो नमिलो फरक परेमा मोठकै तीरो कायम गर्नु भन्ने मुलुकीसवालको जग्गा जमीनवारेको दफा भएको हुनाले छापे बमोजिमको तीरोमा पक्काउगरी लिनसमेत मनासिव नदेखिएकोले जाहेर गरेकाछौं अब यस्मा सो लेखिएका खलामा मोठमाभन्दा छापेमा वढी लेखिएको धान ।१३ तेह्रपाथी नम्बरीमा नै मिह्रा लेखी लगत कट्टा गरी सोरदले असूल गर्नु पर्ने भनी लगत कसी जग्गा बाँकी रहेको ७७ साल देखि यो २००१ साल तकको जम्मा धानमुरी १६।५ सोह्र मुरी पाँचपाथी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकै पटक ढपोट्मा मिहा लेख्नु भन्नेसमेत यही रिपोट्मा निकासा बक्सनु पर्ने ठहराञ्यूँ जो मर्जि हुकुम्।

बारिदार फलाना १

मुखिया फलाना १

संवत् २००३ साल गते रोज शुभम्

जग्गा बेपत्ता

जागीरदारका खांगोबाट खारेज भई मालमा दर्तागर्ने छापे आएको जग्गा बेपत्ता भई लगतकट्टा गर्नुपर्ने पनि पर्न आउँछ।

जग्गा अचल वस्तु पनि बेपत्ता (हराउनु) हुनु नपर्ने कसरी बेपत्ता हुन्छ भन्ने शंका हुनआउँछ। सो बेपत्ता हुनाको कारण धेरै छ, जस्तै-जग्गा नापीभई खांगीमा भर्ना भएको धेरै वर्ष भईसक्यो। सो खांगीढडा कयौं पटक फेरीस कियो सो फेर्दा मौजा, जग्गा र मोहीको नाममा केही फरक हुँदै गयो जस्तो त्रिसंखु मौजालाई सार्दा बिसंखु मौजा लेखिनगएमा त्यस त्रिसंखु मौजामा सो जग्गा पत्तालाग्नसक्तैन यस्तो सार्दाको भुलबाट पनि बेपत्ता हुनसक्तछ। दोस्रो खांगीढडामा सबै खला-मा जिल्ला लेखिएको हुँदैन मौजासम्म लेखिएको हुन्छ। एकैनाम नाम गरेका मौजा धेरै जिल्लामा पनि हुन्छ। खांगीबाट खारेज भई मालमा छापे पठाउँदा यही जिल्लाको खला हो भनी ठीक यकीन हुन नसकी अर्को जिल्लामा छापे गएमा त्यस जिल्लामा पत्ता लाग्न नसकेको पनि बेपत्ता हुन आउँछ। तेस्रो जागीरदा-रले जग्गा पत्तालाउन नसकी तोर्जाको बाली उठाउन नआएबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोहीले बेइमानीगरी नया हाल अबादी दर्तागरीसकेकोबाट छापे आएमा बेपत्ता भनी लेखाउने पनि गर्दछन् । चौथो-धेरै अघिदेखि नै खोलोपैन्हो बाँझो भइरहेको जग्गा छापे आएमा यही जग्गा हो भनी पत्ता दिन नसकेमा पनि बेपत्ता भन्दछन् । यस्तै कारण परी जिम्मावालले पत्ता दिन नसकेका जग्गालाई नै बेपत्ता भनेको हो।

छापे आएको खलामा मौजा लेखिएको भए सो लेखिएको मौजा मिलेको मौजाका तालुकदार जिम्माको नंबरी दर्ता भएको मा सो जिम्मावालले यो खला मेरोजिम्मा नभएको भनी उजुर दिएकोमा र आफ्ना माल इलाकामा छापेमा लेखिएको थुम जिल्ला मौजा नभएकोमा मौजा जिम्मा पत्ता न लागेको भनी नम्बरीमा दर्ता गरी राखेको खलामासमेत दर्ता भएका ६ महीनाभित्र पत्तालगाउने कारवाई चलाई ठेगान लगाई सक्नुपर्छ। छापे आएको जग्गा पत्तालाग्न नआएको जनाउ पाहाड वन्दोवस्त लगतफाँटलाई दिनुपर्छ।

तेस्रो बेपत्ताभएको जग्गा पत्ता लगाउनालाई पहिले सो छापेमा लेखिएको मौजाको तालुकदारको झुत्ता तेरीजमा सो खला लेखिएको छ छैन भनी हेर्नु पर्छ। त्यसमा हेर्दा पत्ता लाग्नु नआए माहाजाँचको आफ्ना मालको मोठमा लेखिएको मौजामा सो खला छ छैन भनी मालमै मोठ् भए सोही हेरी र नभए पाहाड् बन्दोवस्त तहवीलफाँट्मा रहेको मोठ्मा हेर्नलाई लेखी पठाउनु पर्छ। त्यस्मा पनि पत्ता लाग्न नसके आफ्ना माल इलाकाका जम्मै तालुकदारसंग यो खला तिमोहरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिम्मा झुत्तामा छ छैन भनी बुझी छैन भनेमा सोही बेहोराको मुचुल्का पनि गराउनुपर्छ।

त्यति गर्दा पनि पत्ता लाग्न न आएपछि "यो यति माटो तीरो लागेको यस्को खांगीको जग्गा पत्ता लाग्न नआएकोले यो म्याद टाँसिएका २० दिनभित्र सो जग्गा खाने मोहीले नै जाहेर गर्न आए बाली बुझी जग्गा थामी पाउनेछौ सो म्याद नाघेका १५ दिन भित्र अरू मानिस आई जग्गा पत्ता-लगाई दिए अबाद गरी अरूले खाइरहेको भए सैकडा २५ कमीसन पाउनेछौ बाँझो भए ५ साल माफीपाई जग्गासमेत पाउने छौ" भन्ने ३५ दिने एउटै म्याद पुर्जी ठाउँ ठाउँमा टाँसी दिनुपर्छ।

जागीरदाका खांगीमा छँदा जागीरदारले पत्ता लगाई बाली उठाई खाइराखेको भए त्यसबाट पनि पत्तालाग्न आउने भएकोले जागीरदारको खांगी खारेजीमा जागी-रदार बुझी त्यसबाट पनि पत्ता लगाउने कोशिसगर्नु पर्छ।

आफ्ना माल इलाकामा पत्ता लगाउने कारवाई गर्दा पत्ता लाग्न नसके अन्त इलाकामा छ कि भनी बुझ्नुपर्छ। सो बुझ्-नालाई पाहाड माल सबैलाई यस्का खांगीको यति माटो यति तीरो लागेको यो जग्गा त्यस माल इलाकामा छ छैन बुझी पठाई दिनु भनी लेखी पठाउनुपर्छ। सो लेखो आए-बमोजिम बुझ्दा पत्ता लाग्न आए लगत जिम्मावारी लिई चंवरी दर्ता र जिम्मावारी मिह्वासमेत गर्नु पर्छ। पत्ता लाग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आए सोही पेहोराको तालुकदारको मुचुल्का गरी पठाउनु पर्छ।

सबै कारवाई गर्दा पनि कतैबाट पत्तालाग्न नसके सो खला नम्बरीमा मिह्रा लेखी छुट्टा किताप गर्ने गरी त्यस्को बाँकी रहेको बालीसमेत खोली लगत काट्न जिल्ला मालले आफ्ना गौंडा गोस्वारामार्फत र सदर मालले पाहाड बन्दोवस्त रिपोट फाँटमार्फत रिपोट गर्नु पर्छ।

तालुकदार बुझिदा वेपत्तै हो भनी लेखिदिएको पछि बुझिएकोबाट सो वेपत्ता हो भनी लेखीदिने तालुकदार जिम्मा पत्ता लाग्न आए त्यस्ता तालुकदारलाई वर्खास्त गरिदिएहुन्छ।

सो वेपत्ता मिह्रालाई जाहेर गरेको रिपोटमा मिह्रा लेख्ने निकासा भै आएमा सो दर्ता भएको नम्बरीमा यस-मितिका तोकसदरले वेपत्ता मिह्रा भएको भनी जनाई हाकिम तहरीरको छाप लगाई राखी नम्बरीमा मिह्रा लेखी लगत कितापमा समेत मिह्रा भएको बाली ढपोटमा मिह्रा लेखी सो तोकसदर ढपोटसाथ कुमारीचोकमा पठाउनुपर्छ।

सो मिह्रा भएका खला पछि पत्ता लगाउनानिमित्त छुट्टा किताप खडा गरी वरवुझारथमा चलाउने गर्नु पर्छ।

वेपत्ता भैरहेको खला पा. ब. ल. फाँटले पत्ता लगाई मालले बाली तहसील गरे सैका १० मालले नै पत्ता लगाई बाली तहसील गरे सैका २५ मालका हाकिम तहरीरले कमीशन पाउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रिपोट्को ढाँचाः-

नुवाकोट मालबाट चढाएको रिपोट्-

उप्रान्त यस माल तालुक जिल्ले नुवाकोट मौजे नुवाकोटका जी० कृष्णबहादुर जिम्मामा लगत कसिएको तपसीलमा लेखिएको खला ३ महले मोठ खडागर्दा मेरा जिम्मामा नभई वेपत्ताहुँदा लगत कट्टा गरिपाउँ भनी नीज जिम्मावालले लेखिदिएको हुँदा सो लेखिएको खला सो मौजाको मोठमा छ छैन भनी २१ सालको मोठ स्रेस्ता हेरी लेखिपठाउनु भनी पाहाड्बन्दोबस्त तहवील फाँटलाई लेखी पठाएमा सो लेखिएका मिलानको खला मोठ्बाट देखिंदैन भनी जवाफ दिएकोले अरू मौजा जिम्मामा छ कि भनी यस माल तालुकका जिम्मावालहरू बुझेमा पनि मेरा जिम्मामा छ भनी कसैले लेखिदिन नसकेको अन्त जिल्लामा छ कि पाहाड सबै माललाई लेखी पठाएमा पनि कुनै मालबाट पनि पत्तालगाइ नपठाएको र सो जग्गा पत्ता लगाइ दिएमा कमीसनसमेत पाउने छौ भन्ने समेत वेहोराको मालका नाउँमा भएका सवालबमोजिम ३५ दिने म्याद टाँसी दिएमा पनि कसैले पत्तालगाइ दर्खास्त गर्न नआएको जागीरदारबाट मोही जग्गा पत्तालाग्न आउँछ कि भनी सो जागीरदारसंग सो खलाको बाली कसबाट बुझ्ने गरेको थियो भनी बुझिपठाउनु भनी जङ्गी हाजीर गोस्वारालाइ लेखिपठाएमा मोहीबाट बाली असूल गर्ने गरी आएको नभई ढाकेलाई तीजा बिक्रीगर्ने गरी आएको र ढाके पनि नचिनेको हुँदा मोहीयाको जग्गा सो ठाउँमा छ भन्ने थाहा छैन कुनैसालको तीजा बिक्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जमड बाँकी नै रहेको पनि छ भनी नीज जागीरदारले जवाफ दिएको भनी जवाफ लेखिपठाएकोले सो खला कतैबाट पनि पत्तालाग्न नसकेको हुँदा सो खलाको बाली लगत नकाटी त्यसै राख्दा स्रेस्तामा जग्गा बाँकी रही स्रेस्ता मात्र बोरहुने भएको र सो जग्गा लगत कट्टागरी छुट्टा किताप खडागरी राखेमा स्रेस्ता पनि सफाहुने र कदाचित कुनै अवस्थामा सो जग्गा पत्ता लागेमा पनि सो छुट्टा किताबबाट पत्ता लाग्न आई नंबरीमा दर्ता गरी बाली तहसील हुने नै भएको हुंदा जाहेर गरेका छौं अब यसमा सो लेखिएका खला ९७ सालदेखि बाली आउनेगरी लगत कसिएकोले सो सालदेखि २००३ सालतकको जम्मा धान मुरी ४९। को दर रु. १। को पाथि।७ ले मो.रु. १४०। घ्यूखानी मो. रु. ३।५० चारदाम् रु. ।३'५ समेत जम्मा मोहरु १४३।८५ एकसय त्रितालीस रुपैयाँ पचासी पैसा ढपोटमा र सो खला नम्बरीमा वेपत्ता भएकोले आलीबालीकै लगत कट्टा भएको भनी नम्बरीमा मिह्वा लेखी छुट्टा किताप खडागरीराखी बरखुआरथमा चलाउनु भनी यो रिपोट सदरगरी बक्सनु पर्न ठहराम्य जोमर्जि हुकुम्।

तपसील

असामी	खेत	धान	घ्यू.रु.	चार
९७ सालको नंबरी सोहो सालदेखि बाली आउने				
का. प्र. ३।११२।३५७ सी.				
रनवीर खत्री चांगुको खांगी				
जुवाकोट वटहरे उद्दैसिंको बढ	।८-	२' -	।२५ -	।३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख. फलाना १
मु. फलाना १

संवत् २००४ साल वैशाख गते रोज शुभम्

जग्गा बाँझो भएमा र घटी कूतमा सकार भएमा

माल दर्ता भैरहेको जग्गाको मोहीले बाली बाँकी राखी बाले कूतमा टाँस गर्दा कसैले कबूल नगरेको र नयाँ मोही बन्दोबस्त पनि हुन नसकेको जग्गा सदर मालमा जिम्मावाल बन्दोबस्त भएका मौजामा जिम्मावालले नै सकार गर्नु पर्छ। मोफसलमा पाखातर्फ उकास हुन आएको तालुकदारले नै अर्को रैती नआएसम्म खापीखाई तिरोभरो गर्नु पर्छ। मोहीको अपुताली परी निजले कमाएको खेतजग्गा भए; सो जग्गा अपुताली खानेले र अरूले समेत सकार गरेन भने त्यो पनि तालुकदारले नै कमाइ तीरो गर्नु पर्छ। त्यस्तो जग्गा बाँझो रहेको भनी मिहा पाउँदैन।

मालमा जग्गा दर्ता नहुँदैदेखि मोही नभइ जग्गा बाँझो परी रहेको मोही भागी बेपत्ताभई जग्गा बाँझो रहेको र जग्गामा लाग्ने कुलो अलाग (कुलो बिग्री पानी नचल्ने भएको) इत्यादि हुन गई जग्गा कमसल हुनआइ उजुर परेमा समेत त्यस्ता जग्गामा "साबुद कूतमा या घटी कूतमा सकार गर्न आउनु घटी कूतमा सकार गरे ५ वर्षसम्म बढी-बढाउ हुने छैन" भन्ने बोली पारी तारिख मुकरर २१ दिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म्याद आफ्ना इलाका जोरिएको गौँडा गोस्वारा सदर तालुक अड्डा आफ्नै माल अड्डा आफ्ना इलाकाको गौँडा गोस्वारा र गाउँमा समेत म्यादि टाँसो दिनुपर्छ । सो म्यादमा कसैले सकार नगरी जग्गा बाँझै रहेमा र घटी कूतमा सकार भएमा समेत सो जग्गा के कारणले बाँझो र घटी कूतमा सकार हुन आएको हो अब के गर्नाले मोही लागी साबुद कूतमा सकार हुन आउँछ भनी सरजमीन जाँचबुझ पनि गर्नु पर्छ कुनै किसिमबाट साबुद कूतमा सकार गर्ने मानिस आएमा नीजले मागे मागेको बन्दोवस्त दिन मनासिब भए सो बोली र घटी कूतमा सकार गरे ५।५ वर्षमा बढीबढाउ हुनेगरी जिल्ला मालले आफ्ना इलाकाको गौँडा गोस्वारामार्फत र सदर मालले पाहाड् बन्दोवस्त रिपोर्ट् फाँट्मार्फत रिपोर्ट् गर्नु पर्छ ।

बाँझो रहेको र घटी कूतमा सकारभएको जग्गामा दुनियाकै बल मद्दतबाट कुलोपानी आउन सक्ने भए सो बन्दोवस्त मिलाई र सरकारबाट मद्दत दिनुपर्नेभए अड्डैबाट मद्दत-खर्च दिए हुनेमा दिई बनाउन लगाई साबुद कूतमा बन्दोवस्त गर्नु पर्छ ; त्यस्मा केही खर्च गर्नु पर्नेभए खर्चको इन्तिजाम गरी जाहेर गर्नु पर्छ ।

मोहीले कमाई राखेको जग्गा छाड्नु भनी राजीनामा गर्न आए त्यस्ले कमाएको जम्मै जग्गा जग्गा पजनीका २३ नं का पेनमा लेखिएका म्यादभित्र राजीनामा गराई लिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्छ त्यस्ता राजीनामा गरेको जग्गामा अर्को मोही बन्दोबस्त-लाई जेष्ट महीना सम्ममा टाँस गरी बन्दोबस्त गरी सक्नु पर्छ ।

रिपोट्को ढाँचाः–

बन्दीपुर मालबाट चढाएको रिपोट

उप्रान्त यस माल इलाका थुं वंदीपुर मौजेरागीनासका जी. रघुनाथको हाल खाली भई रैतान तहसील भईरहेको का.प्र. १ सु. खांगीको रागीनास मुडुलेको पुर्नै थापाखेत।१०को ठेक ३। चा. ।५ लागेको खला २००० सालमा खारेज भईआई नंबरी भएकोले सो जग्गाको मोही को हो भनी वुझ्नपठाएमा सो लेखि-एको जगामा लाग्ने कुलो पैह्रोगई कुलो अलाग भएको र सो जगाक– मोही रामेथापा १०।१२ वर्ष भयो भागी मुग्लान गएको अझसम्म फर्की नआएको नीजको अरू जहान हकदारसमेत कोही नहुँदा जागीरदारको पालादेखि सो जग्गा बाँझै छ सो कुलो ल्याउन लाई पनि सरकारबाट खर्च लगाए पनि नबन्ने भएको हुँदा सो जग्गा हामीले सकार कबूल गर्न समेत सक्तैनौं भनी रघुनाथ पाध्या समेतले मुचुल्का गरी दिएकोले सो जग्गामा कबूल गर्ने मन्सुवा हुनेले बढाबढ गर्न आउनु भनी मुलुकी सवा-लबमोजिम २००१ साल चैत्र १० गते तारेख मुकरगरी बढाबढ-को २१ दिने म्याद टाँसीदिएमा अंत ठाउँमा कसैले कबूल नगरी खाली फाराम आएका र यस अड्डामा सो तारेख मुकरका दिन ललीतबहादुर राणाले सो जग्गा पाखासह्रगरी सालको रु.। ५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिर्ने गरी पाए पाखाबाली लगाई खाँदाहुँ भनी कबूल गरेको हुँदा सो जग्गा बनाउने तर्फलाई कुलोपैहोगई बन्नै नसक्ने भन्ने मुचुल्का भई आएकोले बन्नसक्ने भएको र साबुद कूतमा पनि कसैले सकार नगरेको ललीत बहादुरको कबूलबमोजिम पनि नदिएमा त्यति आउने पनि नआई सरकारको नोक्सानी परीरहने र जग्गा पनि दिन परदिन बिग्रँदैजाने भएको र त्यस्तोघटी कूतमा सकार भएको जग्गा ५।५ वर्षमा वढीवढाउ गर्ने सनदसमेत भएकोले जाहेरगरेका छौं अब यस्मा सो जग्गाको २००१ साल देखि २००५ सालतक साल १ को ठेक रु. ३। मा कबूल ठेक रु. ।५० कट्टागरी नपुग ठेक रु. २।'१० दुई रुपैया पचासपै साका दरले मिह्नालेखी २००६ सालमा फेरी तारेख मुक्र गरी वढाबढ गर्नु भन्ने यही रिपोर्ट् सदर गरिबक्सनु पर्ने ठहऱ्याउँ जो मर्जि हुकुम।

ना. सु. फलाना १

मु. फलाना १

संवत् २००३ साल गते रोज शूभम्

तालूकदारले मसोद्गरी उपर नभएमा

तालुकदारले बुझाउनुपर्ने तीरो टायममा नबुझाई म्यादटाँस हुँदा पनि आएन भने रैती भुकानी बुझी नीज तालुकदारले उठाइ सकेको देखिएमा नीजको जायजात लिलाम गरी उपर गर्नु पर्छ। त्यसबाट हुन सकेन भने पहिले नीजको अरु जायजात दबाए छपाएको भए जाहेर गर्न आउनु भन्ने सो गाउँमा ३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिने म्याद टाँसी दिनुपर्छ। त्यस्मा पत्तालागे सो लीलाम बिक्रीगरी उपर गर्नु पर्छ। त्यतिगर्दा पनि उपर भएन भने नीजले तालुकी पाउँदा धनजमानी लिएको भए त्यसलाई पक्राउगरी उपर गर्नु पर्छ। धनजमानीबाट पनि जम्मै उपर हुनसकेन भने सो बाँकीवाला तालुकदार पक्राउ गरी कैदम्याद ठेक्नुपर्छ। पक्राउ गर्न पठाउँदा मरी सकेको भनेर भागी बेपत्ता भयो भन्ने मुचुल्का भई आयो भने, मरेकोलाई डंड्सजायका नंका ऐनले डण्ड नलाग्ने भई नीज लाई लागेको डंड सो ऐनबमोजिम् लगत कट्टागरीदिई बीगो जति मरूवा मिह्रा लेख्न जाहेर गर्नु पर्छ। भागी बेपत्ता हुने तालुकदार आफ्ना जिल्लामा लुकीछली बसेको छ कि भनी आफ्ना इलाकाको तालुकदार सबै बुझी पत्ता लगाउनुपर्छ। आफ्ना इलाकामा पत्तालाग्न आएन भने नेपाल सरहदका गौंडा गोस्वारालाई खोजतलास गरी पक्राउ भए पठाइदिनु भनी लेखी पठाउनु पर्छ। काहींबाट पक्राउ भई आउन नसके नीज फेलापरेका वखत असूल गर्ने गरी छुट्टाकिताप खडा गरीराखी ढपोट्मा मिह्रा लेख्नेगरी रिपोटगर्नु पर्छ।

सो जाहेर गरेका रिपोट्को मिह्राको निकासा भईआएपछि सो बमोजिम् ढपोट्मा मिह्रा लेखी सो तोकसदर ढपोट्साथ कुमारीचोकमा पठाउनु पर्छ।

रिपोटको ढाँचाः—

धादिङ मालबाट चढाएको रिपोट

उप्रान्त यस माल इलाका जिल्लै धादिङ मौजे कुडुलेका जी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डंडपानी पाध्या जिम्मा लगत कसिएको २००१ सालको खेतत-फँको बाली मो.रु. २५२। बुझाउन नल्याएकोले यस मालका नाउँमा भएका सवालबमोजिम २००२ साल जेष्ठ २ गतेमा निजका नाउँमा १५ दिन र अरूका नाउँमा ७ दिन समेत जम्मा २२ दिने म्याद टाँसीदिएकोमा सो म्यादभित्र नीज जिम्मावालले र अरूले समेत सो बाँकी बुझाउन नआएकोले सो जिम्मावालको घर ज्यथा रोकाराखी रैतान बुझ्दा नीज जिम्मावाललाई बाली बुझाइसकेकाछौं नीजले दिएको अधकट्टी रसीद देखाई नकल पेसगरी दिएका छौं भनी रैती सबैले मुचुल्का गरी अधकट्टी रसीद पेसगरी दिएकोबाट नीज रैतोलाई पकाउ गर्न नहुने भई नीज जिम्मावाल खोजतलास गर्दा २००२ साल वैशाख महीनादेखि भागी वेपत्ता भएकोले याहाँ छ भन्ने हामीलाई थाहाछैन भनी सरजमिनका मुचुल्का भइ आएको र नीजको धनजमानी छ छैन भनी स्रेस्ता हेर्दा नीजका बाबुको जिम्मावारी बाबु मरी नीजले पाएको भई धनजमानी देखिन नआएको र सो मालपोत नीजले रैतीबाट उठाइ ह्वासी खाएकै ठहर्नाले सो मालपोत रु. २५२। को यस अड्डालाई भएका सवालबमोजिम विगाबमोजिमको डंड रु. २५२। समेत नीजलाई लाग्ने भएकोमा नीजको जायजात रोका रहेको लीलाम बिक्री गर्दा मो.रु. ५४। मा खतम भई बाँकी विगो बापत आम्दानी बाँधिएको भई सो नपुग विगो डंड त्यसै स्रेस्तामा बाँकी राखी छोड्दा स्रेस्ता बोरहुने र जायजात दबाए छपाएको भए उजुर गर्न आउनु भन्ने म्याद टाँसेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हजुर न परेकोले नीज फेलापरेमा असूल गर्ने छुट्टा किताप खडा गरी ढपोटमा मिहा लेख्ने निकासालाई जाहेर गरेका छौं अब यस्मा नीज डंडपानीले मसौद गरेको २००१ सालको मालपोत रु. २५२। मा जायजातबाट आएको मो.रु. ५४। कट्टा गर्दा नपुगेको मालपोत मो. रु. १९८। र विगाबमोजिमाको डंड रु. २५२। समेत जमा मो.रु. ४५०। चार सय पचास रुपैयाँ नीज फेला परेमा असूलगर्ने छुट्टा कितापमा लेखी बरबुझारथमा चलाउने गरी ढपोट स्रेस्तामा मिहा लेख्नु भन्ने निकासा बक्सनु पर्ने ठहराञ्यू।

हाकिम ख. फलाना १

मु. फलाना १

संवत् २००३ साल गते रोज शुभम्

मोही मरी भागी उपर नभएको

मोहीले म्यादमा बुझाउनुपर्ने तीरो न बुझाई बालीकूतको टाँसगर्दा पनि कसैले कबूल नगरी मोहीको जायजात गर्दा पनि असूल उपर हुन नसकी मोही मरी सकेमा र भागी बेपत्ता भई पक्राउ हुन नसकेमा मिहालाई जाहेर गर्नु पर्छ।

मोही मरेको मिहालाई जाहेर गर्दा बालेकूतमा टाँस गरेको जायजात दवाए छपापमा टाँस गरेको मरेको भन्ने सरजमीनको मुचुल्कासमेत प्रमाण राखी बाँकी रहेको बालीको अङ्कसमेत खोली मिहालाई जाहेर गर्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भागी बेपत्ता भएकोमा अरू मोही मरेको मिह्रा गर्न छेकिएको प्रमाण र भागी बेपत्ता भएको भन्ने सरजमीनमा मुचुल्कासमेत राखी पत्तालागी पक्राउ भएमा असूल गर्न छुट्टा किताप खडागरी ढपोटमा मिह्रा लेख्नेगरी जाहेर गर्नु पर्छ ।

सो जाहेर गरेको मिह्राको निकासा भई आएपछि सो निकासा भए बमोजिम गरो ढपोटमा मिह्रालेखी सो तोक्सदर ढपोटसाथ कुमारीचोकमा पठाउनुपर्छ ।

रिपोटको ढाँचा:—

काठमाडौं मालबाट चढाएको रिपोट

उप्रान्त मेरा जिम्माको स्यूढेनी विमोऱ्या सर्नभद्रको हा. ओं. रामनाथ पुडासैनी खेत ।४ को धान मुरी १। स्यूखानी मो रु. ।२५ लागेका खलाको २००३ सालको वाली नबुझाएको हुनाले नीज मोहीका नाउँ मा म्याद टाँसगर्दा उत्तर नभएकोले दर्खास्त गर्न आएको छु ऐनसवालबमोजिम होस् भनी मौजे स्यूढेनीका जिम्मावाल वेखानारायणको दर्खास्त पर्न आएकोले सो जग्गाको तारेख मुकरगरी बढावढ गर्दा २००४ सालका वालीदेखि वाली तिर्ने गरी नरदेवी टोल वस्ने हर्खसिंले कबूल गरी डाँक खतम भएको वक्यौत। वाली तिर्ने गर्ना कसैले पनि कबूलगर्ने नआएको हुनाले नीज मोहीसँग, सो वाली वाँकी असूलगर्न डोर खटाइ पठाएमा नोज रामनाथ पुडासैनोको अरू जग्गाजमीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समेत केही नभई सोही १ खला जग्गामात्र कमाइ खाई आई गाउँमा कहिले पाटीमा र कहिले कहीं बसी निर्वाह गरी आफ्नो नीजको घरद्वार धनमालसमेत केही छैन नीज पनि यही २००३ साल चैत्र मोहनामा कालगतीले मरीसक्यो अरू हक-दारसमेत कोही छैन भनी सरजमीनको मुचुल्का भई आफ्नो-बाट नीजसंग उपर गर्ने ठाउँ केहा नभई सो बाँकी त्यसै राख्दा स्रेस्तामात्र बोर हुने भएको हुनाले जाहेर गरेका छौं अब यस्मा। नीज रामनाथसंग असूल गर्नुपर्ने २००३ सालको बाली बाँकी धान मुरी १। को दर १। का पाथी ।४ ले मो रु. ५। स्यूखानी रु ।३५ समेत जम्मा मो.रु. ५।२५ पाच रुपियाँ पच्चीस पैसा मोही मरी उपर हुने ठाउँ केही नभएको भनी ढपोटमा मिन्हा लेख्नु भन्ने निकासा बक्सनु पर्ने ठहराउँ जो मर्जि हुकुम।

हाकिम खरिदार फलाना १

त. डी. फलाना १

संवत् २००४ साल जेष्ट गते रोज शुभम्

रसीद दोभरा

असूल भइसकेको बाली जग्गा बाँकीमा रही सो बाली असूल गर्न पक्राउगर्दा बुझाई सकेको रसीद देखाएको बाट मिन्हा गर्नु पर्नेलाई रसीद दोभरा भन्दछन्। त्यस्तो रसीद दोभरा हाकिमको हाल साबिक भएकोमा धेरै पर्न आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असूल भएको बाली बाँकीमा पनि रहेपछि असुलतर्फ लगतसन्दा बढी असूल भएको फाजिल हुनुपर्छ। किनभने ढपोट् तयारगर्दा जम्मा लगतमा असूलो मिहा कटाई बाँकी रहेको अर्को साललाई जिम्मावारी या हालसाबिक भएकोमा हालवालालाई जिम्मावारी दिएकोबाट बाँकीसून्य भएको हुन्छ। सो असूल गरेको रुपैया असूलीमा पनि परेको छ बाँकीमा पनि परेकोछ भन्ने वासिल बाँकीमा फाजिल देखिनु पर्छ अर्थात असूलीमा बढी देखिनु पर्छ। यदि फाजिल देखिन सक्‌ैन वासिल बाँकी ठीक छ भने बाँकी लेख्दा बाँकी लेखिनु पर्ने अर्को कलम छुटेछ असूल भएको कलम नै बाँकीमा लेखिएछ भन्ने सिध्द हुन आउँछ।

यस्कारणबाट रसीद दोभरा परेकोमा फाजिल देखिएकोमा सो फाजिल देखिएसम्म रसीद दोभरा मिहा हुन सक्छ। फजिल देखिदैन भने मिहा हुन सक्‌ैन। त्यस्तो फाजिल नदेखिएको रसीद दोभरामा आधा हाकिम तहरीरबाट र आधा फाँटवाला कारिन्दासंग असूल गरी लिनुपर्छ। अर्को असूल गर्नु पर्ने मानिस देखाइदिएमा उसंग बाँकी भएको रहेछ भने असूलगरी भर्ना गरेहुन्छ।

त्यस्तो रसीद दोभरा मिहागर्नु पर्नेमा ढपोटमा मौज्यानी वा जिम्माको लगत कसिएको भए सो लगत बमोजिमको भुकानी (असूल मिहा सबैको फाँट्) फाँट देखाई बही बुझाउने कुमारीचोकमार्फत रिपोट् गर्नु पर्छ। निकासा भईआए पछि ढपोटमा मिहा लेख्नुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साबिकवालाले अकर्ण गरी बुझाएकोमा लगतभन्दा बढो गरी बुझाएको पउदा लगतको बाँकी दोभरा पारी बुझाएको, लगतै नभएको कलम बुझाएकोमा पनि त्यही रसीद दोभरासह नै हुन्छ। सोहीबमोजिम गर्नुपर्छ। मिहा गर्नुपर्ने हुन आयो भने पाहाड् बन्दोवस्त रिपोट फाँट-मार्फत जाहेर गर्नुपर्छ।

धादिङ् मालपाट चढाएको रिपोट्

उप्रान्त यस माल इलाका जिल्लै लोमीडाडा मौजे माझ-नलाङ्का मु. दल्सीं चेपाङ् जिम्मा ९९ सालको पाखा-तर्फको जम्मा मोहरु १५।६९ असूल गर्नुपर्ने भनी यस अड्डाका साबिक हाकिम ख. दुर्गाप्रसादले अकर्ण लेखी बुझाएकोले सो लेखिएको जग्गा बाँकीमा नीज मुखिया दल्सींलाई पकाउ गर्दा लेखिएको ९९ सालको पाखातर्फको बाली ९९ साल चैत्र २२ गतेमा यसै मालमा सो साबीक हाकि-मका पालामा बुझाई टेकट नं. ७२० को लाल रसीद लिई राखेकोले बुझाउनु पर्ने बाँकी नहुँदा पकाउ छुटाइपाउं भनी सो रसीदको सकल देखाई नकल पेसगरी कागज गरि-दिएको हुँदा निजलाई पकाउ गरी लिन मनासिब नपरी ९९ साल आषाढ गतेमा भइआएका सनदबमोजिम सो सालको ढपोट्मा फाजिल असूलभएको देखिन नआए सो जग्गा बाँकी बुझाउने हाकिम र तहरीर फाँट्वालासमेत गरी लिनुपर्ने हुँदा सो ९९ सालको ख. दुर्गा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसादका पालाको ढपोटमा फाजिल असूल भएको देखिन्छ देखिंदैन भनि कुमारीचोक् पाहाड दोस्रा फाँट्लाई लेखी बुझेमा सो सालको ढपोटमा पाखातर्फ मोहरु १६। फाजिल असूल भएको देखिन्छ भनी जवाफ दिएकोबाट असूल भएको रुपैयाँ जग्गा बाँकीमा लेखिएकोबाट लगतभन्दा बढी फाजिल देखिन आएको र त्यस्तो बाली बुझाएको रसीद् भएकोमा रैतीलाई पक्राउ गरी लिन पनि मनासिव नपरेको हाकिम कारिन्दासँग लिन पनि फाजिल असूल भएजतिमा भने मिहा पाउने सो सनद्मा नै लेखिएकोले जाहेर गरेका छौं अब यस्मा साविकले जग्गा बाँकी बुझाइ-दिएको मौजे माझनलाङ्को मु. दल्ली जिम्मा ९९ सालको पाखातर्फको बाँकी मोहरु १५।६९ पन्ध्र रुपैयाँ उनहत्तार पैसा रसीद दोभरा मिन्हा लेख्नु भन्ने निकासा बक्सनुपर्ने ठहऱ्याञ्यू जेमर्जि हुकुम

हाकिम. ख फलाना १

मु. फलाना १

संवत् २००३ साल चैत्र गतेरोज शुभम्

फाजिलफिर्ता

मोही तालुकदारले आफूले बुझाउनुपर्ने कायम भएको लगतभन्दा बढी बाली बुझाएको फिर्ता पाउँ भनी उज्जुर गर्न आएमा फिर्ता पाउनसक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तो बढी बुझाएको सालको ढपोट दाखिल भइसकेको भए सो बढी फाजिल देखिएको हुनुपर्छ। सो फाजिल परेको प्रमाण आम्दानी बाँधिएको स्याहा उतार लगत उतार समेत राखी सदर मालले पाहाड् बन्दोबस्त रिपोर्टफाँट्मा र जिल्ला मालले गौंडा गोस्वारामा रिपोर्ट् गर्नुपर्छ। सो अड्डाले नै सो फिर्ता खर्च लेखिदिने निकासा दिएबमोजिम् फिर्ता खर्च लेखिदिए हुन्छ।

(लगतभन्दा बढी असूलभएको फिर्ता खर्च लेखिदिने रिपोर्ट् आएमा जिल्लाको गौंडा गोस्वाराले र सदरको तालुक बन्दोबस्त अड्डाले निकासादिनु भन्ने मुलुकीसवालको बही बुझ्ने बारेको ५८ दफा छ)

सो फिर्ताखर्च लेखिदिएपछि रैतीलाई गएको रसीदमा फिर्तागएको पनि जनाइदिनुपर्छ।

रिपोर्ट्को ढाँचाः—

नुवाकोट मालबाट चढाएको रिपोर्ट्

उप्रान्त मेरा जिम्मा लगत कसिएको यो २००३ सालको खेततर्फको मालपोत मो.रु.१५०। र चर्सा सिं रकमको मो.रु.१।५० समेत जम्मा मो.रु.१५१।५० बुझाउनु पर्नेमा भूल भई २००३साल चैत्र ३० गतेमा मो.रु. १६१।५० बुझाएकोबाट लगतभन्दा बढी बुझाएको मो.रु.१०। फिर्ता पाउँ भन्ने यस माल इलाका जिल्ले नुवाकोट् मौजे भोटेगाउँको जिम्मावाल काले तमाङको दर्खास्त परेकोले सोबमोजिम् भएको हो होइन भनी यस मालको स्याहा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्दा नीज काले तमाङ् जिम्मा २००३ साल तकको खेततर्फको मालपोत मो.रु. १५०। र चर्सा सिं रकम मो.रु. १।५० असुलगर्नु पर्ने मोठ् नम्बरी स्याहा स्तापाट देखिएको र नीजले बुझाएको स्याहा हेर्दा २००३ साल चैत्र ३० गतेमा मालपोत मोरु १६०। असुल भई मालपोतमा मोहरु १०। बढी असुल भएकै देखिनाले सो फिर्ता नदिदा रैतीलाई मर्का नै पर्ने देखिनाले जाहेर गरेको छु नीज काले तमाङ्संग २००३ सालको लगतभन्दा बढी असुल भएको मोहरु १०। दसरुपैया नीज काले तमाङ् हस्ते खर्च लेखिदिनु भन्ने मुलुकीसवालको बही बुझ्नेबारेको ५८ दफाबमोजिम् यही रिपोर्ट्मा निकासाबक्सनुपर्ने ठहराञ्यूँ जो मर्जि।

हाकिम खरिदार फलाना १

तहरीर मुखिया फलाना १

ना रा. फलाना १

संवत २००४ साल वैशाख गते रोज शुभम्

सोद् भर्ना मिलाउने

यस रकमबाट खर्च गर्नु भन्ने निकासा भइरहेकोमा सो रकमको रुपैया आफ्ना अड्डामा मौज्दात नभएमा र कुनै रकमको रुपैया सदरमा रही जिल्लामा रहेको अरू मौज्दात बाट खर्चगरी सो सदरमा रहेका रुपैया दाखिला भए पछि स्यस्ता मिलाउनेलाई सोद् भर्ना मिलाउने भन्दछन् । त्यस्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा फलम खर्च लेखी सोद भर्ना मिलाउन जाहेर गर्नु पर्छ एउटा कलम कबज आएपछि दाखिला खर्च लेख्नु पर्ने हुन्छ। त्यस गुठी रकमबाट खर्च गर्नु भन्ने भएकोमा खर्चगर्दा सो गुठी रकमको रुपैया मौज्दात नभएमा सोध भर्ना मिलाउन जाहेर गर्नु पर्छ ।

बृटिस सरकारमा जागीरे भएका जवानको पेन्सनको रुपैया सदर मुन्सीखानामा रहेको र घरेलु इलम प्रचारक अड्डाको शाखा रहेको ठाउँमा काम काममा खर्च गर्नु पर्नेमा जिल्ला मालबाट आफ्ना अड्डाको मौज्दातबाट खर्च गरी सो जनाउदिई सो अड्डाहरूले मालको आम्दानीमध्ये भनी मुलुकीखाना दाखिल गरी कवज पठाएपछि स्रेस्तामा दाखीला खर्च लेख्नु पर्छ ।

त्यस्ता मिहा र कवज नआउन्ज्याल सो खर्च भएको रुपैया खर्च लेख्न पाइँदैन। उञ्जातिमा रहन्छ। मिहा र कवज आए-पछि मात्र खर्च मिहा लेख्न पाइन्छ ।

सोद भर्ना मिहा गराई लिनुपर्ने र कवज लिई खर्च लेख्नु पर्ने १ बर्ष भित्रमा गराइलिई सक्नुपर्छ। अर्को सालमा जिम्मा-वारी सार्न पाइँदैन । तर ताकिता गरी झिकाउनु नसके बही बुझ्नेका १० नं. का ऐन बमोजिम कुमारीचोकबाट गर्दछन् ।

तोडा चलानगर्दा खाजाखर्च दिने

आफ्ना अड्डाको या ३ साँधाको मौज्दात रुपैया सदर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुलुकीखाना वा अर्को ३ साँचा अड्डामा दाखिल गर्न पठाउँदा तोडा बोक्ने थाप्ले हुलाकी जवान १ लाई तोडा १ को कोस १ के रु. ।६ का दरले खाजाखर्च दिनुपर्छ । सो खर्चको रुपैया मिह्रा गराइलिनु पर्छ ।

तोडा चलान गर्दा मुख्य भइजाने मानिसको जिम्मा दाखिलागर्ने ठाउँ ,आफ्ना इलाकाबाट कति कोस पर्छ तोडा कति छ त्यसलाई कोसको रु.।६ का दरले चाहिने रुपैया मालका रुपैयाबाट भर्पाई गरिदिई पठाउनु पर्छ । सो रुपैया मिन्हा नभएसम्म उत्रातिमा रहन्छ ।

रुपैया दाखिला गरी आएपछी खाजाखर्च खर्चभएको बासलातफाँट र खाजा खर्च बुझिलिनेको भर्पाईसमेत बुझिलिनुपर्छ ।

सो फाँट भर्पाईबमोजिम खर्च भएको रुपैया मिह्रालाई पाहाडबन्दोबस्त रिपोट फाँटमार्फत जाहेर गरी मिह्रा भइआएपछि ढपोटमा मिह्रा लेख्नुपर्छ ।

(सरकारी तोडा चलानगर्दा थाप्ले हुलाकीलाई कोस १ को मो.रु.।६का दरले खाजा खर्च दिई मिह्रालाई जाहेर गरेकोमा २ छापेबाट मिह्रा गरिदिनु भन्ने मुलुकीसवालको वहीबुझ्ने बारेको ८७ दफा छ)

कामदार भर्नागर्दा

आफ्ना अड्डाको कुनै कामदार कारिन्दालाई पनि विनाकसुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोस्न पाइँदैन। कामनदिने भई खोस्नु परेमा गौंडागोस्वारामा काम नदिएको वेहोरा जाहेर गरेरमात्र खोस्न पाइन्छ।

(कामदार कारिन्दाले काम नदिने भएमा आफ्ना गौंडा गोस्वारामा जाहेरगरी सो बमोजिम काम नदिने भएमा खोस्न पाइन्छ भन्ने मुलुकीसवालको भर्नासदर बारेको दफा छ)

मौज्दात दाखिलगर्ने सुवेदार १ र तहबिल्दार भंडारे भने मालका हाकिमले खोसी आफ्ना पत्यारको नातादार भए पनि भर्ना गर्नपाउँछ।

(सो बमोजिम् भर्नागर्न पाउने मुलुकीसवालका भर्नासदर बारेको १२ दफा छ)

अड्डाको कामदार कारिन्दाले राजीनामा गर्ने भएमा सो राजीनामा गर्न पाउँ भनी १ महीना अगावै दर्खास्त गर्नु पर्छ। सो राजीनामा गर्नपाउँ भनेको बेहोरा तालुक अड्डामार्फत जाहेर गरी सदर भइआएपछि मात्र राजीनामा सदर हुन्छ।

(सो बमोजिम् जाहेरगर्ने मुलुकीसवालको भर्नासदर बारेको १२ दफा छ)

अड्डाको कामदार कारिन्दा कुनै कुरावाट खाली हुनआएमा रोलपाउनेलाई रोलदिइ नोचोरमा नया मानिस भर्नागरी भर्ना सदरलाई तालुक वन्दोबस्त अड्डामार्फत जाहेर गर्नु पर्छ। सो भर्नासदरलाई जाहेरगर्दा हाकिम तहरीरको अदालती बन्दोबस्तको ५० नम्बरका पेनमा लेखिएको नाता नपर्ने रकमबन्दोबस्तका २नम्बरका पेनमा लेखिएबमोजिम बात कसुर नलागेको र जन्म जागीर नदिनु भन्ने नभएका मानिसको ३ पुस्तेसमेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाली जाहेर गर्नु पर्छ।

(बात कसुर लागी, मरी, सरी, खाली भएमा सदरबाट भर्ना भई जानेबाहेक अरू जवानमा पुरानिया काम गर्नसक्नेभए मोल मिलाई र नभए काम गर्नसक्ने भर्नागर्नहुने मानिसलाई अड्डाका हाकिमले भर्नामिलाई तालुक बन्दोबस्तमार्फत जाहेरगरी १।२ छापे सदर भई भर्नासदर हुनेमा सो बमोजिम र सोवाहेक अरूमा तालुकवालाबाट सदर भई आएबमोजिम गर्नु भन्ने पु. स. भ. स बारे १२ को ७ दफा)

भर्ना सदरगर्न जाहेर गरेको मानिस भर्नासदर नभएमा पनि भर्नागर्न हुने मानिस भए नीजले कामगरेसम्मको तलब खर्च लेखी खुवाउनु हुन्छ।

१६ दिन गैर खाली भएका मानिस बातलागेसम्म हुँदैन त्यसलाई भर्नागर्न हुन्छ।

सुवांगी, राइ, पगरी दीने

पल्लोकिरात ६ थुम (धनकुटा) माल र १३ थुम माल इलाकामा बसेका लिम्बु जातिहरूले "हामीहरूको भैयाद पगरी (सुवांगी राइ पाएकोलाई पगरी भन्दछन्) बाट फुटाई मेरो भाग बण्डा पाउँ कीपट्जग्गा र सलामी समेत बुझाउँ छु यो पगरी पाउँ" भनी उजुर दिई भागबंडा पाउनेठहरी कीपट् जग्गा सलामी बुझाएपछि सुवांगी र राई पगरीमा जुन मागेको छ र सो पाउँछ। माझ किरातका लिम्बुहरूले भागबंडा फोरी राइपगरी सलामी बुझाउँ छु भनेमा राइपगरी सम्म पाउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पल्लोकिरातका लिम्बुले

पगरी पाउँ भन्ने उजुर दिएपछि जसबाट भागवंडा फोरी पाउँ भनेको हो त्यल्लाई म्याद जारीगरी झिकाउनु पर्छ। सो हाजिर भएपछि निज उजुरवाला भैयाद हों होइन हो भने नीजले कति घर धुरी खर्कजग्गा पाउने हो सो खुलाई कागज गराइलिनुपर्छ।

सो पगरी माग्नेले सुवांगी पगरी मागेको भए रु. ३०। उठती हुने खेतमुरी।६० राईपगरी मागेको भए मो.रु. १५। उठ्ती हुने खेत मुरी।३० कीपट् जग्गा रैकरमा दर्ता गराउनु पर्छ। सो जग्गा नापजाँच गर्न पठाई नापी मुचुल्का खडागर्रा ल्याउनुपर्छ।

सो पगरी पाउनेले तल लेखिएबमोजिमको कामदारहरू राख्न पाउँछ। तिनीहरूले तिर्नु पर्ने तीरोमा तल लेखिएबमो-जिमको तीरो मिह्ना पाउँछ। त्यस्मा कति जनाको कति तीरो मिह्ना माग्छ सो खुलाई लिनुपर्छ।

कामदार	सुवांगी पगरी पाउनेले मिह्नापाउने	राइपगरी पाउनेले मिह्नापाउने
आफ्नो पगरीको	१	१
कर्ता	१	१
कारवारी	१	१
चुढौली	१	×
जेठावुढा	१	×
राई	१	×
	६ धुरीको रु. २१।	३ धुरीको रु. १०।५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस जिल्लामा माहाजाँच पछिको घर धुरी अर्को माहाजाँच नभएसम्म दर्तागर्न कर नलाग्ने ठेक्काथितिको जिल्ला भएकोले त्यस्तो बढ धुरी दर्ता भएको हुँदैन। भागवंडा फोरिंदा त्यस्तो दर्ता नभएको वढ धुरी देखिएकोलाई सनद सवालले लाग्ने तीरो लगाई दर्तागर्नु पर्छ।

सो पगरी माग्नेले नगरा, र निसानसमेत राख्न पाउने लाल मोहर गराइमाग्ने नमाग्ने वुझी मागेमा सो समेत पाउने गरी जाहेर गर्नु पर्छ।

नीज पगरी माग्नेले भागवंडा पाई पगरी पाउने ठहरेपछि नीजले चढाएको कीपट् जग्गा बढधुरीसमेत खेतपाखाको जुन नंबरीमा दर्ता गर्नु पर्छ दर्ता गरी तल लेखिएको सलामी दस्तुर असूलगरी ढरौटीमा आम्दानी बाँधी पगरीको लालमोहर तेरीज गर्न पाहाड् बन्दोवस्त रिपोर्टफाँट्मार्फत जाहेर गर्नुपर्छ।

असामी	दस्तुर सुवाके	दस्तुर राइके	सलामी श्री ५ स. मा लाग्ने	सलामी श्री ३ स. मा लाग्ने	सलामी श्री कम्यांडर इन-चीफमा लाग्ने
पगरीको लालमोहरको	५२।-	२६।-	×	×	×
तेरीजको	×	×	×	१।	१।
मागेमा लाग्ने					
नगराको	१०।-	१०।	×	१।	१।
निसानको	१०।-	१०।	×	१।	१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नीजले मिह्नामागेको कलम मिह्ना दिने सनद भइआएमा लगतमा मिह्नागरी स्रे स्तामासमेत मिह्ना लेख्नु पर्छ ।

त्यो पग री पाउनेका नाउँमा पाहाड्बन्दोबस्त रिपोट्फाँट्बाट लालमोहर, तेरीज भई इलाका गौंडा मार्फत नीजहरूले पाउँछन्। त्यो लालमोहर तेरीज पाएपछि नीजले पाएका भागबंडाको तीरो नीजैमार्फत असूलगरी तालुकीमा नीजको नामसमेत दर्ता गर्नु पर्छ।

सो पगरी माग्नेले भागबंडा नपाउने भनी भागबंडा दिनेले मंजुर गरेन भने त्यस्मा नालेस दिनु भनी सुनाई दिनुपर्छ। त्यस्को तैकातभएपछिभागबंडा पाउँने ठहरे जाहेर गर्नु पर्छ। नपाउने नै ठहरे नीजको उजुर तामेल गर्नु पर्छ।

माझकिरातका बिस्बुले

सुबांगी पगरी पाउँदैन । कोपट्जग्गा पनि चढाउनु पर्दैन । यसबाट भागबंडा फोरी पगरीपाउँ भनेमा सो भागबंडा पाउने हो होइन कति पाउने हो खुलाई लिई पाउने भएमा श्री५ सरकारमा लाग्ने सलामी मो.रु ५०। श्री ३ महाराजमा लाग्ने सलामी मो.रु. १। श्री कम्यांडर-इनचीफमा लाग्ने सलामी मो.रु १। समेत जम्मा मो.रु.५२। असूलगरी आम्दानी बाँधी सो पगरी गरिदिन पहाड्बन्दोबस्त रिपोट् फाँट्मार्फत जाहेर गर्नु पर्छ। सो जिल्लामा पगरीको लालमोहर हुँदैन। रुका दस्तखत सनद भई सो र तेरीजसमेत पाहाड् बन्दोबस्त रिपोट् फाँट्बाट भई जिल्ला गोस्वाराबाट नीजले पाउँछ । सो पाएपछि नीजका भागजतिको नीजजिम्मा गरी बाली तहसील गर्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पल्लोकिरातको रिपोर्ट्को ढाँचाः—

पल्लोकिरात १३ थुम मालअड्डाबाट चढाएको रिपोर्ट्—

उप्रान्त हाम्रा यस पल्लोकिरातका थिति बमोजिम रु. १५। उठतीहुने कीपट्मुरी।३० र बाहाली सलामी समेत सरकारमा चढाउँ छु पुरानिया सुब्बा जगरूप मर्दा छोरा हर्कध्वज लिम्बुबाट फुटी नया राइ पगरीको भागवंडाको लालमोहर तेरीज गरी पाउँ भनी याँरुप फावाखोलाको बजिथोक बस्ने मनरथ लिम्बुको २००२ साल भाद्र ३० गते ७ मा चढाएको विन्तिपत्रमा ऐनसवालबमोजिम गर्नु भनी तोक प्रमांगी भइआएको र खोलुवा बयान समेत गरेकाले पुरानिया सुब्बा वुझेमा मबाट फुटी अंशपाउने हकवाला हुनाले तपसिलबमोजिम्को भागवंडा गरि दिएकोछ मेरा जिम्माबाट कट्टागरी नीज मनरथका नाउँमा लालमोहर तेरीज गरीदिएमा मंजुर छ भनी सुब्बा गजरुप मर्दा छोरा हर्कध्वज लिम्बुले भागवन्डाको कागज लेखिदिएको र पुरानियाले भागवंडा गरिदिएको लिनामा मंजुर छ थिति बमोजिम मिह्लापाउने ३ घरमा मेरा बाजे लछपति कारवारी मिह्ला रु. ३। मा ५० सालमै दर्ता भएकोले मिह्लागर्नु नपर्ने र जीत बहादुर लिम्बु डोके रु. ६।५० दर्ताहुनेमा बढघरबाट हाल कारबारी हुँदा रु. ३।१० कट्टागरी रु.३। मा दर्ताहुने र अटल बहादुर डोके मोहरु६।५०दर्ताहुनेमा हाल बढ्बाट वुढौलीहुँदा रु. ३।१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कट्टागरी रु.३।मा दर्ताहुने र मैले चढाएको कीपट खेतबाट रु.१५। समेत जम्मा रु.२१। एक्काईस रुपैया सालबसालीमा र बाह्ाली सलामी मोहरु४२। बयालीस रुपैयासमेत सरकारलाई फाइदाहुन्छ भनी नीज मनरथ लिम्बुको मंज्जुरी र कीपट खेत मुरी ।३०समेत नापजाँच भइ आएको देखिएकाले सो राइएगरीको लालमोहर तेरीजलाई जाहेरगरे हुने देखिनाले यस मालका नाउँमा भएका २००० साल श्रावण १० गते १ मा सदर भएका तोकसदरबमोजिम नीज नयाँ हुने मनरथका नाउँमा २००३सालका बालीदेखि दामकामगर्ने बाह्ाली पुर्जि गरिदिई नीज मनरथले चढाएको कीपट् खेतको रु.१५। बढघरको रु.६। समेत जमारु.२१। ढरौटीमा र लालमोहर तेरीज बाह्ाली दस्तुर सलामी मोहरु ५८। सदर स्याहामा २००३।४।८।३ मा आम्दानी बाँधिएकाले यस विषयको कागज यसैमा नथी गरी जाहेरगरेकाछौं यस पल्लोकिरात॰का थिती र सवालबमोजिम नयाँहुने मनरथले चढाई नापजाँच भइ आएको कीपट्खेत रैकरमा दर्तागरी नीज पुरानिया सुब्बा गजरुप मर्दा छोरा हर्कध्वजले भागवंडा गरिदिएको तपसीलका घरखेत नीजका जिम्माबाट कट्टागरी नयाहुने मनरथका नाउँमा लगतकसी तपसीलका खेतपाखाको तीरो असूल हुनेगरी छुट्टै जिम्मावाली मालमोहर तेरीजगरिदिनु भन्ने र ढरौटी रहेको २००३ सालको खेतपाखाको तीरो रु. २१। सदर स्याहा दर्तागरी नयापट्टि सरुवा भइ गएको पाखाघरको मोठ नम्बरीमा जनाई सो बाह्ाली पुर्जि गरिदिएको समेत सदरगरी दिनु भन्ने समेत जो चाहिने बेहोराको पाहाड् बन्दो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बस्त रिपोट फाँट्का नाउँमा यही रपोट् सदरगरी बक्सनुपर्न ठहराई जाहेर गरेकाछौं जोमर्जि हुकुम्।

तपसील

असामी घर.सेर्मा.सा. फा. झारा.वेटी.मेगजिन्. जम्मा रु.

नयाराई मनरथका नाउँमा तेरीजहुने

५० साल साविक घर

कालछपति मिह्लामा दर्ता भएको

नीज मर्दा नाति मनरथ लिम्बु

राइपगरी हुने १। – २ – × – १। – × – × – ३।

थरी रनविर विष्टपट्टी

नैन सिं विष्ट १ को १। – ।७ – ।७५ – × – × – १।८२

८२ सालतकका मोठ

थरी खडनाथ पाध्यापट्टी

मंखंवु १ को १। – ।७ – ।७५ – ।१० – ।८ – २।९

जैकृष्ण पाध्यां १ को १। – ।७ – × – × – × – १।७

जैनारायण पाध्या १ को १। – ।७ – × – × – × – १।७

जितवहादुर

बुढाछेत्री १को १। – ।७ – ।७५ – × – × – १।८२

कृष्णलाल खरेल १ को १। – ।७ – × – × – × – १।७

५० साल जाँचपछि हालदर्ता हुने बढ घर

जीतबहादुर लिम्बु डोके

रु. ६।/१० दर्ताहुनेमा

कारवारीहुँदा. १ – २। – × – १। – × – × – ३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अटलबहादुर लिम्बु
डोके रु. ६।५० दर्ता
हुनेमा बुढौली हुँदा १ - २। - x - १। - x - x - ३।
असामी खेत ठेक रु.

राइगीरीमा चढाएको कीपट
खेत रैकरमा दर्ता हुने

मूलबाटो पश्चिम मनरथको किपटखेत दक्षिण हर्कध्वजको कीपट् खेत पुर्व जरेदुंगा उत्तर यति ४ किल्लाभित्रको जिउनी भन्ने खेतको लेखिएकोमा कोलबोटेखेतको मोही नीज मनरथ जीतबहादुर अटलबहादुर लिम्बु ।३० -१५।

कीपटखर्क

सीकैजा किपट खर्क १

हाकिम ना. सुब्बा देवीप्रसाद खन्याल १

त. ना. डी पहलमान कट्टुला १

इति संवत् २००३ साल श्रावण ९ गते रोज ४ शुभम्

पगरीपाउनेलाई हुने लालमोहरको नमुनाः—

स्वस्तिश्री गिरिराज चक्र चुडामणी नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोर्खादक्षिण बाहु महाधिपति श्री मन्माहाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीर विक्रम जङ्गबहादुर शाह बहादुर शमशेर जङ्ग देवानाम् सदा समर बिजयिनाम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगे पल्लोकिरात याँरूप फावाखोलाका बजांथोक बसे अनत्थ लिम्बुके पाहाड बन्दोबस्तलाई भएको सवालबमोजिम सलामी मोहरु ३२। र मोहरु १५। उठतीहुने मेरो शुद्ध कीपट तपसिल बमोजिमको खेत ।३० तीसमुरी सालको बालीदेखि पाहाड बन्दोबस्त रिपोटफाँट मार्फत सरकारमा, चढाइ दसलिम्बुवान्सह मिहा घरलिई पुरानिया सुब्बा गजरूप मर्दा छोरा हर्षध्वज लिम्बुबाट फुटाई नया राइ पगरीपाउने हुँ भनी तैंले श्री मदति प्रचण्ड भुजदण्डेत्यादि ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा अतुल जोतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोर्खादक्षिण वाहु पृथुलाधिश नेपाल प्रतापवर्द्धक श्रीश्रीश्री महाराज पद्म शम्शेर जङ्ग बहादुर- राणा जी. सी. यस. आई.,जी.वी. इ., के.सी. आई.ई., यस.टी. आर. के. सैनिक दीर्घसेवा पट्ट, आनरेरी लेफ्टेनेन्ट जनरल वृटिस आर्मी, आनरेरी कर्णेल अफ अल दि गोर्खा राइफल रेजिमेन्ट अफ दि इन्डियन् आर्मी, प्राइम्मिनिष्टर. याण्ड सुप्रिम कम्याण्डर-इन-चिफ र श्री मद्राज कुमार कुमारात्मज श्री सुप्रदिप्त मान्यवर नेपालतारा सुविख्यात त्रिशक्तिपट्ट सुप्रसिध्द प्रवल गोर्खा-दक्षिण वाहु कम्याण्डर-इन-चिफ जनरल मोहन शमशेर जङ्ग बहादुर राणा जी. सी. आई. इ. जी. बी. इ. सैनिक दीर्घसेवा-पट्ट, आनरेरी कर्णेल वृटिस आर्मी मार्फत हाम्रा हजुरमा बिन्तिपारी मोहरु१५। उठतीहुने तेरो कीपट तपसील बमोजिमको खेतमुरी ।३० तीस २००३ सालका बालीदेखि बालीआउनेगरी पाहाड बन्दोवस्त रिपोट् फाँट मार्फत दर्तागराएको र सलामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोहरु ३२। वत्तीस रुपैया वुझाएको हुनाले तँलाई राइपगरीको लालमोहर गरी वस्यौं तेरा पिता पुर्खादेखि खाई चर्चीवेहोरी आएको घरघडेरी वारीस्वारा खर्क नीज कुटाकोदालाले विहाएको खेत तीत्या महभीर दसलिम्वुवान्का राइले खाइ आए वमोजिम तीरोभरोगरी रैती राजी राखो अवाद गुल्जार गराई हाम्रा नीमकको लोझो चिताइ दामकामगरी आफ्ना खातीरजामासँग राइपगरी जानी भोग्यगर।

तपसील

असामी	खेत ठेकरु.
मूलबाटो पश्चिम मनरथको कीपट् खेतदेखिन् हर्कध्वजको कीपट् खेत पुर्व जरेढुङ्गा उत्तर यति ४ किल्ला भित्रको जीउनी भंन्ने खेत लेखिएको काल्त्रोटे खेतको मोही नीज मनरथ जीतवहादुर अटलवहादुर लिम्वु	।३०--९५।

इति संवत् २००३ साल गते रोज शुभम्

नगराको लालमोहरः—

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोर्खा दक्षिण वाहु महाधिपति श्री मन्माहाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीर वीक्रम् जङ्गवहादुर शाहवहादुर शमशेर जङ्ग देवानाम् सदासमर विजयिनाम्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगे पल्लोकिरीत याँरूप फावाखोलाका वजाथोक वस्ने मनरथलिम्बुके अरू लिम्बुवानका राइले नगरापाएवमोजिम मैले पनि नगरा पाउँ भनी तैले श्री मदतिप्रचण्ड भूजदण्डेत्यादि ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा अतुलजोतिर्मय त्रिशक्ति-पट्ट अतिप्रवल गोर्खादक्षिणवाहु पृथुलाधिश नेपालप्रतापवर्धक श्री श्री श्री माहाराज पद्मशमशेर जङ्गवहादुर राणा जी. सी. यस. आई. जी. वी. ई. के. सी. आई. ई. यस. टी. आर. के, सैनिक दीर्घसेवापट्ट, आनरेरी लेफ्टेन्ट जनरल वृटिश आर्मी, आनरेरी कर्णेल अफ अल दि गोर्खाराइफल रेजिमेन्टस् अफ दि इन्डियान आर्मी प्राइम्मिनिष्टर याण्ड सुप्रीम कम्यांडर-इनचीफ र श्री मद्राज कुमार कुमारात्मज श्री सुप्रदिप्त मान्यवर नेपाल-तारा सुविख्यात त्रिशक्ति पट्ट सुप्रसिद्ध प्रवल गोर्खा दक्षिणवाहु कम्यांडर-इन-चीफ जनरल मोहन शमशेर जङ्गवहादुर राणा जी. सी. आई. ई. जी. वी. ई. सैनिक दीर्घसेवा पट्ट, आनरेरी कर्णेल वृटिस आर्मी मार्फत हाम्राहजुरमा चिन्तिपार्दा अरू लिम्बुवान सहु तैले पनि नगरा कमाइ हाम्रो जङ्गी कामचल्दा भारादार-का साथ लागी नगरावजाउनु भनी नगरा वक्स्यौं आफ्ना खातिर जामासंग हाम्रो नीमकको सोझोचिताइ नगरावजाउने कामगर इति संवत २००३ साल गतेरोज शुभम्—

—(०)-[s]-(०)—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्रेस्ता गर्ने कुरा

नेपालका माल र पाहाड मालको स्रेस्ताहरूमा कोही स्रेस्ताको ढाँचा रुल केही फरक फरक छ। सो स्रेस्ता फरक भए पनि जगा लगत कसीने मिहा मौजरा गर्ने समेत सबै एकै किसिमबाट हुन्छ। त्यो स्रेस्ता अवस्था अनुसार बराबर ढांचा किसिम बदलिने निकासा भइ बदलीने पनि गरेको छ। यस्त हाल चल्ती भएको स्रेस्ताको ढाचा रुल लेखिएको छ। मालको मुख्य जग्गाको बाली तीरो असूल गर्ने कामहुनाले सो जग्गाको लगत कसिने स्रेस्ता नम्बरी मोठ नै हो। त्यसैबाट सालिन्दा तहसील गर्ने लगत र तहसील भएको स्याहा ढपोट् मास्केवारी र पजनी कागज समेत इत्यादि स्रेस्ता खडागर्नु पर्छ।

नम्बरी खडागर्ने

छापेआएकोमा गर्ने

जागीरदारका खांगीमा दर्ता भइरहेको जगा खांगीबाट झिकिएको र जग्गा दबोट्को उजुरपरी रैकर हुने ठहरेको समेत जग्गा धुरी माल दर्तागर्न पठाउनलाई जुन अड्डाबाट भए पनि पाहाड् बन्दोबस्त लगत फाँटमा लगत दिनुपर्छ। सो लगत फांट्बाट जुन माल इलाकाको जग्गा हो सो मालमा लगत कस्न पठाएकोलाई छापे भइ आएको भन्दछन्।

छापे भइआएको जग्गा कुन मौजा जिम्माको हो पत्तालगाई खेत भएमा सो मौजाका जिम्मावाल झिकाई सो जिम्माको झुचा वैरीज (माहाजाँचले जिम्मावाललाई दिएको जग्गाको लगत)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिडाई हेरी झुत्तातेरीजमा लेखिएको र छापेमा लेखिएको तीरो घटीबढीपरी फरकपरेमा झुत्तातेरीज बमोजिम र छापेबमोजिमको तीरो लेखी दुबै नम्बरी दर्ता गर्नुपर्छ। त्यस्ता छापे बमोजिम नम्बरीगरेको दोभरालाई जाहेर गर्नुपर्छ । मिलेकोमा सो छापेबमोजिम नै नम्बरीमा दर्ता गरी जीम्मावाललाई तहसील गर्ने लगत दिनुपर्छ । पाखातर्फ भए सो मोजामा कारिन्दा खटाइ पठाइ खांगीमा छँदा जुनजुन रकम तीरीबुझाइ आएको छ सो तिरी बुझाई आए बमोजिमको रकम तिरोलगाई घरदरको मुचुल्का खडा गरील्याएपछि सो बमोजिम नम्बरी गर्नुपर्छ। नानंबरी दर्तागर्दा छापे पुर्जिमा लेखिएको वेहोरा र पाखामा लेखिएको अंकसमेत सबै वेहोरा लेख्नुपर्छ । सो लेखिएकोलाइ नै कचवेहोरा भन्दछन् ।

छापे आएको जग्गामा कुनैमा तीरो लेखिएकोमा अधिया जनिएको पनि हुन्छ । त्यस्ता कारिन्दा खटाइ सो जग्गाको चौतर्फी आठा वुझी चौतर्फीको आठामा जुन बढी तीरो लागेको छ सोही दामासाहीवाट सो जग्गामा पनि तीरो लगाइ नम्बरी गर्नुपर्छ ।सो अधिया जनिएको आठा वुझदा सो अधिया जनी तीरो लेखिएकोमा सोही तीरो बढी भए सो नै कायम गर्नुपर्छ। सो आठा वुझेको मुचुल्का पनि खडा गरी ल्याउनु पर्छ ।

छापे आएका जग्गा आफ्ना इलाका मोजामा पत्ता लाग्न सकेमा पत्ता नलागेको भनी नम्बरी खडागरी पठाउनु पर्छ। त्यस्तो जग्गा वेपत्ता विषयमा कारवाइ गर्ने सवाल बमोजिम कारवाइ गरी ६ महीना भित्र जाहेर गर्नु पर्छ । त्यस्तो पत्ता लाग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नसकेको नाउ पाहाड् बन्दोस्त लगतफाँट्लाई पनि दिनुपर्छ।

छापे आएको नम्बरीमा दर्ता गरी नल्याएमा बहीवुझ्नेको १२ नम्बरको दफाका ऐनबमोजिम १ साले लगतको सैकडा रु ५। का दरले र हाल मोही नलेखी ल्याएमा खलापिछे रु. ।५० का दरले जरीवाना पाहाड् बन्दोबस्त लगतफाँटबाट गरी पठाउँछ।

पाखा जग्गा छापे आएकोमा छापेमा लेखिएको अङ्क-भन्दा घरदर गर्दा घटी हुन आयो भने जति ठहरेको छ उति दर्ता गरे हुन्छ। घटी भएको मोहा गराइ रहनु पर्दैन।

अड्डैबाट दर्तागर्नं,

मालमा नै जग्गा अबाद गर्न पाउँ भनी मानिस आइ दर्खास्त दिई दर्ताहुने ठहरेको जग्गालाई हाल अवादी जग्गा भन्दछन्।

नयाँ अबाद गर्नपाउँ भन्ने दर्खास्त विन्तिपत्र अन्त अड्डामा दिई सो अड्डावाट आएको र हुलाकवाट मालमा नै पठाएको औ अवाद गर्न पाउँ भनी मालमा नै दर्खास्त दिई सो दर्खास्तवाला-लाई सरजमीन गर्न तारेख तोकी दिएकोमा त्यो तारेख गुजारे-कोमा जरीवाना गरी त्यस्ता दर्खास्तहरू खारेज गरी दिनुपर्छ

मानिस आफै मालमा हाजिर भई रु. १। दस्तुर तिरी हाल अवाद गर्नपाउँ भनी दर्खास्त दिन आएमा जग्गाको ध-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किल्ला माफी माग्ने साल जिल्ला मौजासमेत खुलाई २ प्रति दर्खास्त लेखाई लिई १ प्रतिमा अड्डाको निस्सा लगाई सो दर्खास्तवालालाई दिनुपर्छ । १ प्रति अड्डाले लिई दर्ता पंजिकामा दर्ता गरी राख्नुपर्छ ।

दस्तुर तिरी दर्ता गरेको दर्खास्तको कारवाइ गर्दा "यो जग्गा हाल अवाद गरी दर्ता गरी पाउँ भनी यस्को दर्खास्त पर्न आएको छ त्यस्मा कसैको हक अथवा सन्धीसर्पनसमेत पर्ने भए १५ दिनभित्र उजुर गर्न आउनु" भन्ने सा जग्गाभएका मौजामासमेत म्याद टाँसिदिनुपर्छ ।

त्यो म्याद भित्र कसैको उजुर पर्न आयो भने जग्गा विहाउनेका ४ नं. का ऐनले बिराउन नहुने भने उजुरी भएमा मालबाटै तैकातगरी अवादगर्न हुने ठहरे अवाद गर्न पाउने र अवादगर्न नपाउने ठहरेमा सजाय गरी अवाद गर्न नपाउने गरी फैसला गर्नु पर्छ । सो ऐनमा लेखिएका किसिम बाहेकको उजुर परेमा ३५ दिनभित्र इलाका अदालतमा नालेस गर्न जानु भनी सुनाई दर्खास्त मुल्तबीमा राखी सो नालेस परी छिनिएपछि ठहरे बमोजिम गर्नु पर्छ ।

त्यो टाँसिएको म्यादमा कसैको उजुर नपरेको र बुझिदा दर्ताहुने ठहरेकोमा समेत सरजमिनमा नाप जाँच घरदर गर्न गौंडा गोस्वाराबाट हुद्दा दर्जासम्मको १ जना साछी लिई अड्डाको कारिन्दा हुद्दा सिपाहीसमेतलाई नापी गर्ने जंजीरसमेत दिई पठाउनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खेतमा जंजीरबाट नापजाँचगरी आएको अर्दतुलबाट माटो मुरी या रोपनी निकाली नापी मुचुल्का खडागरी त्यसमा तीरो लगाउँदा जग्गाको किसिमअनुसार तीरो ठेक्ने सवाल भएको जिल्लामा सो जग्गाको किसिम विचार गरी सो किसिममा लाग्ने सवालमा लेखिएको तीरोको हिसाबबाट ठहरेको जग्गामा लाग्ने तीरो लगाउनुपर्छ । आठासह वा यति नै तीरो लगाउनु भन्ने सवाल भएका जिल्लामा आठा बुझ्नुपर्नेमा नजीक जग्गाको तीरो समेत बुझी सो बमोजिमका दरले ठहरेका जग्गलाई ठहर्ने तीरो लगाउनुपर्छ ।

खेतमा किसिम छुट्याउने रूल

सबै जग्गामा कुलाको पानीले पाट्ने कुलो नभए पनि झरना भल लाग्ने १ बाजी लगाएको पानी ३।४ दिनसम्म अड्ने माटो असल रसीलो भएको हिउँदे वर्षे दुवै बाली वा धानबाली लाग्ने रोपनी १मा घटीमा ३।१० तीनमुरी दसपाथीसम्म फल्ने जगा अवल हुन्छ । १

कुलोझरनको पानीले ४ खण्डको ३ खण्डसम्म पाट्ने १ बाजी लगाएको पानी २।३ दिनसम्म अड्ने केही उटक भए पनि माटो असल रसीलो भएको हिउँदे वर्षे दुवै बालो वा धानबालो लाग्ने रोपनि १ मा धान मुरी ३।१० भन्दा घटी मुरी २।१० दुईमुरी दसपाथीसम्म फल्ने जग्गा दोयम हुन्छ २

कुलोझरनको पानीले आधीसम्म पाट्ने १ बाजी लगाएको पानी १ दिनसम्म अडिने केही बालुवा मिसिएको भए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माटोमलीलो भएको हिउँदे वर्षे दुवै बाली वा धानथाली सम्म लाग्ने रोपनी १ मा धानमुरी २।१० भन्दा घटी १।१५ एक मुरी पन्द्र पाथीसम्म फल्ने जग्गा सीम हुन्छ ३

केही कुलो झरन मल लाग्ने वा जम्मै वर्षादका भरले रोपिने वालुवा दुंग्यान,जमीन भई लगाएको पानी चाँडो सुक्ने निरस सुखा माटो भएको हिउँदे वर्षे दुवै वाली नलाग्ने रोपनी १ मा धानमुरी१।१५ एकमुरी पन्द्र पाथी भन्दा घटी फल्ने जग्गा चाहार हुन्छ

पाखा जग्गामा नेपालको ४ मालमा खेतसह नापजाँच गरी किसिंमसमेत जाँची छुट्याइ नापीमुचुल्का खडागरी किसिम अनुसार तीरो लागाउनुपर्छ। पाहाड्मालमा बीजको हिसा-बबाट तीरोलागेको जिल्लाभए बीजको अङ्क खुलाई सो जग्गा कुन किसिम हो सो हेरी कायमगरी सो किसिममा बीजबाट जति तीरो लाग्छ लगाई नापी मुचुल्का खडागर्नु पर्छ। हल, पाटे कोदाले, कुटे, र फट्केको हिसाबबाट सेर्मा तीरोलाग्ने जिल्लामा कुन किसिमको हो हेरी जाँची सो मौजामा जुन किसिमलाई जति तीरोलागी आएको छ सोहीदरले तीरोलगाई मुचुल्का खडागरी दर्ता गर्नु पर्छ। घर धुरीसमेत खडा भएकोमा त्यस जिल्ला मौजामा घर धुरीलाई लाग्ने रकम र जातलाई लाग्ने रकमसमेत लगाई सो मुचुल्कामा नै लेखील्याई दर्तागर्नु पर्छ।

नेपालको पाखा जग्गाको किसीम छुट्याउने रूल

असल मलिलो माटो भई घैया लाग्ने भए पनि रोपनी १ मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उब्जा बाली १।५ एकमुरी पाचपाथीसम्म हुने जग्गा "अवल" १
हुन्छ ।

माटो असल भएको रोपनी १ मा बाली मुरी १।५ देखि घटी पाथी ।१५ सम्म उब्जाहुने जग्गा "दोयम्" हुन्छ २

बालुवा ढुंग्यान किसिमको माटो भए पनि १ मा पाथी ।१० दससम्म उब्जाहुने जग्गा "सीम" हुन्छ ३

माटो कमसल बालुवा ढुंग्यान भीर पहरो भएको रोपनी १ मा पाथी ।१० भंदाकम उबजाहुने जग्गा "चाहार" हुन्छ ४

पाहाड् मालमा पाखा जग्गामा बीजबाट तीरोलगाउँदा छुट्याउने काइदाः—

जग्गा असल गोरू जोत्नहुने लेख जग्गालाई "हलेवीज" को तीरो लाग्छ १

कमसल जग्गा गोरू जोत्न नहुने कोदालोले खन्नुपर्ने लेख जग्गालाई "कोदालेबीज" का तीरो लाग्छ २

जग्गा असल गोरूजोत्नहुने वेसी जग्गालाई हलेवीज को तीरो लाग्छ ३

कमसल गोरूजोत्न नहुने कोदालोले खन्ने वेसी जग्गालाई कोदाले बोजलाग्छ

हलपाटे कोदालेका हिसावबाट तीरो लाग्नेमा छुट्याउने काइदाः—

१ हल गोरूले दिनभरीमा जोत्नसक्ने जग्गालाई "हल" को तीरो लाग्छ १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१ हल गोरुले दिनभरीमा जोत्नसक्ने जग्गाको आधो जग्गालाई " पाटे " को तीरो लाग्छ २

मानिसले कोदालोले दिनभरीमा खनिसक्ने जगालाई " कोदाले" को तीरो लाग्छ ३

सारै थोरै जग्गालाई "कुटे " तीरो लाग्छ (यस्तो सल्यान प्युठानतर्फमात्र लागेको छ) ४

आफ्नो घरबारीको खायलभन्दा अन्तै छुट्टै पाखो जग्गा अवाद गरेकोलाई " फटके " भन्ने नाम रही सो दामासाहीबाट जग्गा हेरी तीरो लाग्छ ५

घरधुरी जातलाई लाग्ने रकम

सबै जातलाई सबै जिल्लामा घरही " साउने फागु " भन्ने लाग्छ १

कुनै जिल्लामा सबै जातलाई "सर्वचन्द्रायण" वेठी "वलक" भन्ने इत्यादि रकम् लाग्छ

कुनै कुनै जिल्लामा ब्राह्मण, रजपुत, तालुकदार राडी टुहुरा जागीरदार र अघिदेखि तीरो नआउनेलाई बाहेक अरूलाई "झारा" रकम लाग्छ ३

तालुकदारलाई टीको सलामी समेत रकमहरू लाग्छ ४

कामी जातलाई "ताल" रकम लाग्छ ५

सार्की भोटे जातलाई "छही" रकम लाग्छ ६

जग्गा नहुने घरसम्म भएका सुकुमवासीलाई "साउनेफागु" मात्र लाग्छ ७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिम्बु जातलाई "थीती" रकम लाग्छ (इलाममा छ) ८

नया घट्ट दर्ताहुने आएकोमा टाँस सरजमीन सबै गरी दर्तागर्न हुने भएमा बाह्रैमहीना चल्नेलाई "अवल" आठमहीना चल्नेलाई 'दोयम' छमहीना चल्नेलाई "सीम" ४ महीना चल्नेलाई "चाहार" किसिम कायम गरी मालका हाकिमका तजबीजले सवालमा लेखिएको दरबन्दीबमोजिम् जति तीरो लगाउनु पर्छ लगाई पाखा नम्बरीमा नै दर्तागर्नु पर्छ । त्यो घट्ट दर्ता भएको १० वर्ष पुगेपछि कतिसम्ममा कबुलहुन आउँछ भनी बढाबढ-को तारेख मुकर गरी बढीमा सकारहुन आए सोही बमोजिम् दर्तागर्नु पर्छ ।

छापेबाट र हालअबादीबाट मात्र जग्गा दर्ताहुन आउँदैन । अरू हरएक किसिमबाट मालले नै दर्तागर्नुपर्ने पनि पर्न आउँछ । त्यस्तो अरू किसिमबाट दर्तागर्नपर्ने हुन आएकोमा जाहेरगरी निकासालिई दर्तागर्नु पर्नेमा जाहेरगरी निकास भएपछि दर्तागर्नु पर्छ । अड्डैबाट दर्तागरे हुनेमा अड्डैबाट दर्तागरे हुन्छ । त्यो दर्तागर्दा खेतभए खेततर्फको र पाखातर्फको नम्बरीमा जग्गाको चौतर्फी किल्ला हाल मोही माटो तीरो बालीआउने साल र दर्तागर्नु पर्ने कारण (कचबेहोरा) खुलाई दर्तागर्नु पर्छ । त्यसमा अघिदेखी खाइआएको र माहाजाँचले लगतकट्टा गरेको खोलोखस्ती सकार हुनआएकोमा जग्गा बिहाउनेका नम्बरका ऐन बमोजिमगरी आठासह तीरोलागाइ दर्तागर्नु पर्छ ।

जुनसुकै कुराबाट दर्ताहुनेगरी जग्गा नापी घरदर भएकोमा नापी घरदरको मुचुल्का खडागरी त्यस्मा सो दर्ताहुने जग्गाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चौतर्फी किल्ला जग्गाको नाम सो नापीगर्दा ठहरेको अर्दतुल माटो रोशनी किसिम तीरो घर धुरीमा लाग्ने रकम मोहीको नाम अवादगरेका साल बालीआउने सालसमेत खोली साधस-धियार तालुकदार र जग्गा जाँचनजाने कारिन्दा हुद्दा सिपाही साछीको समेत सहीछाप गर्नु पर्छ ।

हाल अवादी गरेको जग्गाको ४ सालको बाली र पाखा जग्गामा आफ्नै तर्फबाट खर्चलगाई कुलोबनाई खेत अवाद-१० सालको बाली माफी पाउँछ । ताहाँसम्म सो जग्गा ढरौटी नम्बरीमा दर्तागरी राखी बालीआउने सालमा सदर नम्बरी दर्ता गर्नु पर्छ ।

गौचरनलाई रहेको जग्गआ वाद गर्न दिएको ठहरेमा मालको हाकिमलाई मोहरु ५०। जरीवाना हुन्छ ।

जुन सालमा परेको दर्खास्त हो सोही सालमा अड्काउ कारणले रहेका बाहेकजाँची दर्तागरी सिध्याउनुपर्छ । नत्र फि दर्खास्तको मोहरु १। का दरले जरीवाना हुन्छ ।

नापी मुचुल्कावमोजिम जग्गा दर्ता भई सकेपछि मोहीलाई जग्गाको बाहाली चलन पुर्जि दिनुपर्छ । बाली तहसील गर्न लगत तालुक दारलाई पनि दिनुपर्छ ।

हाल अवादीको नापी मुचुल्काको ढाँचा

लिखितम जग्गाजग्गा बस्ने हामी तपसीलका मानिसहरु आगे अरू कसैको सन्धीसर्पन तागो तगारो गौचरन पानीघाट बेख बिर्ता छापमानाचावल जंगी निजामतीको खुवामा दर्ता-समेत नभएको तपसीलका ४ किल्लाभित्रको शुद्ध बैरानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पटवाँझो जग्गा विराउन पाउँ भन्ने फलाना गाउँमौजाको फलानाको दरखास्त पर्नआएकोले सो दरखास्तको जग्गा नापजाँचगरी दर्ता गर्नु पर्दा तिमी तपसीलका मानिसलाई यस डोरबाट जागामा भेला गराई सोधिन्छ कि तपसीलमा लेखिएका जग्गा कसैका सन्धी सर्पन तागो तगारो पानीघाट गौचरन पर्ने भए कुनकुन गाउँका मानिसको कुनकुन वेहोरावाट सन्धीसर्पन पर्दा जग्गा दर्तागर्न हुँदैन कसैको केही नपर्ने सुद्ध वैरानी जग्गा भै उकास भएको र सो जग्गा दरखास्तवालाका नाउँमा दर्ता गर्न र खेतअवाद गर्न हुने हो भने तपसीलका ४ किल्लाभित्रको जग्गामा तिमी साध सधियार भर भलाद्मी वसी आठा चकला छुट्याई जस्ताको तस्तो घटीबढी फरक नपारी सरकारको हानि नोक्सानीसमेत नापीवाट आएको अद्देतुल र सो जग्गा आवाद भएको भए कुन सालदेखि अवाद भएको हो भनी आज धादिङ् मालवाट खटिआएका कारिन्दा साछीसमेतले हामी तपसीलका मानिसहरूलाई जग्गामा सामेल गराई सोधनीगर्दा हामीहरूको चित्तबुझ्यो यस्मा तपसीलमा लेखिएको जग्गा हामीहरूको र अरू कसैको तागो तगारो पानीघाट गौचरन-समेत कौनै कुरा पर्दैन खास शुध्द वैरानी पट्वाँझो उकास भइरहेको जग्गा हो सो जग्गामा खेत अवाद गर्नु हुने हुदाँ तपसीलमा लेखिएको जग्गा दरखास्तवालाका दर्ता गर्न हुन्छ त्यसो हुँदा तपसीलका ४ किल्ला घुमी आठा चकला छुट्याई जस्ताको तस्तो फरक नपारी सरकारको हानि नोक्सानीसमेत नपर्ने गरी नापजाँच गर्दा आएको अद्भुत भएको र सो जग्गा अवाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नभई बाँझो नै भएकोले फलाना सालदेखि अवाद हुनेहुँदा बाली आउने सालसमेत तपसीलमा लेखी मुचुल्का खडागरी दिएकाछौं साँचो हो घटीवढी फरक पारी लेखी लेखाई सरकारको हानि नोक्सानी पारेको ठहरे ऐनसवालबमोजिम बुझाउँला भनी नापी मुचुल्का लेखी थादिङ मालमार्फत श्री ५ सरकारमा चढाञ्यूँ ।

तपसील

फलानागाउँ मौजाको जि. फलाना जिम्मा

असामी	किंसि अर्दतुल मंडी माटो	तीरो घ्यू.रु. चा.रु. मुरी धान
जी फलानाको २००२।६ ।१४।१ का दरखास्त बमोजिम २००३ सालमा अवाद हुने २००७ साल देखि बालीआउने पुर्व नीजैको खेत पश्चिम देवीबहादुरको खेत उत्तर ठाडोखोल्सो दक्षिण बाटो यति ४ किल्ला भित्रको अबारी पुछारखेत अवादगर्ने मोहीफलान-	बाहार ४-१२-४८-।	३-।३ ६-।६-।५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथीलेखिए बमोजिं ठीक दुरुस्त छ भनी सहीछाप गर्ने—

जिम्मावाल फलाना फलानाठाउँ बस्ने

सधियार फलाना ठाउँ बस्ने फलाना १

ऐ फलाना ठाउँ बस्ने फलाना १

भलादमी फलाना ठाउँ बस्ने फलाना १

कामतामेल गर्ने

धादिङ् जङ्गीपरेठ्को

कोते फलाना १

धादिङ् मालको

ना. रा. फलाना १

सिपाही फलाना १

इतिसंवत् २००३ साल गते रोज शुभम्

बाहाली पूर्जिका ढाँचाः-

धादिङ् मालबाट

फलाना ठाउँ बस्ने फलानाके पुर्जि उप्रान्त तिम्रा दर्खास्त बमोजिम नापजाँच भइआएको फलाना मौजाका जि. फलाना जिम्माको पुर्व तिम्रै खेत पश्चिम देबीबहादुरको खेत उत्तर ठाडोखोल्सी दक्षिण बाटो यति ४ किल्ला भित्रको अबारी पुछारखेत अवाद हुने गर्न पाउने नै ठहरेकोले सो जग्गाको तिमीलाई चलन् पुर्जि गरिदिनेसमेत ठहराई यस अड्डाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२००३।३।३१मा पर्चा भएको हुनाले सो बमोजिम तिम्रा नाउँमा जग्गाचलनको बाहालीपुर्जि गरिदिएको छ माथि लेखिएका ४ किल्लाभित्रको खेत ।३ को चाहार दरले कूत धान पाथी ।३।६ स्यूखानी मो.रु ।६ चारदाम रु ५ लागेको जग्गा२००३ सालका-बालीदेखि अवादगरी ४ साल माफी खाई २००७ सालका बालीदेखि लागेको कूत नोज जीम्मावाल मार्फत यस मालमा सालबसाल बुझाई खानु जग्गा बाँझो नराख्नु राखे लागेको कूत मिह्नापाउने छैनौ तिम्रो घरघरानाबाट असूलउपर हुनेछ सो जग्गा अवाद चलनगर इतिसंवत् २००३ साल कार्तिक गतेरोज शुभम्

वैशाख १ गतेदेखि चैत्र मसांतसम्ममा दर्ता हुनआएका जग्गाको नम्बरी तयारगरी जेष्ट मसांतसम्ममा हुलाकमा दाखिलगरी सक्नुपर्छ। सो नम्बरीसाथ नापी मुचुल्का इत्यादि नम्बरीमा भिडाउने मिसिल पनि पठाउनुपर्छ । सो भिडिने नापीमुचुल्का घरदर मुचुल्का २।३ सालको नंबरीमा भिडिने गरी खडागर्नु हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

आम्दानी नंबरीको ढाँचाः—

सम्वत — २००१ — साल

सरकार — श्रीश्रीश्री — ज्यू

नुवाकोट् — माल — अड्डा

सदरबाट छापे भई आएको माथ्मि हाल अवादी दर्ताहुन आएको समेत खला जग्गाको लगत नम्वरी खडागर्नु भन्ने ९।१।४।२८।१ को बक्सनिसाना सवाल र सो खडा भएको नम्वरी गाभ्नु पर्दैन दर्ताबमोजिम खडागरी दाखिल गर्नु भन्ने सनदबमोजिम खडा भएको खेततर्फको नम्वरी बमोजिम् तपसिल

तपसील

खेततर्फ

जिल्ले नुवाकोट

मौजे नुवाकोट्

जि. कृष्णबहादुर सापकोटा जिम्मा असामी | खेत धान ठेकरु. ग्यू.रु. वारु

बगत

२००१ सालका नम्बरी

पहाडबन्दोवस्त लगतफाँट्बाट आएको नीज

अड्डाका २००१।७।१ गतेका छापे बमोजिम्

ना. सु. लिलानिधिका पालाको

देहायका साल मितिका सनद तोकलप्पर फैसलाबमोजिम खारेज भएका देहायका जागीरदारका खांगिका जग्गा मध्ये अरू अरू जागीरदारका खांगीमा भर्ना हुनगएको बाहेक बाँकी देहाय बमोजिमको जग्गा देहायका सालका बाली देखि पालतहसिल गर्न लगतकस्न आएको भनी कंपूतिर्जाका कितापमा लेखिएबमोजिम् देहायका जागीरदारका खांगीमा दरिएको देहायका जग्गाको देहायका सालको बालीदेखि आलीबालीसमेत लगत कसी साल बसाल असूल गर्नु भनी इलाका

मालमा छापे लगत पठाउनु पन भनी कंपूतिजा अड्डाका हाकिम सुब्बा शंकरप्रसादले २००१।७।१४।२ मा सहिछाप गरी बुझाए-बमोजिम लगत कायम आएको

छापेमा मौजे टुलीबेसी लेखिएको

२००१।२।३ का लङ्ग निसाना बमोजिम

दो. रै. क. क. गंगाबहादुर बस्नेतका खांगी

२००१ सालदेखि बाली आउने

जुधाकोट टुलीबेसी बीमीन्या कृष्णानन्द लामीछानेको हाल मोही पद्मनिधि गजुरेल नन्दकुमारी बोकटी ।४०-१३।- ०- १।३- ।९

तेरीज

नगद रु.	३८।२२।१
धान मुरी १३। के दर ।७ ले	३७।१४।१
ड्यूबानी मो.रु.	१।३
चारदाम रु.	।९

CC-0. In Public Domain. Digitization by eGangotri

मौजे तलाखु
बी. धन लामा जिम्मा

असामी	खेत धान ठेक रु. स्यु.रु. चा.रु.
लगत २००१ सालको नंबरी ढरौटी नंबरीबाट लगत कसिन आयको सनदबमोजिम् यसै अड्डामा दर्ता २००१ सालको असार सोहि सालदेखि चाली आउने	
पूर्व भीरकुला पश्चिम ठाडो खोल्सी उत्तर रातो ढुङ्गो दक्षिण चिलाउनेको ढुङ्गो यति ४ किल्लाभित्रको लबसेबणर भन्ने खेत असार गर्ने मोही लालबीर तामाङ तलाखु कातिके चाहार तेरिख	।४।१०-।५।५-०- ।९-।५

जमा नगद रु. ।९४।२
धान ।५।५ के दर.७ ले ।८०।२
स्युवानी रु. ।९
चारदाम रु. ।५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मीह्रा नंवरी

मीह्रा नम्बरी छुट्टै खडा हुन्छ त्यसमा मालमा दर्ता भई- सकेको जग्गा आली बाली (जग्गा) को लगत सट्टा गर्नं निकाला भई आएको र अर्को जिल्ला मौजामा वा अर्को माल अड्डामा जिम्मावारी गएको खला मीह्रा लेखिन्छ।

दोभरा, वेपत्ता तेरीज वेकायम, जागीरदारका खांगीमा भर्ना हुन गएको, र विर्ता इत्यादि भै पाएकोमा मिह्रा लेख्ने सनद तोकसदर न भै मीह्रा लेखी लगतकट्टा गर्न हुँदैन।

ढपोट् मुद्दापरी एका अड्डाले रैकरगरी दर्तागरेको जग्गा अर्को अड्डाले रैकर नहुने ठहराएकोमा अदालतका तालुक- वालाका दस्तखतबाट लगत कट्टा हुन्छ।

एका जिम्मा मौजाका अर्को जिम्मा मौजामा जिम्मावारी सारेको अड्डै बाट जिम्मावारी मिह्रा लेखे हुन्छ।

अर्कै माल जिम्मा जिम्मावारी दिएकोमा पनि सो मालका भर्पाइ बमोजिम मिह्रा लेखेहुन्छ।

मीह्रा लेख्दा मीह्राको कारण सनद तोकसदर पूर्जि र भर्पाइको मिति सबै खोली लेख्नुपर्छ। अघिदेखिको बाली मीह्रा लेख्नु भन्ने भएकोमा सो बाली मीह्रा नंवरीबाट लेखिंदैन ढपोटमा मीह्रा लेख्नुपर्छ। नंवरीबाट जुन सालको नंवरीमा मीह्रा लेखिन्छ सो सालदेखि लगतमासम्म घट्न जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोहा नंबरीको ढाँचा:–

सम्बत् — २००१ — साल
सरकार--श्रीश्रीश्री— ज्यू
नुवाकोट— माल — अड्डा

खेतको मोठ नम्बरीको मोहा

जिल्लै नुवाकोट्
मौजे नुवाकोट्
जि० कृष्ण बहादुर जोस्मा
असामी

खे, धा. ग. ठे. रु; ब्यू. रु. चा. रु.

मिन्हा

तेरीज बेकायम ठहरेको बाली झाली बाली मोहा लेखी तेरीज बमोजिम बाली असुलगर्नु भन्ने २०००।११।२२ का नोक्सानबमोजिम २००० सालदेखि आली बाली मोहा लेखिन आएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्को ।

मौजे नखुलेको

स्याङ्जा मालबाट आफ्को

सेर पल्टं ५५ नं. सि खा.

४८ नं वल्लो नुवाकोट् उताना देउबऱ्या ।८० म सडकमा परेको हा. मो. लालबहादुर समेत २ मोही — ।७७-२१-।३।४-०-०१।८१।-

तेरीज बेकायम धान ।१३ मिह्ना लेख्नु भन्ने २०००।११।२२ का तोकसदरबमोजिम २००० साल देखि मीह्ना लेखिन आफ्को

७८ सालको नंवरी

छापे बमोजिम

७७ साल देखि घाली आउने

रैफ. वे नं. अ. खांगी

२०८ नुवाकोट् दुलीवेसी पंचकऱ्या ।८० म खोला अवादी जगेखत्री डुकसीं डंडपाणी पाध्याको बाजले लामीछानेको हा.मो. सनविर थापा खेत ।१५ को धान ४।८ च्यू ।५ मध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

मीह्ला नंबरीको ढाँचा:-

सम्बत् — २००१ -- साल
सरकार--श्रीश्रीश्री— ज्यु
नुवाकोट— माल — अड्डा

खेतको मोठ नम्बरीको मीह्ला

जील्लै नुवाकोट्
मौजे नुवाकोट्
जिं० कृष्ण बहादुर जोस्मा
असामी

खे, धा. ग. ठे. रु; झ्यू. रु. चा. रु.

मिन्हा

तेरीज बेकायम ठहरेको बाली आली बाली मीह्ला लेखी तेरीज बमोजिम बाली असुलगर्नु भन्ने २०००।११।२२ का नोक्सानबमोजिम २००० सालदेखि आली बोली मीह्ला लेखिन आएको।

CC-0. In Public Domain. Digitization by eGangotri

मौजे नखुलेको

स्याङ्जा मालबाट आफ्को

सेर पल्टं ५५ नं. सि खा.

४८ नं व्रह्लो नुवाकोट् उताना देउबन्या ।८० म सडकमा परेको हा. मो. लालबहादुर समेत २ मोही | ।७७-२१-।३।४-०-०१।८१।-

तेरीज वेकायम धान ।१३ मिह्ला लेख्नु भन्ने २०००।११।२२ का तोकसदरबमोजिम २००० साल देखि मीह्रा लेखिन आफ्को

७८ सालको नंवरी

छापे बमोजिम

७७ साल देखि बाली आउने

रैफ. वे नं. अ. खांगी

२०८ नुवाकोट् टुलीवेसी पंचकन्या ।८० म खोला अवादी जगेखत्री डुकर्सों डंडपाणी पाध्याको बाजले लामीछानेको हा.मो. सनविर थापा खेत।१५ को धान ४।८ च्यू ।५ मध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

मोन्ही

तेरीज बमोजिमको लगत २००० साल का नंवरीमा लगत कसी आलीवालीको लगत कट्टागर्नु भंने २०००।११।२२ का तोकसदर बमोजिम २००० साल देखि मिहा   ०-।१३ – ० – ० – ० –

---

८७ सालको नंबरी

८७ सालदेखि बाली आउने

का. पो. १३।८५ नं सी. खांगी

२७४–जुवाकोट् कानजीको १।६० मध्येदुबल हाल मोही पुर्नसिं राइ

तेरीज

$\frac{\text{।५३–१६।}}{\text{१।३०–४०।१६।४}}$ – $\frac{\text{०–०}}{\text{x–x}}$–$\frac{\text{१।३२}}{\text{३।१६।१।}}$–$\frac{\text{।५}}{\text{१०}}$

मणदी रु.		११९।८७।१
धानमुरी ४०।१६।४ को दर ।७ ले	११६।६४	
घ्यू खानी रु.	३।१३।१	
चारखाम रु.	।१०	

CC-0. In Public Domain. Digitization by eGangotri
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रैतान दर्ता

पहाड मालमा यस खलाको मोही यो भन्ने नम्बरी मोठ हुँदामा मात्र लेखिन्छ। त्यसपछि मोहिया चेज भएको दाखिल खारेज गर्ने रैतान स्रेस्ता खडा भएको छैन। नेपाल मालमा भने मोहीया रैतान दर्ता भई त्यस्मा दाखिल खारेज गर्ने; रैतान दर्ता, रैतान आवर्जे भन्ने स्रेस्ता खडा भएको छ।

नेपालका मालमा अघि जम्मै रैतान तहसील हुँदा मोहीया स्रेस्ता नभएकोबाट बाँकीरहेको बाली तहसिलगर्न सारै मुस्कील पर्थ्यो। बाँकीवाला मोही मोहीनाइकेले देखाई दिएकै भरबाट पक्राउ हुन्थ्यो। मोही पत्ता नलागेका जग्गा पनि धेरै नै रहेको थियो। ८० सालमा आफ्ना हक भोगको रैकर मालमा बाली तिर्नु पर्ने जग्गा जति आफ्ना नाउँमा ४ किल्ला खोली दर्ता दाखिल गर्नु नगरे सजाय हुनेछ भन्ने इस्तिहार जारी भई झ्यालीसमेत पिटायो। त्यस वखतमा ४ किल्ला खोली रैतान दर्ता भै रैतान आवार्जेको स्रेस्ता खडा भएको हो। त्यसपछिका नंबरीको जग्गामा पनि सोही बमोजिम दर्ता गर्ने भएको छ।

त्यो रैतान दर्तामा एउटा खला जग्गाको मोही एकै ठाउँमा लेखी रैतान दर्ता भएको छ। त्यसबाट यस खलाको मोही यो हो भनेर चेजभएको समेत जनिने भएकोबाट मोही तुरुन्त पत्तालाग्न सक्ने भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सो रैतान दर्ता भएका खलाको बाली बाँकीरहेकोमा म्यादटाँस समेत इत्यादि वेहोराबाट साबिक मोही खारेज भै हाल मोही अर्को भएमा त्यही स्रेस्तामा मालबाट जनाउनु पर्छ।

साबिक मोहीका नाउँमा दर्ता भएको जग्गा कुनै किसिमबाट अर्काको हक हुन आएमा सो हक हुन आउनेले हक भएको ३५ दिन भित्र जीम्मावाल पटवारी खडा भएका ठाउँका रैतीले जीम्मावाल पटवारीकाहार जिम्मावाल नभएकाले मालमा दर्ता गर्न आउनुपर्छ। सो आउँदा रजिष्टेशन पास भएको कागज भएकोले सो लिएर, नभएकाले हक छोड्ने र लिने २ थर आउनुपर्छ। सो बमोजिम आएमा जिम्मावाल भएकोमा जिम्मावालले सो कागपत्र हेरी नकलली कागजपत्र नभएकोमा २ थर दिने लिनेको कागज गरी मालमा दाखिल गरेपछि मालले सो बमोजिम रैतान दर्तामा दाखिल खारेज गर्नु पर्छ। जिम्मा-वाल नभै मालमा नै रैति आएकोमा सो रैतिको दरखास्त लिई कागजपत्र भएकोमा ली समेत हेरी नकल ली सो मोहीको कागज समेत गराइ रैतान दर्तामा दाखिल खारिज गर्नु पर्छ। सो म्यादमा दाखिल खारेज गर्न नआई म्याद गुजारी आएमा रु. ५०। सम्मको जग्गामा रु.१।. रु. १००। सम्मको जग्गामा रु. २. त्यसदेखि माथीको जग्गामा सैकडा रु. १। का दरले थपी जरीवाना गरी लिनुपर्छ। जिम्मावालले दाखिल खारेज गरी दिएन भनी उजुर परी ठहरेमा त्यो जिम्मावाललाई रु. १। देखि रु. ५। सम्म जरीवाना गरी दाखिल खारेज गर्न लगाउनुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रैतान दर्ताको नमुनाः—,

कीर्तिपुर माल
मौजे—आग्रा

असामी	खेत	धान	गहुँ	च्युखानी	कैफियत
८७ साल नं. रैफ ८११९।३० नं. अ. खा २५७ आग्रा प्रेमनाथ जैसी सापकोटा मोही गहत्या पुछार नारान जैशी	।१०	४।-१।-।५०			
त्यस मध्ये हाल मोही					
पूर्व खोलो दक्षिण बागमानको रैकर पश्चिम रामचाको उत्तर पोखरी यति ४ किल्लाको वतासे भन्ने खेत मोही सोनामसिं लामा आग्रा सल्ले।	।१०	-४।-२।-।५०			२००३।५।७।३ का राजीनामाबाट वीर बहादुर लामा आग्रा बतासेका नाउमा दर्ता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रैतान आयजेंको नमुना:-

मौजे-आग्रा

१५ नं. मोही सोनाम्सो लामा आग्राखल्ले

असामी	खेत धान गहुँ ज्यू रु.
२५७-८७ साल नं. रैफल ८।१९। ३० नं अ. फांगी पतासे भन्ने खेत	।१०- ४।- १।- ।५०- २००३।५।७।३ का राजीनामाबाट बिर-बहादुर लामाका २५ नं. आ. मा दर्ता गर्‍यो-

दाखिल खारेजको नमुना:-

संवत् — २००३ — साल

सरकार — श्रीश्रीश्री — ज्यू

कीर्ती — पुर — माल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीम्मावाल पटवारीहरूले गरेको नाउँसारी उजुरी दाखील खारेजको फाराम—

सोलसाल वार नं.	रैनं	खलावेहोरा	मोहो: सही छाप	श्रा. नं	रै. द.न	नामथर वतन	सही छाप	श्रा. नं.	रै.दे. नं.	नामथर वतन	मिति: हक छुटेको	दर्ता	मोठ: जग्गा देन गरेको	[illegible]	जिम्मा वा नबेग रहेको कागज	कैफियत
१	२५७	मौजे आग्रा ८७मालनं. रैकलदपट्टी १९।३०नं अ. खाँगी बतासे खेत १०कोधान ४। गहुँ १। घ्यु ५०को		१५	१	सोनाम सिंलामा आग्रा बतासे		२५	१	वीरवहादुर लामा आग्रा बतसे	२००३।५।७।३मा	२००३।१२।४मा	४९।	१।	चरायसी राजीनामा १ दर्खास्त १ सरजमीन मुचुल्का १	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लगतखडा गर्ने

लगत किताप खडा नगर्दा योसँग यो सालको यति बक्यौता त्यस्मा यति मिह्रा भई यति असूल गर्नु पर्ने भन्ने थाहा हुनसक्तैन। त्यसकारण सो असूल गर्न लगत ठीक थाहा गर्नाको निमित्त र त्यसबाट ढपोटखडा गर्नालाई समेत सजिलो हुनजाने भई सो लगत खडागर्ने गरेको हो।

पाहाड् मालतर्फ जीम्मावालका जीम्मा जीम्माबाट जम्मा लगतबाट लगतकसो असूलहुने हुँदा त्यो लगतबमोजिम ढपोट्मा नै लगत, मिह्रा, असूली, बाँकी, देखिनेहुँदा सो लगत कुमारीचोकमा दाखिल गरी रहनु पर्दैन।

नेपाल मालमा जीम्मावाल खडा भएका मौजामा समेत खला, खलाकै हिसाबबाट तहसील हुने भएको र खलाखलाकै लगत खडाभई त्यस्ता लगत बक्यौता मिह्रा असूली बाँकी लेखी कुमारीचोक दाखिल हुन्छ।

त्यो लगत किताप असूलगर्ने सुरु नहुँदै खडागरी सक्नुपर्छ। सो लगत हेरी असूल गर्नु पर्नेहुँदा त्यस्ता लगत घटीबढी र छुट हुन नपावस् भनी खुबै ध्यानदिनुपर्दछ।

त्यो लगतमा अघिल्लो सालको जग्गा बाँकी र हालको लगत लेखी त्यस्मा मिह्राभए मिह्रा कटाइ बाँकी असूल गर्नु पर्ने लेखिराखेकोमा असूल भएपछि बक्यौता मध्येको असूलभए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बक्यौतामध्ये र लगतमध्येको असूल भएको भए लगतमध्ये असूल भएको भनी असूल भएको अंक मिति चढाउँदै जानुपर्छ। सो असूली चढाउन भुल या एउटाको असूली मिहा एउटामा चढन गए बुझाउनेलाई रसीद गैसक्ने नीजको लगतमा बाँकी रहनगई बाँकी उत्रन आउँछ। त्यसबाट बाँकीमा पकाउ पर्न आउँछ। त्यस्ता गर्दा रसीद भएकोले रसीद दोभरा पर्न आउँछ। त्यस्ता फाजील देखिन न आए हाकिम तहरीर फाँटवालाले तिनु पर्ने हुनआउँछ। नबुझाउनेको लगतमा असूली चढनजाँदा निज-संगको बाँकी घट्नजाने भई निजलाई पकाउ हुने खण्ड पर्न आउँदैन। त्यसकारणले असूली मिहा चढाउँदा बहुतै होसियारसंग चढाउनुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाहाड्माबको ढाचा:-

खेतपाखाको लगत

खेततर्फ
मौजेपीहावर
असामी

	लगत	चारदाम	जम्मा	असुल फछयौंटभएको साल मिति रु
जि. पशुपति जिम्मा				
साबिक	५४१।४५ –	५।१० –	५४६।५५	
हाल	×	×	×	
जि वेदप्रसादजिम्मा				
सावीक	३५।४९ –	।५०	३५।९९	
हाल	×	×	×	

पाखाको

मौजे पीहावर
असामी

	रकंरकंको रु.	असुल फछ्यौंट्भएको साल मिति रु
(क) मु. भवनाथको वेदप्रसाद जिम्मा	३५।४९	
(ख) मु. हरीनंद जिम्मा	३०।	

...krit University, Balmeeki Campus, Kathmandu

सदर मालको रैतान लगतको ढाँचा:--	सम्बत २००३ साल
	सर्कार श्रीश्रीश्री ज्यू
